


● वर्ष १३ ● अंक ४५ ● काठमाडौं, शुक्रबार, चैत १५, २०६४ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Mar. 28, 2008 ● पृष्ठ २४ ● मूल्य रु. ८/-



# लाग्यो निर्वाचनको रन्को

● विदुर खतिवडा/दिवस गुरागाईं

## चुनावी गणित प्रारम्भ



संविधानसभा निर्वाचनको वातावरण तात्दै जाँदा अहिले अनुमानको खेती पनि चुलिएको छ। कुन दल र दलका उम्मेदवार लोकप्रिय छन् अथवा कसले कहाँबाट जित्दैछ भन्ने विषयमा सर्वसाधारण जनतासमेत छलफल गरिरहेका भेट्टिन्छन्। खासगरी राष्ट्रिय स्तरका नेताहरूको निर्वाचन अभियान र उनीहरूले गरिरहेका दावी यतिखेर चर्चामा छन्।

तराईबाहेक अन्य स्थानमा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीबीच तीव्र प्रतिस्पर्धा हुने विश्लेषकहरू बताउँछन्। निर्वाचन जोड-घटाउको यो दौडमा नेकपा एमाले अग्रपंक्तिमा रहेको बताउनेहरू पनि भेट्टिन्छन्, तर अर्को बलियो वामपन्थी दल नेकपा माओवादीले एमालेको मत काट्ने हुनाले जितको श्रेय कांग्रेसको पोल्टामा जाने अनुमान अर्काथरी विश्लेषकहरूको छ। यसअघिको निर्वाचनमा फुटेर गएको मालेले एमालेलाई हराउन पर्याप्त मत हासिल गरेको उदाहरणले पनि यसपटक नेपाली कांग्रेस नै अगाडि हुने कुरालाई पुष्टि गर्छ। 'माओवादीले सिट हासिल गर्न नसक्ला तर एमालेलाई हराउन भने सक्छ,' कांग्रेसका युवा नेता गगन थापा भन्छन्- 'यसपटकको निर्वाचन धेरै कारणले कांग्रेसका निम्ति अनुकूल बनेको छ। उम्मेदवारीका कारण दलभित्र असन्तुष्टि बढे पनि निर्वाचनपछि यो विषयमा कुराकानी गरौंला भनेर साथीहरू निर्वाचनमा सक्रिय बनेका छन्।'

यद्यपि यसपटकको निर्वाचनमा पुर्वानुमान गर्न भने त्यति सजिलो छैन। तराईमा मधेसी दलहरूका कारण कांग्रेसलाई घाटा पर्ने सम्भावना पनि त्यत्तिकै देखिएको छ। विशेष गरी कांग्रेस छोडेर गएका शीर्षस्थ नेताहरूले क्षेत्रीय दलबाट उम्मेदवारी दिएका कारण कांग्रेसलाई घाटामा पारेको विश्लेषकहरू बताउँछन्। उता प्रजातन्त्रको विषयलाई मुल मुद्दा बनाउँदै आएको कांग्रेस सदावहार दल भएकाले आगामी

पृष्ठ १७ मा जारी

● *अनामनगरकी राममाया खड्कालाई निर्वाचन हुँदैछ भन्ने थाहा भैसकेको छ, तर यो निर्वाचन पनि यसअघिका निर्वाचनझैं लागेको उनी बताउँछिन्। काठमाडौंमै बस्दै आए पनि प्रत्येक दिन अरूको घरमा भाँडा माझेर गुजारा चलाउँदै आएकी राममाया निर्वाचनपछि सत्ता सम्हाल्नेहरूले आफूहरूजस्ता गरिबका लागि केही नगरिदनेमा ढुक्क छिन्। राममाया भन्छिन्- 'निर्वाचन आएपछि मलाई पनि सुकिला मानिसहरू आएर नमस्ते गर्न थालेका छन्। निर्वाचन नजिकिँदै जाँदा नमस्ते गर्दै आउने यी नेताहरूले मेरा लागि के नै गर्छन् र? निर्वाचनको भोलिपल्टदेखि उनीहरूलाई टेलिभिजनमा मात्र देखिने हो, त्यसैले म काम गरेर पेट पाल्ने आफ्नो पेसामै व्यस्त छु।'*

● *काठमाडौं बानेश्वरमा स्टेसनरी पसल सञ्चालन गर्दै आएका हरि सुवेदी यतिखेर चितवनस्थित आफ्नो गाउँ माडी फर्कने योजनामा छन्। बिहानै पसलमा पत्रिका किन्न आउने सबैलाई तपाईं कहिले घर जाँदै हुनुहुन्छ भनेर प्रश्न गर्ने उनी आफूलाई संविधानसभा निर्वाचनको ज्ञाता भन्न रुचाउँछन्। हरि भन्छन्- नयाँ संविधान निर्माण गर्ने यो महान् उत्सवमा सबैको सक्रिय सहभागिता हुनुपर्छ, त्यसैले मैले यही साता निर्वाचनकै लागि घर जाने कार्यक्रम बनाइसकेको छु।*

● *नायक विक्रान्त बस्नेत निर्वाचनका लागि दौडाहामा सक्रिय दलीय कार्यकर्ता हुन्। आफ्नो दलको उम्मेदवारलाई कसरी निर्वाचनमा जिताउने भन्ने उद्देश्य लिएर हिँडेका नायक बस्नेत आफ्नो व्यक्तिगत जीवनलाई बिर्सिएर निर्वाचनमा होमिएको बताउँछन्। गृहजिल्ला सर्लाही पुगेका नायक बस्नेत भन्छन्- 'देशको भविष्य कोर्ने निर्वाचन भएकाले पनि यसपटकको निर्वाचनमा सबै क्षेत्र र पेसाका नागरिकले सहभागिता जनाउनुपर्छ।'*

राममाया, हरि र विक्रान्त तीन प्रतिनिधि पात्र हुन्, जसले आसन्न निर्वाचनमा आ-आफ्नै अनुभूति सँगालिरहेका छन्। यी तीन पात्र मात्र होइन, अहिले मुलुकभरकै जनतालाई संविधानसभा निर्वाचनले घप्लक्क छोपेको छ। त्यसैले सहर-बजारदेखि गाउँका स्थानीय चोकहरूमा माइकिङ र छोटे सभाहरूले निर्वाचनको वातावरणको आभास दिलाउँछन्।

संविधानसभा निर्वाचनका बारेमा जानकारी नहुनेहरू पनि निर्वाचनको चहलपहल बढेपछि आफूलाई जानकारका रूपमा उभ्याउन हरसम्भव प्रयास गरिरहको दृश्य अहिले देख्न थालिएको छ। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका २ सय ४० निर्वाचन क्षेत्रमा सञ्चालन भैरहेका निर्वाचनसम्बन्धी सभा र प्रचार अभियानले पनि निर्वाचन अभियान नागरिक तहमा पुगेको देखाएका छन्।

जनआन्दोलन-२ को सफलतापछि विकसित भएका विभिन्न घटनाक्रमसँगै मुलुक यतिखेर आफ्नो नयाँ भविष्य निर्माण गर्ने दिशातर्फ उन्मुख भएको छ। राष्ट्र सञ्चालनका निम्ति नयाँ संविधान निर्माण गरेर त्यही बमोजिमको शाशन व्यवस्था अँगाल्न पनि यो निर्वाचन सफल बनाउनुपर्ने भएकाले जनताको ठूलो हिस्सा निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न सक्रियताका साथ लागेको छ। यद्यपि अहिले पनि संविधानसभाको निर्वाचन होला र? भन्ने आशंकासहितको प्रश्न पनि नागरिक बहसको विषय बनिरहेको छ। गएको जेठ र मंसिरमा हुने भनेर

पृष्ठ ९ मा जारी




## क्यासेट

### महदोहोरी-२



हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको 'महदोहोरी-२' अडियो, सिडी तथा भिज्युअल गीतिसंग्रह दर्शक-श्रोतामाझ आएको छ। म्युजिक नेपालले बजारमा ल्याएको यो गीतिसंग्रहको भाग १ मा नीलो आँखा खैरो कपाल तथा भाग २ मा खोसिएको अधिकार, दुई चाउरेले चस्मा, तँ चोर म चोर गीत समावेश छन्। संग्रहमा शब्द, स्वर तथा संगीत मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको छ। भाग १ मा समावेश गीतको लय तीर्थ गन्धर्वको छ।

### सारथी



गीतकार आनन्द अधिकारीका गीतहरूको संग्रह 'सारथी' श्रोतामाझ आएको छ। म्युजिक नेपालले बजारमा ल्याएको यो गीतिसंग्रहमा दसवटा गीत समावेश छन्। संग्रहमा दीपा झा, शर्मिला बर्देवा, यम बराल, सपनाश्री, ईश्वर अमात्य, मनिला सोताङ, स्वरूपराज आचार्य, मनोज सेवा, कुबेर राई, पवित्रा सुब्बाको स्वर सुन्न सकिन्छ। त्यसैगरी संगीत आलोकश्री, नीरमान गुरुङ, नारायण ओली, न्हु बज्राचार्य तथा दिनेश सुब्बाको छ।

### गुनासो



गायिका सत्यकला राईको एकल गीतिसंग्रह 'गुनासो' दर्शक-श्रोतामाझ आएको छ। रन्जना म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा शब्दरचना भरत लामा, कृष्णहरि बराल, राजसागर, राजकुमार बराल, बुद्धवीर लामा, प्रेम बानियाँ, गिरिराज निरौला तथा रबिन राईको छ। त्यस्तै संगीत भरत लामा, महेश खड्का, राजसागर, गिरिराज निरौला, चन्द्रकुमार दोङ, रमेश खड्का र पविधन खालिङको छ।

## रंगमञ्च

चैत २८ गते हुने संविधानसभाको निर्वाचनबाट कोही अछुतो छैन। निर्वाचन सफल पार्न आ-आफ्ना क्षेत्रबाट सबैले काम गरिरहेका छन्। नाट्य कलाकारहरूको समूह अनाम पनि फागुनको तेस्रो सातादेखि निकै व्यस्त रह्यो। अशेष मल्लद्वारा लिखित नाटक 'मुक्ति' अनामले पूर्वी नेपालका गाउँ-गाउँमा पुर्‍याएको थियो। शनिबार झुम्कामा मञ्चन गरेपछि आरोहण गुरुकुलसँगको सहकार्यमा भएको उनीहरूको यो अभियानले विश्राम लिएको छ। संविधानसभासम्बन्धी चेतना फैलाउन सुवास थापाद्वारा निर्देशित यो नाटक सुनसरी, मोरङ र उदयपुरका सहरमा मात्र नभै गाउँ-गाउँमासमेत मञ्चन गरिएको थियो। उदयपुरको बेल्टार, मोरङको पथरीदेखि सुनसरीका सोनापुरसम्म २५ स्थानको नाट्य यात्रामा धेरै गाउँलेले संविधानसभाको महत्व र आवश्यकता बुझ्ने मौका पाए। संविधानसभामा मत हाल्ने तरिकादेखि सही उम्मेदवारको छनौटसम्म नाटकमा प्रस्तुत गरिएको थियो। धरानका पुराना तथा नयाँ कलाकारहरूको बेजोड अभिनयले पनि दर्शकहरू तानिएका थिए।

**संविधानसभा** निर्वाचनका लागि मतदाता जागरूक गराउने उद्देश्यले रसुवा जिल्लाका ग्रामीण क्षेत्रमा पुगेर आरोहण गुरुकुलले चेतनामूलक नाटक मञ्चन गरेको छ। निर्वाचन आयोगको सहयोगमा मतदाता सचेतना तथा जागरणका लागि प्रस्तुत सडक नाटक रसुवाको चिलिमे, स्याफ्रु, ठूलो मार्खु धुन्चे, ठाडे, ग्राङ, राम्चे, गोम्बोडाडा, कालिकास्थान, भोर्ले, जिबजिबे, कटुन्जे, धारापानी, पैरेबेशी, बेत्रावती आदि २२ स्थानमा मञ्चन गरिएको थियो। यसैगरी आरोहण गुरुकुल तथा नाट्य गृह नेपाल उदयपुरको सयुंक्त आयोजनामा संविधानसभासम्बन्धी सडक नाटक 'नयाँ बाटो' सगरमाथा अञ्चलका चार जिल्लाका प्रत्येक गाउँगाउँमा गएर मञ्चन गर्न थालिएको छ। हालसम्म सिराहाका २०, सप्तरीका २०, उदयपुरका २० गाउँमा नाटक मञ्चन गरिसकेको यो नाटक खोटाङका केही गाउँमा पनि मञ्चन गरिनेछ।

**– विमल खतिवडा/विष्णु तारुके**

-नाटकको माध्यमबाट जनतालाई संविधानसभाको निर्वाचनसम्बन्धी सचेतन जगाउँदै धनकुटाका नाट्यकर्मीहरू गाउँ-गाउँ पुगेका छन्। कुशुम नाट्य समूह जिल्ला समिति धनकुटाका कलाकारहरू संविधानसभा नामक सडक नाटक लिएर गाउँमा पुगेका हुन्। संविधानसभाको निर्वाचनको महत्त्व साथै डर, त्रास र पैसाको पछाडि नलागी असल उम्मेद्वारलाई जिताउन जनतालाई सचेत गराउन यो नाटक प्रदर्शन गरिँदैछ। उक्त नाटक जिल्ला २० ठाउँमा मञ्चन गरिँदैछ। यो समाचार तयार पार्दासम्म जिल्लाका १० स्थानमा मञ्चन भैसकेको र अब अन्य ठाउँमा पनि लगातार मञ्चन गरिँदै जाने कुसुम नाट्य समुह धनकुटाका जिल्ला संयोजक भिषा काफ्लेले बताएका छन्।

## ग्यालरी

-चर्चित एवं वरिष्ठ कलाकार मदन चित्रकार अहिले काठमाडौंको बबरमहल रिभिजिटेडस्थित सिद्धार्थ आर्ट ग्यालरीमा छाएका छन्। मुलुकको द्वन्द्वकालीन अवस्था चित्रण गरिएका उनका २३ वटा सिर्जना गत सातादेखि उक्त ग्यालरीमा प्रदर्शित छन्। भारतको मुम्बईबाट ललितकलाका स्नातक कलाकार चित्रकारले सन् २००५ र २००७ बीचको अवस्थालाई क्यानभासमा उतारेकका छन्। प्रदर्शित चित्रमा घरका छाना उडेका, भित्ता भत्किएका, आकाश नीलो देखिए पनि जमिन रगताम्मे भएका, डाँडाकाँडा उजाडिएका, मान्छे नभएका बस्ती आदि देखिन्छन्।

## पुस्तक

### कागजमा दस्तखत

कवि नीलम कार्की निहारिकाले रचना गरेका आठवटा लामा-छोटा कथाको संग्रह 'कागजमा दस्तखत' रत्न पुस्तक भण्डारले प्रकाशित गरेको हो। विमल भौकाजीद्वारा सम्पादित कथाहरूले आधुनिक नेपाली समाजको महत्त्वाकांक्षी युवा पुस्ताको भावनालाई प्रतिविम्बित गरेको छ। १ सय ४५ रुपैयाँ मूल्यको यो पुस्तक कथा साहित्यमा रुचि राख्ने पाठकहरूका लागि संग्रहणीय छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घटे पनि शनिबारदेखि धर्ममा रुचि बढ्ने, काममा सफलता मिल्ने तथा भाग्यले साथ दिने योग छ। अधुरा काम पूरा हुनेछन् भने नयाँ काम पनि पाइन सक्छ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। व्यवसायमा सफलता हासिल हुनेछ।

### वृष

उतार-चढावहरू आउनेछन्। काममा अवरोध आउने योग छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। बुधबारदेखि मान-सम्मान पाइने, काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ। अधुरा काम पूरा हुनेछन् भने नयाँ काम पनि पाइन सक्छ। अरूबाट प्रशंसा पाइनेछ।

### मिथुन

साता मध्यम रहनेछ। स्वास्थ्य गडबड रहनेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। रिस गर्नेहरू प्रशस्तै हुनेछन्। समयमा निर्णय नहुँदा काममा अवरोध आउनेछ। शुक्रबार, शनिबार तथा आइतबार काममा सफलता मिल्नेछ। यात्रा हुन सक्छ। भेटघाटमा प्रसन्नता एवं आम्दानी बढ्नेछ। अरूको मन जित्न सकिनेछ।

### कर्कट

मन चिन्तित रहला। काममा अवरोध आउन सक्छ। आलस्यता बढ्नेछ। कुरा काट्नेहरू प्रशस्तै होलान्। विश्वासघात पनि हुन सक्छ। झूटा आरोप लाग्ने सम्भावना छ। सोमबार, मंगलबार तथा बुधबार प्रसन्नता बढ्नेछ। काममा सफलता हासिल हुनेछ। यात्रा हुन सक्छ। भाग्यले साथ दिनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ।

### सिंह

आफन्तहरूको सहयोग पाइनेछ। काममा रुचि एवं प्रसन्नता बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। यात्रा हुनसक्छ। आम्दानी प्रशस्तै होला। भेटघाटमा रमाउने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बोल्दा विचार पुर्‍याउनुहोला।

### कन्या

सानातिना समस्या सामना गर्नुपरे पनि काममा सफलता हासिल हुनेछ। पराक्रम बढ्नुका साथै व्यवसायमा पाइने सफलता कायमै रहनेछ। आफन्तहरूको उचित सहयोग जुट्नेछ। प्रतिस्पर्धामा तपाईंकै जित हुनेछ। आम्दानी पनि बढ्नेछ। अध्ययनमा अवरोध आउने क्रम यथावत् रहनेछ।

### तुला

बोलीको प्रभाव बढ्नेछ। काम गर्ने उत्साह बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। मान-सम्मान पाइनेछ। अरुको विश्वास सजिलै जित्नसकिनेछ। धन आर्जन हुन सक्छ। ठूला व्यक्तिबाट प्रशंसा पाउने योग भए पनि घरेलु समस्याले सताउनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्।

### वृश्चिक

समष्टिमा साता राम्रो छ। मानसम्मान पाइनेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोच्ने शक्ति प्रबल हुनेछ। अध्ययन एवं व्यवसायमा सफलता हासिल हुनेछ। यात्रा एवं धन आर्जन हुनसक्छ भने घरेलु समस्याले सताउनेछ।

### धनु

समयले साथ दिनेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। यात्रा हुनसक्छ। आफन्तहरूको सहयोग जुट्नेछ। अध्ययनमा पाइने सफलता कायमै रहनेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। ठूला व्यक्तिले सम्मान गर्नेछन्। विवादमा अघि नसर्नु नै उचित हुन्छ। रिस बढ्नेछ। सफलताका लागि गोपनीयता अपनाउनुहोला।

### मकर

खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ। प्रसन्नता बढ्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरुबाट प्रशंसा पनि पाउनुहोला। व्यवसायमा सफलता मिल्नेछ। शनिबार तथा आइतबार विवाद एवं चिन्ता बढ्ने हुँदा संयमित रहनुहोला।

### कुम्भ

धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूको मन सजिलै जित्नुहोला। व्यवसायमा सफलता मिल्नेछ। सभा-सम्मेलनमा सामेल हुने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग प्राप्त हुनेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मीन

सानातिना समस्याले सताए पनि लक्ष्य प्राप्त गर्न सकिनेछ। पराक्रम बढ्नेछ भने धेरै अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। मान-सम्मान मिल्नेछ। आम्दानी पनि बढ्नेछ। व्यवसायमा सफलता हात लाग्नेछ। बिहीबार खर्च तथा चिन्ताले सताउन सक्छ। घरेलु समस्या उत्पन्न होला।

### यो साताको पञ्चाङ्ग

चैत २० गते : एकादशी, राष्ट्रिय सहकारी दिवस

# आयोगमा निर्वाचनको चहलपहल



**दुर्गा खनाल**

काठमाडौं- मुलुक अहिले संविधानसभा निर्वाचनमय भएको छ। राजनैतिक दलहरू समानुपातिक र प्रत्यक्ष सिटका उम्मेदवारी दिएपछि निर्वाचन प्रचार-प्रसारमा जुटेका छन्। चैत २८ गते गरिने निर्वाचनको सम्पूर्ण प्राविधिक तयारी पूरा गर्ने क्रममा निर्वाचन आयोग छ भने दलहरू आफ्ना उम्मेदवारलाई जिताउन आग्रह गर्दै जनताको घरदैलोमा छन्। मधेस र पूर्वी पहाडमा आन्दोलनरत समूहहरूसमेत वार्तामा आई निर्वाचनमा जाने निर्णय गरेपछि निर्वाचनसम्बन्धी अन्यौल हटी मुलुकमा निर्वाचनको रौनक छाएको हो।

संविधानसभाको निर्वाचन नयाँ संविधान निर्माणका लागि हुन लागेको हो। यो यसअघिको संसदीय निर्वाचनजस्तो होइन। त्यसैले राजनैतिक दल तथा निर्वाचन आयोगले निर्वाचनसम्बन्धी प्रचार-प्रसार र मतदाता शिक्षा अभियानलाई अहिले व्यापकता दिइरहेका छन्। आयोगका अनुसार मतदान गर्ने निम्तो गर्दै हरेक मतदाताको घरघर अहिले स्वयंसेवकहरू खटिइरहेका छन्।

'हामीले ८ हजार ५ सय मतदाता स्वयंसेवक खटाएका छौं,' आयोगका प्रवक्ता लक्ष्मण भट्टराई भन्छन्- 'उनीहरूले सबैलाई संविधानसभा निर्वाचनका बारेमा जानकारी दिन्छन् र मतदान गर्नका लागि निमन्त्रणा कार्ड बाँड्छन्।' निर्वाचनका लागि आवश्यक सामग्रीहरू जिल्ला-जिल्लामा पुऱ्याइसकिएको आयोगले जनाएको छ।

निर्वाचन अभियानलाई सहज रूपमा सञ्चालनका लागि आयोगले स्थानीय स्तरमा राजनैतिक दल, नागरिक समाज, सञ्चारकर्मी आदिसँग छलफल पनि गरिरहेको छ। चैतको पहिलो सातादेखि मतदानको दिनमा खटिने कर्मचारी, मतदान अधिकृत, सहायक मतदान अधिकृत आदिलाई तालिम दिन थालिएको छ।

आयोगले समानुपातिक सिट र प्रत्यक्ष दुवै निर्वाचन प्रणालीका चाहिने मतपत्रको छपाइ पनि सुरु गरेको छ। गत १९ गते समानुपातिक सिटका लागि भाग लिने दलको संख्या टुंगो लागेपछि आयोगले जनक शिक्षा सामग्री केन्द्रलाई मतपत्र छपाइका लागि निर्देशन दिएको थियो। समानुपातिक सिटका लागि झन्डै २ करोड मतपत्र आवश्यक पर्ने आयोगले जानकारी दिएको छ। प्रत्यक्ष सिटका लागि पनि झन्डै २ करोड नै मतपत्र चाहिने आयोगको अनुमान छ।

आयोगको तथ्यांकअनुसार समानुपातिक सिटका लागि ५४ दल प्रतिस्पर्धा गर्दैछन् भने प्रत्यक्षका लागि ३ दर्जन दल र अन्य स्वतन्त्र उम्मेदवार मुलुकभरबाट प्रतिस्पर्धा गर्दैछन्।

समानुपातिकतर्फको ३ सय ३५ सिटका लागि ५४ दलबाट ६ हजारको उम्मेदवारी परेको छ। प्रत्यक्षतर्फको २ सय ४० सिटका लागि भने दलगत र स्वतन्त्र गरी कुल ३ हजार ९ सय ४९ चुनावमा भाग लिँदैछन्। तीमध्ये ३ हजार ५ सय ८२ पुरुष र ३ सय ६७ जना महिला छन्। कुल उम्मेवारमध्ये ८ सय १७ जना स्वतन्त्र र बाँकी दलका उम्मेदवार हुन्।

**चुनाव प्रणाली**

संविधानसभा निर्वाचनमा दुईवटा निर्वाचन प्रणाली अपनाइएको छ– बहुमतीय अर्थात् प्रत्यक्ष र समानुपातिक। समानुपातिक प्रणालीमा मतदाताले दललाई मत दिन्छन् र दलले प्राप्त गरेको मतको प्रतिशतका आधारमा कति सिट कुन दलले जित्यो त्यसको निर्क्यौल गरिन्छ। प्रत्यक्ष सिटमा भने मतदाताहरूले उम्मेदवारलाई मत दिन्छन् र जसले बढी मत ल्यायो उसले जित्छ।

दुई प्रणालीका लागि मतदान केन्द्रमा छुट्टाछुट्टै मतपेटिका र मतपत्र पनि फरक-फरक रंगका हुनेछन्। समानुपातिकका लागि हल्का रातो र प्रत्यक्षका लागि हल्का नीलो मतपत्र र मतपेटिका प्रयोग गरिने आयोगले जनाएको छ। यस पटकदेखि निर्वाचनमा प्लास्टिकका आधुनिक मतपेटिका प्रयोग हुँदैछन्। मतपेटिका प्रत्येक जिल्ला-जिल्लामा ढुवानी भैसकेका छन्। मतदानपछि पहिले प्रत्यक्ष सिटका मतगणना गरिने र त्यसपछि मात्र समानुपातिकको गणना गर्ने आयोगले जानकारी दिएको छ। प्रत्यक्ष सिटमा व्यक्तिको जित-हारको विषयमा धेरै चासो हुने भएकाले पहिले यसकै नतिजा बाहिर ल्याउने आयोगको योजना छ।

समानुपातिक तर्फको गणनापछि दलले ल्याएको मतको अनुपातमा कुल ३ सय ३५ मध्ये कति सिट प्राप्त गऱ्यो भन्ने निर्वाचन आयोगले निर्णय गर्छ। त्यसपछि सम्बन्धित राजनैतिक दललाई जितेको सिटका आधारमा सबै समूहको प्रतिनिधित्व मिलाएर बन्दसूचीका उम्मेदवारको नाम पठाउन आग्रह गर्नेछ। त्यसपछि आयोगले दलले पठाएको नामलाई विजयी घोषणा गर्ने छ।

## सम्पादकीय

# निर्वाचनमा सुरक्षाको स्थिति

राजनैतिक महत्त्वको कुनै पनि निर्वाचनका लागि शान्ति, सुरक्षा र सुव्यवस्था अनिवार्य सर्त मानिन्छ । हामीकहाँ हुन गैरहेको संविधानसभा निर्वाचन अब १३ दिन मात्र बाँकी छ । निर्वाचन आयोगको कार्यक्रमअनुसार केही दिनपछि नै निर्वाचन प्रचार-प्रसार बन्द गरिनेछ । निर्वाचन यति नजिक आइसक्दा पनि आममतदाता मतदान केन्द्रसम्म सुरक्षित रूपमा पुग्न सक्ने हुन् कि होइनन् भन्ने अन्यौल कायमै छ । मतदाताहरूले भयरहित वातावरणमा आफ्नो प्राथमिक राजनैतिक अधिकार प्रयोग गर्न पाएनन भने कुनै पनि निर्वाचनले कुनै अर्थ राख्दैन । एउटा पक्षको त्रास बोकेर अर्को पक्षलाई मतदान गर्नुपर्ने कतिपय मतदाताको मानसिक अवस्थालाई जो कसैले पनि सहजै अनुमान गर्न सक्छन् । यस्तो अवस्था सिर्जना हुन नदिन र मतदातालाई निर्भय भएर मतदान केन्द्रसम्म पुग्ने मात्र नभई आफूले चाहेको राजनैतिक विचार र व्यक्तिलाई चुन्ने अधिकारको संरक्षणका लागि सबै राजनैतिक दल समान रूपमा चनाखो हुनैपर्छ । हामीकहाँ अहिलेसम्म त्यस्तो अवस्था सिर्जना भएको छ भन्ने अनुभूति गर्न सकिएको छैन ।

निर्वाचन अनुगमनमा संलग्न संस्था 'डेमोक्रेसी एन्ड इलेक्सन एलाइन्स'ले यसै साता जारी गरेको आफ्नो प्रतिवेदनमा नेपालमा विगत तीन महिनामा निर्वाचनसँग सम्बन्धित १ सय ७० वटा हिंसात्मक घटना भएको उल्लेख गरेको छ । उक्त प्रतिवेदनमा यस्ता घटनामा परेर २० जनाले ज्यान गुमाउनुपरेको, ६ सय २३ जना घाइते हुनुपरेको र २४ जनाले अपहरित हुनुपरेको उल्लेख गरिएको छ । निश्चय पनि ती घटनामा विभिन्न राजनैतिक दलको प्रत्यक्ष संलग्नता छ । अहिले राजनैतिक दलहरू जनताको अभिमत प्राप्त गर्ने अभियानमा छन् । निर्वाचन मैदानमा रहेका आफ्ना राजनैतिक प्रतिद्वन्द्वीलाई धम्काउने, तर्साउने र मारिदिने सम्मका गतिविधिहरूले कुनै पनि राजनैतिक दलको शान्ति, निर्वाचन प्रणाली, र जनताको अभिमतमा विश्वास छैन भन्ने कुरालाई नै संकेत गर्छ ।

यस्तो अवस्थामा निर्वाचन सम्पन्न गराउनुपर्ने निर्वाचन आयोग र उसलाई सहयोग गर्ने सरकारका अन्य निकायहरूले आफ्नो गतिविधिलाई प्रभावकारी ढंगले परिचालन गरेर जनतालाई शान्ति र सुरक्षाको अनुभूति गराउन सक्नुपर्छ । यसका लागि ती निकायहरूलाई निर्वाचनको मैदानमा रहेका राजनैतिक दलहरूले पनि इमान्दारीताका साथ सघाउनुपर्छ । अहिलेको अवस्थामा जनतालाई शान्ति र सुरक्षाको अनुभूति गराउन ढिलो भैसकेको प्रतीत हुन्छ, तसर्थ संविधानसभा निर्वाचनमा संलग्न हामी सबै निर्वाचन आयोग, राजनैतिक दल एवं सञ्चारमाध्यमसमेतले जनतालाई शान्ति, सुरक्षा र सुव्यवस्थाका बारेमा आश्वस्त गराउन सकेनौं भने इतिहासमा हामी सबैलाई कलंकित गर्नेछ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऔँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### संविधानसभाको महत्व

संविधानसभाको निर्वाचन अब नजिकै आइपुगेको छ । पहिले राजाको अधीनमा रहेर संविधानको निर्माण गर्नुपर्थ्यो भने अहिलेको सन्दर्भमा लोकतान्त्रिक र जनआधारित पद्धतिलाई संविधान निर्माणको सबैभन्दा उपयुक्त विधि मानिएको छ । नेपालको संवैधानिक इतिहास साठी वर्ष पुरानो भए पनि आफैंले संविधान बनाउने अधिकार नेपाली जनताको हातमा पहिलो पटक परेको छ ।

नेपालमा संविधानसभाबाट अधिकांश जनताले लोकतान्त्रिक गणतन्त्रको अपेक्षा गरेका छन् । त्यस्तै दिगो शान्तिको स्थापना, राजतन्त्रको भविष्यको टुङ्गो, राज्यको पुनर्संरचना तथा राष्ट्रमा विद्यमान रहेका सबै प्रकारका विभेदको अन्त्य पनि जनताको माग हो । अब बन्ने संविधानले राष्ट्रका सबै जाति, भाषा, सम्प्रदाय तथा धर्मका जनताको आवाजलाई समेट्नुपर्ने हुन्छ ।

अहिले हुने भनिएको निर्वाचनलाई तीन प्रणालीमा बाँडिएको छ : प्रत्यक्ष अर्थात पहिलो हुनेले जित्ने, समानुपातिक र मन्त्रिपरिषद्बाट चुनिने । प्रत्यक्ष निर्वाचनमा २ सय ४० सिट, समानुपातिकतर्फ ३ सय ३५ सिट र मन्त्रिपरिषद्बाट २६ सिट तोकिएको छ । प्रत्यक्ष निर्वाचन प्रणालीमा एक मतले भए पनि जितेमा निर्वाचित हुन सकिन्छ, यसमा दल नभई दलले उठाएको व्यक्ति वा स्वतन्त्र व्यक्ति चुनाव लड्छ । समानुपातिक प्रणालीमा दलले चुनाव लड्छ र देशभरि प्राप्त गरेको मतको आधारमा पहिल्यै तय गरिएको सूचीबाट आफ्ना प्रतिनिधिहरूलाई संविधानसभाका लागि पठाउँछ । त्यस्तै आदिवासी जनजातिलाई सहमतिका आधारमा मन्त्रिपरिषद्बाट २६ सिट प्रदान गर्ने व्यवस्था गरिएको छ । प्रत्यक्ष प्रणाली र समानुपातिक प्रणालीको योगको एक तिहाइ सिट महिलालाई दिइने प्रावधान मिलाइएको छ ।

संविधानसभाको निर्वाचनका लागि हामी सबै नेपाली हातेमालो गरेर जानुपर्ने हुन्छ । संविधानसभा निर्वाचनमा भाग लिनु हामी सबैको कर्तव्य एवं समयको माग पनि हो ।

**–सागर शर्मा, वनस्थली, काठमाडौं**

### हत्या हिंसा र संविधानसभा

संविधानसभा निर्वाचनको दिन नजिकिँदै जाँदा शीर्ष राजनैतिक दलहरूलाई परिणामले चिन्ताग्रस्त तुल्याइरहेको छ । संविधानसभाको निर्वाचनमा सबैले स्वतन्त्र एवं भयरहित वातावरणमा सहभागी हुन पाउनुपर्छ । यो नागरिकहरूको नैसर्गिक अधिकार हो । अहिले निर्वाचन प्रचारका क्रममा दिनहुँ केही न केही स्थानमा हिसांत्मक घटनाहरू भैरहेको सुनिन्छ । नेकपा माओवादीका कार्यकर्ताले अन्य दलका उम्मेदवार तथा कार्यकर्ताहरूलाई आफ्नो आधारक्षेत्रमा प्रवेश गर्न पाइँदैन भनेर चेतावानी दिने र रोक्नेसमेत गरेका छन् । वाईसीएल तथा लडाकुहरूलाई निर्वाचनकै लागि भनेर स्वयंसेवकका रूपमा प्रत्येक बुथमा परिचालन गरिएको सन्दर्भमा निर्वाचनको वातावरण कस्तो होला ?

अझ अहिले आएर त माओवादी दलका शीर्ष नेताहरूले खुला रूपमा आमसभाहरूमा अन्य दलका नेताहरूका बारेमा अपाच्य शब्दहरू व्यक्त गर्न थालेको पाइन्छ । माओवादी अध्यक्ष प्रचण्डले राजावादीहरू केही साताभित्र देशमा ठूलै दुर्घटना गराउने षड्यन्त्रमा लागेको कुरा व्यक्त गरेका छन । यदि त्यस्तो हुन लागेको हो भने यो देशका लागि दुर्भाग्यपूर्ण हुनेछ । यदि होइन भने आफूले गरेका गल्तीहरूको ढाकछोप गर्न यस्ता कपोलकल्पित विषय जनतासामु व्यक्त गर्नुले प्रचण्डजस्ता नेताको उचाइ बिस्तारै घट्दै गएको छ । माओवादीहरूले जनताको समर्थन कसरी प्राप्त गर्न सकिन्छ भनेर किन नसोचेका होलान् ? यदि हतियारको दम्भले मात्र निर्वाचन जित्न सकिन्छ भन्ने लागेको छ भने त्यसको वास्तविकता २८ गतेपछि मात्र थाहा हुनेछ ।

**–एस. शर्मा**

### तालमेल किन ?

संविधानसभाको निर्वाचनमा तालेमलको कुरा पनि भैरहेको छ । यदि तालमेल नै गरेर जाने हो भने किन निर्वाचनका लागि तामझाम र खर्च गर्ने ? अनि तालमेलमा जनताको अभिमतको कदर कहाँ हुन्छ ? यदि जनमतको कदर गर्ने हो भने निर्वाचनमा तालमेल गरिनु हुँदैन । यदि सबै दल संविधानसभाको नारा लिएर निर्वाचनमा जाँदैछन् भने कहाँबाट आयो यो तालमेलको कुरा ?

दसवर्षे जनयुद्धको खुड्किलो पार गरेर आएको माओवादीले यति छिट्टै जनताको पूर्ण समर्थन पाउँछौं भन्ने कुरामा शङ्का लागेर होला, नेकपा माओवादीले सहकार्य र तालमेलको कुरा गरेको । माओवादीहरूलाई डर छ– ज-जसको घरमा उनीहरूले हत्या, लुटपाट र विष्फोटजस्ता जघन्य घटनाहरू घटाएका छन् अवश्य पनि क्षमायोग्य छैनन् ।

प्रचण्डले रोल्पाको सभालाई सम्बोधन गर्ने क्रममा अन्य जनताले आफूलाई देशको भावी राष्ट्रपति नमाने पनि आफू जनयुद्ध कालमा नै देशको राष्ट्रपति, जनताको हृदयको राष्ट्रपति बनिसकेको हुङ्कार लगाए । उनले के विचार पुर्‍याउनुपर्थ्यो भने राष्ट्रपति बन्नलाई पनि जनताको अभिमतको आवश्यकता पर्छ । दलले घोषणा गरेकै भरमा मात्र राष्ट्रपति बन्न सकिँदैन । प्रचण्डजीले गएर सोध्नुस्, ती विधवा, टुहुरा र वृद्ध आमाबाबुलाई, जसले श्रीमान्, बाबु र बुढेसकालको सहारा गुमाएका छन् ।

**–एस. एस., काठमाडौं**

## तीतो सत्य

- दुःख र सुखको परिभाषा र अनुभूति व्यक्तिपिच्छे फरक हुन्छन् ।

**आकाशचन्द्र न्यौपाने**

- सत्य बोल्नेले ढाँटेको हुँदैन, असत्य बोल्नेले ढाँटिरहेको हुन्छ ।
- हाँसिरहनेहरूलाई रुनेहरूको व्यथा थाहा हुँदैन ।
- लुकीछिपी नराम्रो काम गर्ने, देखावटी राम्रो काम गर्ने र बनावटी भलाद्मी बन्न खोज्ने प्रवृत्तिले व्यक्तिको स्तर नराम्रोसँग नै खस्काउँछ ।
- सहनेहरूले सहिरहे भने अत्याचार गर्नेहरू अत्याचार गरिरहन खोज्छन् ।
- भएकालाई बिगारेर फेरि बनाउनुभन्दा बिगार्दै नबिगार्नु धेरै उचित हुन्छ ।
- एक दिन, दुई दिन, तीन दिनसम्म छल्दा, झुक्याउँदा थाहा नहोला तर सधैंलाई छल्न, झुक्याउन सफलता मिलिरहँदैन, किनकि समय मानिसभन्दा बलवान् छ । समयलाई छल्ने, झुक्याउने र रोक्ने सामर्थ्य कसैको पनि छैन ।
- जति अरूलाई रुवाइन्छ, त्यति नै त्यसरी नै आफूलाई पनि रुवाइयो भने चित्त कतिसम्म दुख्छ, गहिरिएर सोच्नु उपयुक्त हुन्छ ।

**वसन्त खत्री**

- मायालु बोलीका पछाडि लाग्ने छुरा हुन्छ ।
- आफ्नो व्यवहारले मात्र शत्रुको जन्म हुँदैन ।
- दुःखीमा कोही आफ्ना हुँदैनन् ।
- मानिसको परिचय मुखले होइन, व्यवहारले दिन्छ ।
- असल मानिसले सबैलाई समान देख्छ ।

**– सत्यदेवी बराल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

## नीति नियम

**कमसेकम सोह्र वर्षसम्म विद्यार्थीले ब्रम्हचर्य पालन गर्नुपर्छ । यसबीच मानिसले सधैं वृद्ध तथा विद्वान् मानिसहरूको संगत गर्नुपर्छ जुन अत्यन्तै लाभदायक हुन्छ । विद्यार्थीले दिनको अघिल्लो भागमा खेलकुद तथा विद्याको अभ्यास गर्नु राम्रो हुन्छ । दिनको पछल्लो भागमा इतिहास, पुराण, आख्यान, धर्मशास्त्र, तथा अर्थशास्त्र आदि श्रवण गरी बिताउनुपर्छ । यदि फेरि पनि दिनमा समय वा सन्ध्याकालको केही समय बचे वा सुत्नुभन्दा अघि रातको बचेको समय छ भने नयाँ विषयको शिक्षा लिन सकिन्छ वा सिकेका कुराहरूलाई अभ्यास गर्न सकिन्छ । विद्यार्थीलाई जुन कुरा सम्झन गाह्रो परेको छ त्यसलाई पटक–पटक सम्झने प्रयास गर्नुपर्छ । बारम्बार सुन्नाले उक्त विषयको बढी ज्ञान प्राप्त हुन्छ । ज्ञानबाट नै कार्यकुशलता उत्पन्न हुन्छ र कर्म कुशलताबाट नै कार्य गर्ने शक्ति तथा आफूमा विश्वास बढ्छ । यसलाई नै विद्याको शक्ति मानिन्छ ।**

ooo

**इन्द्रियहरूलाई जित्नु पनि विद्या तथा विनम्रताको उद्देश्य हो । काम, क्रोध, लोभ, मान, मद, हर्ष आदि त्याग गर्नाले नै जितेन्द्रियको सिद्धि प्राप्त हुन्छ । शास्त्रको मत अनुसार काम गर्नाले नै इन्द्रियहरूलाई जित्न सकिन्छ । सम्पूर्ण शास्त्रले इन्द्रियहरूलाई जित्ने उपदेश दिएका छन् ।**

-कौटिल्यको अर्थशास्त्र

अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



# बेलायती सुन्दरीलाई पछार्दै

बेलायतमा रहेर के भो ? पोखराकी १९ वर्षीया एलिना गुरुङले त्यहाँकै युवतीहरूसँग प्रतिस्पर्धा गरेर ब्युटी कन्टेस्टहरूमा उपाधि जित्दै आएकी छिन् । नेपाली युवतीहरूमा यसरी विदेशी युवतीहरूसँग प्रतिस्पर्धा गरेर टाइटल नै जित्ने बेलायतमा सम्भवतः उनी पहिलो नेपाली मोडल हुन् । उनले बेलायती युवतीहरूलाई पाखा लगाउँदै मिस युरोपियन प्रिन्सेस-२००७ तथा युरोरिजन टिम इङल्यान्ड-२००७ को उपाधि चुमेकी छिन् । सन् २००४ मा बेलायतको डोबरमा सम्पन्न मोडल कन्टेस्टमा सहभागी भएर बेस्ट पर्सनालिटी मोडल घोषित भएपछि उनको मोडलिङ यात्राले गति लिएको हो । त्यसपछि उनले जति पनि मोडल तथा ब्युटी कन्टेस्टमा सहभागिता जनाइन् पछाडि फर्केर हेर्नुपरेको छैन ।

पाँच वर्षदेखि बेलायतमा रहेर मोडलिङ र फेसनको क्षेत्रमा क्रियाशील रहँदै आएकी एलिना डोबरस्थित फ्रान्जड मोडलिङ एकेडेमीमा तीन वर्षदेखि मोडलका रूपमा काम गर्दै आएकी छिन् । एलिना अहिले नृत्य तथा अभिनय अध्ययन गरिरहेकी छिन् । ५ फिट ४ इन्च अग्ली एलिना पूर्व ब्रिटिस आर्मी जुमकाजी गुरुङकी छोरी हुन् । बेलायतमै घर भएकाले उनी सपरिवार उतै बस्दै आएकी छिन् । गहुँगोरी, काला आँखा र स्लिम बडीका कारण उनी निकै आकर्षक देखिन्छन् । मोडलिङमा ग्ल्यामर आवश्यक छ भन्ने कुरा हाम्रो समाजले पनि बुझ्नुपर्छ– एलिनाको मान्यता छ ।

## साइबर गर्ल

# एलिना राई

साथीहरूसँग छिट्टै घुलमिल हुने फरासिली स्वभावकी एलिना राईलाई साथीहरूले मोडलिङमा लाग्न हौसाए । सुरुमा त उनले यसलाई सिरियसली लिइनन् । बारम्बारको आग्रहपछि भने उनमा बिस्तारै यो क्षेत्रप्रति मोह बढेर गयो । रत्नचोक धरानकी १९ वर्षीया सुन्दरी एलिनालाई अहिले मोडलिङको नशा चढेको छ । विशेष गरी इन्टरनेट मोडलिङमा जमेकी एलिनालाई म्युजिक भिडियोहरूमा खेल्ने अफरहरू आइरहेका छन् । सोचेर, बुझेर मात्र स्तरीय भिज्युअलहरूमा खेल्ने मनसाय राखेकी एलिनालाई मोडलिङको सबैभन्दा मन पर्ने पाटो भने र्‍याम्पहरूमा क्याटवाक गर्नु हो ।

काठमाडौंमा १२ कक्षामा अध्ययन गरिरहेकी एलिनालाई साथीहरूले माया गरी आस्मा भनेर बोलाउँछन् । नयाँ साथी बनाउन संगीत सुन्न र रमाइलो ठाउँहरूको भ्रमण गर्न मन पराउने एलिनालाई घुम्न मन पर्ने ठाउँ पोखरा हो भने मन पर्ने स्थान भने आफ्नै जन्मथलो धरान । पाइन्ट र टिसर्ट उनलाई मन पर्ने पहिरन हो । कालो आँखा, सिल्की केशराशि भएकी एलिनालाई मन पर्ने गायक एड्रिन प्रधान हुन । आकर्षक शारीरिक बनौटकी एलिना ५ फिट ४ इन्च अग्ली छिन् । अहिलेसम्म ब्वाइफ्रेन्ड नबनाएकी एलिनाले आफ्नो बेस्ट फ्रेन्ड मात्र रहेको बताइन् । घुम्ने सिलसिलामा पोखरा आइपुगेकी एलिनाले खिचेका आकर्षक तस्बिरहरू लभ्लीपोखरा डटकममा हेर्न सकिन्छ ।



## मुखाले

सात दलको अतिवादिताले निर्वाचनलाई अनिश्चिततातर्फ बढाउँदैछ ।

**कमल थापा**
**अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)**

जनताले राजतन्त्र मन पराए पनि राजा ज्ञानेन्द्र तानाशाही भएकाले राजतन्त्रको भविष्य अन्धकार भएको हो ।

**सूर्यबहादुर थापा**
**अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

तराईका सशस्त्र समूहसँग सरकारले केही दिनभित्रैमा वार्ता गर्दैछ ।

**रामचन्द्र पौडेल**
**शान्ति तथा पुनर्निर्माण मन्त्री**

निर्वाचन बिथोल्न राजावादीभन्दा माओवादी सक्रिय छन् ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

प्रचण्डलाई जिताउनु भनेको अर्को निरंकुशता जन्माउनु हो ।

**शेरबहादुर देउवा**
**नेता, नेपाली कांग्रेस**

नेपालमा संवैधानिक राजतन्त्र संरक्षण गर्नुपर्छ ।

**लालकृष्ण आडवाणी**
**नेता, भारतीय जनता पार्टी**

माओवादीले बहुमत ल्याउने पक्का भएपछि विदेशी इसारामा नेपालमा षड्यन्त्र प्रारम्भ भएको हो ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

म मलाई भोट दिनुहोस् भन्दिनँ । तपाईंहरूलाई जसले प्रभावित तुल्याउन सक्छ, उसैलाई भोट दिंदा हुन्छ ।

**रामबहादुर थापा 'बादल'**
**नेता, नेकपा (माओवादी)**

## निर्वाचनमा प्रविधिको प्रयोग

केही महिनाअघि मात्र नेपालका प्रमुख राजनैतिक दलहरूले आफ्ना वेबसाइटलाई अपडेट नगरेका समाचार सञ्चारमाध्यममा छाएका थिए, तर अहिले संविधानसभाको निर्वाचनका समयमा यी वेबसाइटहरू पनि तन्नेरी भएका छन् । प्रत्येक दिन र अझ तत्काल नै यी वेबसाइटहरू पनि अपडेट हुने गरेका छन् । अन्य कुरा सञ्चारमाध्यमजस्तै यी वेबसाइटले पनि जनतालाई सुसूचित गर्न थालेका छन् ।

नेपाली कांग्रेसको आधिकारिक वेबसाइट एनइपीएएलआइसीओएनजीआरइएसएस डट ओआरजीमा दलको प्रेस विज्ञप्ति तत्कालै राख्ने गरिएको छ । नेपाली कांग्रेसले यो वेबसाइटमा आफ्नो घोषणापत्र, समानुपातिक र प्रत्यक्षतर्फका उम्मेदवारहरूको नामावली पनि राखेको छ । यसबाहेक निर्वाचनमा नेपाली कांग्रेसलाई नै मत किन ? भन्ने विषयमा पनि केही कुरा राखिएका छन् । अन्य कुराहरू यथावत् भए पनि कांग्रेसको वेबसाइटमा निर्वाचनका बारेमा प्रकाशित विभिन्न समाचारहरू ताजा छन् ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) को साइट सीपीएनयुएमएल डट ओआरजी हो । यो वेबसाइटमा अंग्रेजी तारिखअनुसार मिति राखेर दलको प्रेस विज्ञप्तिहरू तत्कालै राख्ने गरिएको छ । दलसम्बद्ध विभिन्न समाचार तथा निर्वाचनका समयमा दलका तर्फबाट आफ्ना तल्लो लेवल तथा अन्य भ्रातृ संगठनलाई दिइएका निर्देशनसमेत यहाँ उपलब्ध छन् । यो साइटमा सीए इलेक्सन २०६४ शीर्षकको छुट्टै लिंक राखेर त्यसमा निर्वाचनसम्बन्धी पार्टीका विभिन्न जानकारी राखिएका छन्, जसमध्ये दलको घोषणापत्र, प्रत्यक्ष र समानुपातिकतर्फका दलका उम्मेदवारहरू, महासचिवको सन्देश आदि प्रमुख छन् ।

नेपाल कम्युनिस्ट पार्टी माओवादीको आधिकारिक वेबसाइट सीपीएनएम डट ओआरजी हो । यसमा लिंक गरेर जनादेश साप्ताहिक, कृष्णसेन अनलाइनसमेत राखिएका छन् । अपडेट गर्ने मामलामा यो दल अलि पछि परेको छ । जनादेश साप्ताहिकमा दलका सबै समाचार आउने भएका र संविधानसभाका बारेमा पनि सबै जानकारी पाउन सकिने भएका कारणले हुन सक्छ, संविधानसभालाई नै लक्षित गरेर अन्य दलजस्तो सामग्री यसमा उपलब्ध छैनन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको वेबसाइट आरपीपीएनइपीएएल डट ओआरजी तथा नेकपा मालेको सीपीएनएमएल डट ओआरजी भए पनि निर्वाचनका लागि यी दलले खासै महत्त्व दिएका छैनन् ।

निर्वाचन आयोगले राम्रो तरिकाले प्रविधिको प्रयोग गरेको छ । इलेक्सन डट जीओभी डट एनपी यसको वेबसाइट हो । संविधानसभा निर्वाचन २०६४ का लागि यसमा छुट्टै लिंक राखिएको छ । यसमा निर्वाचनमा भाग लिने दल र तिनको चुनाव चिन्हदेखि लिएर नेपालभरका मतदाताको नामावलीसमेत समेटिएको छ । यसबाट कुनै पनि नेपाली नागरिकले आफ्नो तथा अन्य आफन्तको नामावली मतदाता सूचीमा छ-छैन भन्ने कुरा थाहा पाउन सक्छन् । त्यसैगरी प्रत्येक जिल्लाका विभिन्न दलका उम्मेदवारको नामावली पनि एकीकृत रूपमा राखिएका छन् । यसबाहेक निर्वाचनसम्बन्धी अन्य धेरै जानकारी यो वेबसाइटबाट प्राप्त गर्न सकिन्छ ।

# निर्वाचनसम्बन्धी हिंसा अन्त्य गर्न आह्वान

कार्टर सेन्टरको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनले विगत १४ महिनादेखि नेपालमा पूर्व-निर्वाचन वातावरणको पर्यवेक्षण गरेको छ । कार्टर सेन्टर हालै सम्पन्न भैरहेका निर्वाचन तयारी र निर्वाचनसम्बन्धित अभियानहरूबाट उत्साहित भएको छ । यसले अघिल्लो पटक तोकिएका दुई निर्वाचन अवधि, सन् २००७ को जुन र नोभेम्बरको भन्दा उल्लेख्य वृद्धि देखाएको छ । यसका अतिरिक्त, संयुक्त मधेसी लोकतान्त्रिक मोर्चासँगको सम्झौतामा हस्ताक्षर गरिएपछि तराईमा सुरक्षाको स्थितिमा उल्लेख्य सुधार आएको छ, तथापि कैयौँ जिल्लामा सुरक्षास्थिति कमजोर नै देखिन्छ ।

सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूले समस्त देशभर, नेपाली जनता संविधानसभाको निर्वाचनमा सहभागी हुन उत्सुक रहेको र सफल निर्वाचनले नेपालमा दिगो शान्ति, लोकतन्त्र र समृद्धि ल्याउने अपेक्षा गरेको अभिलेख प्रस्तुत गरेका छन् ।

यद्यपि, निर्वाचनसम्बन्धी गतिविधि जारी राख्दै र तिनलाई बढाउँदै, राजनैतिक दलहरू र सरकारले चैत २८ मा हुन गैरहेको निर्वाचनप्रतिको प्रतिबद्धता मतदाताहरूलाई विश्वस्त पार्नु आवश्यक छ । अघिल्ला दुई पटकको स्थगनले सर्वसाधारण नेपाली निर्वाचनका लागि चैतको तिथिप्रति सरकारको प्रतिबद्धतामा सशङ्कित नै छन् । कार्टर सेन्टर माओवादी र योङ्ग कम्युनिस्ट लिग (वाईसीएल)ले हिमाली तथा पहाडी जिल्लामा जारी राखेका हिंसा र तराईका सशस्त्र समूहका निर्वाचन बिथोल्ने घोषित योजनाप्रति समेत गम्भीर चासो राख्छ । कार्टर सेन्टर यी क्रियाकलापको जोडदार भर्त्सना गर्छ र यसले निर्वाचनको वातावरणलाई उल्लेख्य रूपले धमिल्याउने, मतदाताको सहभागिता न्यूनीकृत गर्ने र निर्वाचनको वैधतामाथि प्रश्न उठ्ने स्थिति निम्त्याउने सम्भावना देख्छ ।

संविधानसभाको निर्वाचन १३ दिन मात्र बाँकी रहँदा, नेपालमा कार्टर सेन्टरको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनले विश्वसनीय र सफल निर्वाचनप्रक्रिया सुनिश्चित गर्न निम्न सुझाव दिएको छ :

- समस्त राजनैतिक दलहरूलाई चैत २८ को संविधानसभा निर्वाचनप्रतिको प्रतिबद्धतालाई निरन्तरता दिन र खासगरी गाउँस्तरमा शान्तिपूर्ण निर्वाचन अभियान बढाउने प्रयत्न गर्न आह्वान गर्छ ।
- हालैका साताहरूमा वृद्धि भएका माओवादी र वाईसीएलका हिंसात्मक गतिविधि तत्कालै अन्त्य गर्न आह्वान गर्छ, जुन गतिविधिहरूले तिनको पार्टी, निर्वाचन र शान्ति-प्रक्रियाको विश्वसनीयतामाथि प्रश्नचिह्न खडा गर्न सक्छन् ।
- माओवादी र अन्य दलले मतदानका दिन हरेक निर्वाचनक्षेत्रमा २ सय जना समर्थक परिचालन गर्ने योजनाको समाचार आएको सम्बन्धमा यसले मतदातामाथि भय सिर्जना गर्ने तथा दलहरूबीच द्वन्द्व बढाउन सक्ने हुँदा यसप्रति चासो राख्छ ।
- सरकारलाई संयुक्त मधेसी लोकतान्त्रिक मोर्चासँग हस्ताक्षर गरेको र अन्य सम्झौतासमेत पूर्ण कार्यान्वयन गर्न आग्रह गर्छ । सम्झौतामा निहित मधेसी सशस्त्र समूहहरूसँग वार्ताको उपयुक्त वातावरण बनाउने प्रावधान यथाशीघ्र कार्यान्वयन गरी ती समूहले निर्वाचन-प्रक्रियालाई बिथोल्न सक्ने सम्भावनालाई पन्छाउन पनि आग्रह गर्छ ।
- नरमपन्थी मधेसी नेताहरूलाई तिनको प्रभाव सशस्त्र समूहमाथि सार्वजनिक एवं व्यक्तिगत तवरले उपयोग गर्न आह्वान गर्छ, जसले गर्दा निर्वाचन बिथोल्ने खालका हिंसा रोकिउन् ।
- नेपाल सरकारलाई, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको आत्मबल बढाउन आह्वान गर्छ, जसले गर्दा सुरक्षित निर्वाचनको वातावरण सहज बनाउन ती निकायलाई सजिलो होस् । साथै, मानवअधिकारको संरक्षण गर्ने प्रतिबद्धता कायम राख्दै स्थानीय समुदायका नेताहरूको परामर्शमा समुचित सुरक्षाका उपाय अवलम्बन गर्न पनि सरकारलाई आह्वान गर्छ ।
- राजनैतिक दलहरू, सरकार र निर्वाचन आयोगलाई निर्वाचन आचारसंहिताको सम्मान गर्ने र यसलाई कडाइका साथ लागू गराउने साझा जिम्मेवारी पूरा गर्न परामर्श गर्छ ।
- निर्वाचन अवधिमा जनमुक्ति सेना र नेपाल आर्मीले तिनका दायराबाट बाहिर आई निर्वाचन-प्रक्रियालाई प्रभावित पार्ने हुन् कि भन्ने भयलाई ध्यानमा राख्दै यी निकायको आचारका नियमसम्बन्धी सार्वजनिक र पारदर्शी सम्झौता गर्न सल्लाह दिन्छ ।
- संविधानसभा निर्वाचन र नयाँ निर्वाचन पद्धतिप्रति मतदातालाई परिचित गराउन निरन्तर सघन मतदाता शिक्षाका निम्ति पैरवी गर्छ ।
- निर्वाचन आयोग र सरकारलाई सहकार्यात्मक ढङ्गले निर्वाचनपश्चात्को सङ्क्रमणकालीन योजना, जसमध्ये निर्वाचन परिणाम जारी गर्न आवश्यक समयावधि, निर्वाचनपछि सरकार निर्माण गर्ने प्रक्रिया र संविधानसभाको कार्य थालनी गर्ने पद्धतिहरू पर्छन्, प्रस्ट रूपले जनतालाई बुझाउन सल्लाह दिन्छ ।
- निष्पक्ष र प्रभावकारी घरेलु पर्यवेक्षणको उपस्थितिलाई सुनिश्चित गर्न घरेलु पर्यवेक्षण सञ्जाललाई आफ्ना पर्यवेक्षकलाई राम्रोसँग प्रशिक्षित गर्न प्रोत्साहित गर्छ ।
- निर्वाचनसँग सम्बन्धित हिंसा र निर्वाचन आचारसंहिताको उल्लंघनको निरन्तर भर्त्सना गर्न अन्तर्राष्ट्रिय समुदायलाई सामूहिक आवाज उठाउन आह्वान गर्छ ।

## आयो निर्वाचन

समानुपातिक नारा बोकी निर्वाचन आयो
गाउँ-सहर, लेक-बेसी, चुनावको लहर छायो

नेपालीको सुख अब छैन धेरै टाढा
सहिद तिम्रो रगतको, तिर्नेछ यसले भाडा
निर्वाचनमा भाग लिऊँ, भोट खसालौं सोची
सक्षम व्यक्ति, स्वच्छ पार्टी, खोजौं रोजी-रोजी

संविधानसभा सदस्यको, चुनाव आयो आज
नेपाल आमाका सन्तान, हामी गर्नेछौं राज
संविधान देशको कानुन, बनाऔं सबै मिली
सुख-शान्ति, रोजगारी, जीवन झिलिमिली

हत्या-हिंसा छोडिकन, अशान्ति पर सारौं
संविधानसभा सदस्यको, चुनाव सफल पारौं ।

–सविता सुवेदी (ओझा)

# तराईमा के होला ?

राष्ट्रिय आम्दनीको ८० प्रतिशत हिस्सा ओगट्ने तराई क्षेत्रमा बसोबास गर्दै आएका तराई मूलका नागरिकले भोग्नुपरेका समस्याहरू विगतदेखि नै ओझेलमा पर्दै आए। काठमाडौंकेन्द्रित र पर्वतीय उच्च जाति पक्षीय राज्यसंरचनाका कारण मधेसले उत्पीडन र विभेद अनुभूत गर्नुपऱ्यो। यसैले तराई मूलका मानिसहरूले बेलाबेलामा आन्दोलन गर्दै र असन्तुष्टि जाहेर गर्दै आएका छन्। विगत एक वर्षदेखि चलेको आन्दोलन पनि यसकै परिणति हो।



मधेसको समस्या नागरिक पहिचानबाट प्रारम्भ भएर राज्यप्रणालीका सबै तह र तप्कामा समान अवसर, समानुपातिक सहभागिता र पहिचानको स्थापनाबाट मात्र समाधान हुन सक्छ। मधेसको माग राज्य सत्तामा साझेदारी, रुढीवादी पहिचानमा परिवर्तन र मधेसमा स्वायत्त शासन-प्रशासनको स्थापना हो। अहिले त्यही समस्या सामाधान हेतु आठ बुँदे सम्झौता भएको छ। जुन शाब्दिक सम्झौतामा मात्र सीमित छ। शाब्दिक सम्बोधनले मात्र क्षेत्रीय समस्याको समाधान र राष्ट्रिय एकता तथा मेलपिलाप हासिल गर्न सकिदैन। त्यसैले सम्झौताको वास्तविक र व्यावहारिक कार्यान्वयनले मात्र मधेसको समस्या सामाधान तथा राष्ट्रिय एकता सुदृढ र राष्ट्रिय भावनाको विकास हुनेछ।

नागरिक समानताको अधिकार, प्रत्येक क्षेत्रमा समान सहभागिता, प्रत्येक स्थानमा समान उपस्थिति, पहिचान र मधेसमा स्वायत्त शासन-प्रशासनको आवश्यकता सतहमा देखिएका क्षेत्रीय-सामुदायिक समस्या हुन्। यसका अतिरिक्त मधेसमा आर्थिक, सामाजिक, जातीय एवं वर्गीय समस्या पनि छन्। मधेसमा वर्गीय विभेदका रूपमा जातीय उत्पीडन, महिला हिंसा र छुवाछूत चर्को छ। सिनो नफालेको आरोपमा दलितलाई नाकाबन्दी गर्ने होस् वा बोक्सीको आरोप वा दाइजो नल्याएको दोषमा अमानवीय उत्पीडन गर्ने घटना अपवाद होइनन्। मधेस आन्दोलनका कतिपय दाबेदार यी प्रश्नमा आश्चर्यजनक ढङ्गले मौन छन्। सामन्ती भूस्वामित्वको अन्त्य र जोताहाको पक्षमा भूमिसुधार गर्नुपर्छ भन्दा विरोध गर्ने व्यक्ति-शक्तिकै हातमा नेतृत्व रहँदा भोलिको सङ्घीय संरचनाभित्र मधेसका जनताले सकारात्मक परिवर्तनको आशा पनि गर्न सक्दैनन्।

**तराईमा निर्वाचन निश्चित**

तराईमा अब संविधानसभाको निर्वाचन हुन्छ, कुनै कारणले रोकिदैन- तराई-मधेस लोकतान्त्रिक पार्टीसँग सम्बद्ध मधेसी विद्यार्थी फ्रन्टका अध्यक्ष सुरेश मण्डल बताउँछन्। विगत एक वर्षदेखि मधेसमा भैइरहेको आन्दोलन अन्ततः फागुन १६ गते सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच आठ बुँदे सम्झौतामा टुङिएपछि मधेसमा संविधानसभाको निर्वाचन सुनिश्चित भएको हो। आफ्नो माग पूरा भएपछि लोकतान्त्रिक मधेसवादी दलहरू विजयोत्सव मनाउँदै संविधानसभाको निर्वाचनमा होमिएका छन्। उता तराईका जनता पनि सम्झौताबाट खुसी छन्।

फागुन २३ गते प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत मधेसभरि हजारौं नेता तथा स्वतन्त्र उम्मेदवारहरूले मनोनयनपत्र दर्ता गराउने क्रममा मधेसमा आन्दोलन गरिरहेका सशस्त्र समूहहरूले कहींकतै अवरोध नपुऱ्याउनाले र कहींकतै अप्रिय घटना नघट्नुले पनि मधेसमा संविधानसभाको निर्वाचन निर्विघ्न सम्पन्न हुने देखिन्छ। अर्कातिर मधेस आन्दोलनलाई भड्काउन खोज्ने अदृश्य तत्त्वहरू तथा आफू तीसौं वर्षसम्म सत्तामा छँदा मधेसीहरूका लागि केही गर्नुभन्दा नियोजनको राजनीति गर्ने तर अहिले आफूलाई मधेसीहरूको पक्षपाती र आन्दोलनको हिमायती भएको देखाएर चुनाव वहिष्कार गर्न खोज्नेहरूलाई पनि निर्वाचनमा भाग लिन बाध्य बनाइदिएको छ। अब मधेसका कारणले निर्वाचन नहुने स्थिति प्रायः समाप्त भैसकेको छ।

यद्यपि सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच आठ बुँदे सम्झौता भएपछि पनि मधेसमा छिटफुट रूपमा हिसात्मक घटना जारी छन्। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चाहरूको आन्दोलन रोकिए पनि तराईमा सशस्त्र संघर्ष गरिरहेका जनतान्त्रिक तराई मुक्ति मोर्चाका गोइत र ज्वाला सिंह समूहका साथै मधेसी मुक्ति टाइगर्स आदि समूहले आफ्ना क्रियाकलाप जारी राखेका छन्। आठ बुँदे सम्झौतापछि निर्वाचनका लागि वातावरण बनेको देखेपछि तत्काल कुनै पनि बहानामा कोही पनि आन्दोलन गर्ने मुडमा देखिएका छैनन्। बरु प्राप्त उपलब्धि रक्षा गर्ने र आठ बुँदे सम्झौतालाई पूर्ण कार्यान्वयन गराउने पक्षमा छन्। मधेसी जनअधिकार फोरम र सरकारबीच गत भदौ १३ मा भएको २२ बुँदे र फागुन १६ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग भएको ६ बुँदे सम्झौताको पूर्ण कार्यान्वयन भए तराईका सशस्त्र समूहहरू आफै धराशायी भएर जाने विश्वास आम मधेसीहरूको छ।

**फुट र विभाजन**

मधेस आन्दोलनकै कारण सद्भावना पार्टी तीन टुक्रामा विभाजित हुन पुग्यो भने मधेसी जनअधिकार फोरम दुई टुक्रा हुन पुग्यो। तराईबाट प्रतिनिधित्व गर्ने महन्थ ठाकुर, विजय गच्छदार, रेणु यादव, वृषेशकुमार लाल, विजय गुप्ता, सर्वेन्द्रनाथ शुक्ला, जयप्रकाश आनन्द, महेन्द्र राय यादव आदि दर्जनौं नेता आ-आफ्ना मूल घर छोडेर तराई आन्दोलनमा समाहित हुन क्षेत्रीय दल र मोर्चा गठन गर्न पुगे।

लोकतन्त्रमा पार्टीहरूको गठन-पुनर्गठन र विभाजन-एकीकरणजस्तै नेताको प्रवेश र वहिर्गमन पनि स्वाभाविक घटना हुन्। त्यसमाथि मुलुक एकात्मक संरचनाबाट संघीयतर्फ लागिरहेका बेला क्षेत्रीय दल वा शक्तिको जन्म त्यसको अनिवार्य परिणति नै हो। त्यसैले कसैले दल परित्याग गर्ने घटनालाई आकाशै खसेजस्तो अस्वाभाविक रूपमा लिने वा यसलाई दरबार, भारत वा अन्य पक्षसँग जोडेर सरल निष्कर्ष निकाल्नु उपयुक्त होइन। पुराना व्यक्तित्वको वहिर्गमनले सम्बन्धित दललाई असर परे पनि लोकतान्त्रिक आन्दोलनमा लामो समय खर्चिएका महन्थ ठाकुर जस्ता नेताको उपस्थितिले मधेस आन्दोलनलाई शान्तिपूर्ण धारमा ल्याउन र यसलाई अपराधमुक्त गर्न थोरै भए पनि मद्दत पुगेको छ। अब यी नेताहरू फेरि कसरी राष्ट्रियस्तरमा पुग्छन् वा मधेसी क्षेत्रीय शासक बन्ने काममै सीमित हुन्छन्, अहिल्यै निष्कर्षमा पुग्नु हतार हुनेछ।

**निर्वाचनमा प्रतिस्पर्धा**

सरकार मधेसी मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चासँगको सफल वार्ता र पाँच बुँदे सम्झौताले निर्वाचन निश्चित भएपछि राष्ट्रिय दललगायत प्रायः सबै राजनैतिक दल, जातीय-क्षेत्रीय मोर्चाहरू समेत दलमा जुटेका छन्। कांग्रेसलगायत ठूला दलहरूका कतिपय नेता तथा जिल्लास्तरका नेताहरू दलबाट टिकट नपाएपछि र टिकट वितरणमा देखिएको विवादले टिकट लिन मधेसी दलहरूप्रति आकर्षित भएका छन्। संयुक्त मधेसी मोर्चाका निम्ति संविधानसभाको निर्वाचनमा संयुक्त रूपमा अघि बढ्नुपर्ने आवश्यकता त छ तर यो कुरालाई कसरी उनीहरूले संयुक्त कार्यक्रम अघि बढाउँछन् भन्ने कुरामा भर पर्छ। सत्ताको स्वाद चाखिसकेका मधेसका प्रायः सबै नेतामा निहित व्यक्तिगत स्वार्थ प्रखररूपमा देखिएकाले यी नेताहरू निर्वाचनबाट जितेर आए पनि मधेसका बृहत्तर हितमा लाग्लान् भन्ने कुरामा अझै शंका गर्ने ठाउँ छ।

मधेसको माग पूरा गराउन मधेसवादी नेताहरू आ-आफ्नो दल मात्र परित्याग गरेनन्, सांसद र मन्त्री पदसमेत त्याग गरी मधेस आन्दोलनमा एकाकार भए। आन्दोलनमा त सबै एक भएर गएको देखियो तर निर्वाचनसम्म एक भएर जाने देखिएन। अहिले मधेसमा प्रमुख रूपमा पाँच दल क्षेत्रीय रूपमा सबल देखिएका छन्। सद्भावनाका तीन घटक, तराई-मधेस लोकतान्त्रिक पार्टी, थारू कल्याकारणी सभा र मधेसी जनअधिकार फोरमबीच कुनै किसिमको तालमेल नदेखिएकाले निर्वाचन प्रतिस्पर्धा तीव्र हुने देखिएको छ। यी दलहरूबीच आपसी तालमेल नभएकाले अन्ततः पहिलेदेखि नै बलियो जनआधार रहेका ठूला राष्ट्रिय दल नेपाली कांग्रेस र नेकपा एमालेले नै तराईका धेरै ठाउँमा विजय हात पार्ने देखिन्छ।

**–भोला धनकौल (महतो)**

## सुरक्षा चुनौती यथावत्

सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच आठबुँदे सम्झौता भएपछि पनि मधेसमा छिटफुट रूपमा हिंसात्मक घटनाहरू जारी छन्। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चाहरूको आन्दोलन रोकिए पनि तराईमा सशस्त्र संर्घष गरिरहेका जनतान्त्रिक तराई मुक्तिमोर्चाका गोइत र ज्वाला सिंह समूहका साथै मधेसी मुक्ति टाइगर्स आदि समूहको हिंसात्मक क्रियाकलाप रोकिएको छैन। कतिर भाग्यनाथ गुप्ता र किशोरकुमार विश्वासले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम आफ्नो माग पूरा नभएको भन्दै वार्ता छाडेर आन्दोनलन गर्ने धम्की दिइरहेको छ। सरकारले यी सबै समूहलाई व्यवस्थापन नगरेसम्म तराईमा भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न कठिन छ।

सरकारले तराईमा तीन तहको विशेष सुरक्षा योजना लागू गरेको छ। यो सुरक्षा योजनाअर्न्तगत निर्वाचनमा भाग लिने उम्मेदवारहरूको उम्मेदवारी दर्ता प्रक्रिया प्रारम्भ भएदेखि मतगणना नहुन्जेलसम्म उम्मेदवार, निर्वाचन बुथ, निर्वाचनमा खटिने कर्मचारी तथा मतपेटिकाको सुरक्षा-व्यवस्था गरिने बताइएको छ। सरकारले यो सुरक्षा योजनाअर्न्तगत तराईमा संविधानसभाको निर्वाचनका क्रममा निर्वाचन बुथ तथा निर्वाचनमा भाग लिने उम्मेदवारहरूलाई व्यक्तिपिच्छे सुरक्षा उपलब्ध गराउने भनेको छ।

यसैगरी सशस्त्र समूहहरू वार्तामा नआए उनीहरूलाई कारबाही गर्ने उद्घोष पनि गरेको छ। सरकारले निर्वाचनका लागि विशेष किसिमको सुरक्षा व्यवस्था गर्न करिब ४२ हजार जनपद प्रहरी, त्यत्ति नै संख्यामा म्यादी प्रहरी र करिब २२ हजार सशस्त्र प्रहरी खटाउने भएको छ। सरकारले निर्वाचन सुरक्षा व्यवस्थाका लागि प्रहरी र सशस्त्र प्रहरीतर्फ १ अर्ब ५८ करोड ८१ लाख रुपैयाँ र म्यादी प्रहरीका लागि ७० करोड रुपैयाँ खर्च गर्ने भएको छ। यद्यपि तदर्थवादी र फितलो सुरक्षा व्यवस्थाका कारण उम्मेदवारहरू स्वयम् पनि ढुक्क हुन सकेका छैनन्। सरकारले विशेष भनेको सुरक्षा योजनाअन्तर्गत मतदाताको सुरक्षा आवश्यकतालाई ख्याल गरिएको छैन। विशेष भनिए पनि यस्तो तदर्थवादी र फितलो सुरक्षा योजनाले तराईमा मतदाता, उम्मेदवार तथा निर्वाचनमा खटिने कर्मचारी कोही पनि ढुक्क हुन सकिरहेका छैनन्।

मधेसको अर्को सुरक्षा समस्या भनेको संगठित अपराध पनि हो जो निरन्तर चलिरहेको छ। मधेसमा सशस्त्र समूहहरूको उदय हुनुअघि पनि गाउँ डकैती र लुटपाट हुने क्रम चलिरहेकै थियो। सशस्त्र समूहहरूको उपस्थितिले यस्ता संगठित अपराधलाई अझ बढाएको छ। अहिले राजनैतिक उद्देश्यको नाममा संगठित अपराधीहरूद्वारा गरिने हत्या, अपहरण, फिरौती र अन्य अपराध आम बन्न पुगेका छन्। दक्षिणतर्फको खुला सिमानामा जोसुकै बिनारोकटोक आउने व्यवस्थाले गर्दा अपराध अझ बढिरहेको छ। यसका साथै मुक्तिमोर्चाहरू र तराई टाइगर्स, कोब्रा तथा अन्य सशस्त्र समूहहरू आपसमै भिडन्त गर्ने त कहिले जातीय प्रतिशोधले प्रतिहिंसामा पनि उत्रन्छन्। मधेसमा आतंक, अपहरण, लुट, हत्या, फिरौती एवं डकैतीजस्ता जघन्य अपराधमा यसको भूमिका छ। यस्ता कतिपय समूह खुलेआम मुलुकको सीमा छुट्याउने कुरा गरिरहेछन्। यसले गर्दा जातीय सद्भाव खलबलिने आशंका उत्पन्न भएको छ। यस्ता प्रश्नमा आफूलाई मधेस आन्दोलनका अगुवा दावी गर्ने कतिपय व्यक्ति मौन देखिन्छन्। यसले समस्यालाई अझ गम्भीर बनाएको छ।

यति मात्र होइन राजधानीदेखि तराईका जिल्लाहरूसम्म लुटपाट, चोरी, डकैती, अपहरण र हत्याका श्रृंखला जारी छन्। अधिकांश घटनामा संगठित अपराधीहरूको हात छ। यस्ता अपराधका घटनाहरू नियन्त्रण गरी भरपर्दो शान्तिसुरक्षा कायम गर्न गृहमन्त्रीले मात्र होइन स्वयं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नै सुरक्षा संयन्त्रलाई निर्देशन दिएका छन्, तर पनि सुरक्षा संयन्त्रले जनतालाई शान्तिसुरक्षाको प्रत्याभूति दिन सकिरहेको छैन।

दण्डहीनताको संस्कृति मौलाउँदै मुलुक अराजकतातर्फ जाँदा पनि सुरक्षा निकायमा उच्च मनोबलको प्राण भर्ने उपाय सुझेको छैन। सरकारकै अस्पष्ट भूमिकाका कारण स्थानीय सुरक्षा इकाइहरू अन्यौलमा छन्। विगतको आन्दोलनका क्रममा आदेश कार्यान्वयन गर्ने तल्लो तहका अधिकृत र जवानहरूलाई पनि ज्यान मुद्दा लगाउने सिफारिसका कारण प्रहरीमा आवश्यक ठाउँमा पनि कारबाही नगरी मूकदर्शक बन्ने प्रवृत्ति विकसित हुँदै गएको छ। प्रहरीको यस्तै प्रवृत्तिको फाइदा आपराधिक, अराजक समूहले उठाउँदै आएका छन्।

देशमा दिगो शान्ति तथा पूर्ण लोकतन्त्रको बहालीका लागि अपरिहार्य संविधानसभाको निर्वाचन अगावै शान्तिसुरक्षाको स्थिति सुदृढ पारिनुपर्ने आवश्यकता टड्कारो देखिन्छ। कुनै पनि राज्यको पहिलो दायित्व भनेकै आमनागरिकलाई सबै किसिमका सामाजिक अपराधबाट मुक्त गराउनु हो। सरकारले सबै किसिमका अपराध नियन्त्रण गर्न सुरक्षा निकायलाई चुस्त र सक्रिय बनाउन नसकेकै कारण आज तराई लगायत देशभर शन्तिसुरक्षाको स्थिति कमजोर अवस्थामा छ। तराईमा पूर्ण सुरक्षा बहाली गर्न स्थायी प्रकृतिको संगठित सुरक्षा योजनासहित दक्षिणतर्फको खुला सिमानामा सशस्त्र सुरक्षा घेराबन्दी गर्नुपर्ने आवश्यकता पनि छ।

# राजनैतिक दलहरूको घोषणापत्रमा फरक कुरा

चैत्र २८ गते हुन गैरहेको संविधानसभाको महानिर्वाचनका लागि प्रायः सबै राजनैतिक दलले भावी नेपालको नयाँ खाका कोर्ने आ-आफ्ना दृष्टिकोणसहितका घोषणपत्र जारी गरेका छन् । बहुलबाद तथा बहुदलीय संसदीय प्रजातान्त्रिक राजनैतिक व्यवस्थामा आस्था राख्ने अधिकांश दलले एकै किसिमको अर्थात् नेपालको वर्तमान एकात्मक र केन्द्रीकृत राज्य संरचनाको अन्त्य गरी स्वायत्त प्रदेशहरू भएको संघीय राज्य बनाउने अवधारणा सार्वजनिक गरेका छन् ।

नेकपा माओवादी र कमल थापाको नेतृत्वमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) बाहेक अधिकांशले राष्ट्रपति 'सेरेमोनियल' राष्ट्रप्रमुख र प्रधानमन्त्री कार्यकारी प्रमुख हुने संघीय गणतन्त्र स्थापनाको प्रस्ताव संविधानसभाको निर्वाचन घोषणापत्रमा गरेका छन् । केही राजनैतिक दल भने यस्ता कुरामा फरक पनि देखिएका छन् ।

दुई विपरीत धारमा रहेका नेकपा माओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) ले राष्ट्रप्रमुखको व्यवस्थासम्बन्धी प्रस्ताव फरक रूपमा अघि सारेका छन् । नेकपा माओवादीले राष्ट्रपतिलाई नै कार्यकारी राष्ट्रप्रमुख बनाउने प्रस्ताव अघि सारेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) ले राजा राष्ट्रप्रमुख रहने संवैधानिक राजतन्त्रात्मक व्यवस्थामा सबैलाई अटाउने ठाउँको व्यवस्था गरिने घोषणापत्र जारी गरेको छ । यसैगरी जनमोर्चा नेपालले राष्ट्रप्रमुख र कार्यकारी प्रमुख राष्ट्रपति हुने प्रस्ताव गरेको छ । जनमोर्चाले बालिग मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट राष्ट्रपति निर्वाचित हुने प्रस्ताव गरेको छ ।

प्रधानमन्त्रीको निर्वाचन दुवै सदनको संयुक्त बैठकको बहुमतद्वारा गरिने घोषणापत्रमा उल्लेख छ । राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकारी अधिकारको बाँडफाँडका सम्बन्धमा घोषणापत्रमा केही उल्लेख छैन । राज्यको पुनर्संरचनातर्फ जनमोर्चाले अखण्ड, अविभाज्य एवं सार्वभौमसत्ता सम्पन्न नेपालभित्र आत्मनिर्णयको आधारमा स्वशासनसहितको स्वायत्त प्रदेशहरू रहने प्रस्ताव गरेको छ । संघीय राज्यको स्वायत्तता जाति, भाषा, जनसंख्या, भूगोल, प्रशासनिक अनुकूलता, प्राकृतिक सम्पदा तथा आयस्रोत समेतलाई ध्यान दिएर पुनर्संरचना गरिने उल्लेख गरिएको छ । यसैगरी जनप्रतिनिधिको निर्वाचन प्रत्यक्ष बालिग मतदानद्वारा समानुपातिक प्रतिनिधित्वका आधारमा हुने उल्लेख गरेको छ ।

अर्कातिर राष्ट्रिय जनमोर्चाले एकात्मक केन्द्रीकृत राजनैतिक व्यवस्था नै उत्तम हुने तथा संघीयताबाट देश टुक्रिन्छ भन्दै संघीय प्रणालीको ठाडै विरोध गरेको छ । उसले मधेसी, दलित जनजाति, आदिवासीलगायत सबै जनताको न्यायपूर्ण आन्दोलनलाई जायज भने पनि समस्या समाधानको उपायका सम्बन्धमा स्पष्ट राजनैतिक प्रणाली किटान गरेको छैन । यस्तै नेकपा एमालेले अरू सबै कुरामा एकमत देखिए पनि प्रधानमन्त्रीको सवालमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री हुने घोषणा गरेको छ । मधेसमा भर्खरै गठन भएको नयाँ पार्टी तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) ले संविधानसभा निर्वाचनको प्रमुख एजेन्डामा सम्पूर्ण तराईलाई एक स्वायत्त प्रदेश बनाउने प्रस्ताव गरेको छ । उसले सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग फागुन १६ गते भएको सम्झौतामा उल्लेखित आठबुँदे मागलाई प्रमुख एजेण्डाका रूपमा अघि सारेको छ ।

त्यस्तै अधिकांश दलको अर्को सहमति हो– दुई सदनात्मक केन्द्रीय सरकार एवं एक सदनात्मक प्रादेशिक सरकारको व्यवस्था गरी राज्यको नयाँ रूपान्तरण गर्ने अवधारणा । राज्य र प्रदेशको कार्यविभाजन गर्दा परराष्ट्र सम्बन्ध, मुद्रानीति, राष्ट्रिय सुरक्षालगायत प्रदेशहरूबीच समन्वय गर्नुपर्ने विषयहरू जस्तै-हवाई यातायात, राजमार्ग, ठूला जलविद्युत्लगायत राष्ट्रिय महत्त्वका आयोजना केन्द्रीय सरकारको मातहतमा रहने प्रस्ताव प्रायः सबै राजनैतिक दलको छ । यसैगरी सबै दलले आ-आफ्ना आर्थिक, सामाजिक क्षेत्रको रूपान्तरण, पर्यटनक्षेत्रको विकास, भौतिक पूर्वाधारको विकास, स्वास्थ्य, शिक्षा, रोजगारी विकासका लागि आ-आफ्ना आवधिक एवं तात्कालिक दृष्टिकोणसहितका खाका प्रस्तुत गरेका छन् । नेकपा एमालेले बीसवर्षे दृष्टिकोण अघि सारेको छ भने माओवादीले देशको समग्र विकासका लागि चालीसवर्षे दृष्टिकोण अघि सारेको छ ।

नेपाली कांग्रेसले राष्ट्रपति सेरेमोनियल राष्ट्रप्रमुख र संसद्को बहुमतबाट निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख हुने संघीय गणतन्त्र स्थापनाको प्रस्ताव गरेको छ । कांग्रेसले संविधानसभाको पहिलो बैठकबाट राजतन्त्र हटाउन प्रस्ताव राख्ने प्रतिज्ञा गर्दै बहुलबादमा आधारित बहुदलीय संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको प्रस्ताव पनि गरेको छ । नेपाली कांग्रेसको यो घोषणापत्रबाट नेपाली कांग्रेस अब राजतन्त्रको ह्यांगओभरबाट मुक्त भएको प्रस्ट भएको छ ।

कांग्रेसले नेपालको वर्तमान एकात्मक तथा केन्द्रीकृत राज्यसंरचनाको अन्त्य गरी स्वायत्त प्रदेशहरू भएको संघीय राज्य बनाउने अवधारण ल्याएको छ । कांग्रेसले केन्द्र, प्रदेश र स्थानीय सरकार गरी तीन तहमा राज्यका काम, कर्तव्य र अधिकार बाँडफाँड गर्ने, केन्द्रमा दुई सदनात्मक संसद् र प्रदेशमा एक सदनात्मक संसद् रहने व्यवस्था प्रस्ताव गरेको छ ।

नेकपा माओवादीले संघको विभाजन गर्दा पहिले नै ११ राज्य र ३ उपराज्यको प्रस्ताव गरेको छ भने अन्य पार्टीले संविधानसभाबाट बन्ने आयोगले यसको निर्धारण गर्ने उल्लेख गरेका छन् । यसैगरी नेकपा एमालेले, संविधानसभामा निर्वाचित दलहरूको राष्ट्रिय सरकार तथा समाजवाद उन्मुख लोककल्याणकारी राज्य र मिश्रित अर्थव्यवस्थाको प्रस्ताव गरेको छ । नेकपा माओवादीले आत्मनिर्णय अधिकारसहितको संघीय संरचना र राष्ट्रको समग्र आर्थिक विकासका लागि सार्वजनिक-निजी साझेदारी आर्थिक नीति अवलम्बन गर्ने बताएको छ ।

नेपाली कांग्रेसले राष्ट्रिय एकता र मेलमिलापको जगमा उभिएर शान्त, स्वतन्त्र, प्रजातान्त्रिक, सर्वभौमसत्तासम्पन्न समृद्ध नेपालको आधारभूत सिद्धान्तलाई अधार मानेर अघि बढ्ने घोषणापत्रमा उल्लेख गरेको छ । नेपाली कांग्रेसले आर्थिक समृद्धि, समानता र सामाजिक न्यायको सुनिश्चिततामार्फत लोकतन्त्रलाई दिगो र परिणाममुखी बनाउने विषयमा राष्ट्रिय सहमति निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यसैगरी मुलुकको आर्थिक क्षेत्रको विकासका लागि सरकार तथा निजी क्षेत्रको व्यापक लगानीको प्रवर्द्धनद्वारा सुनिश्चित गरिने मिश्रित आर्थिक नीति अवलम्बन गर्ने घोषणा गरेको छ ।

राष्ट्रिय जनशक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले अन्तरिम संसद्ले मुलुकलाई धर्मनिरपेक्ष र राजतन्त्रनिरपेक्ष बनाए पनि यसलाई जनताले निर्णय गर्ने विषय भन्दै जनताको प्रत्यक्ष सहभागितामा नै यसको टुङ्गो लगाउनुपर्ने बताएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) ले भने आफनो घोषणापत्रमा नेपाललाई फेरि हिन्दू राजतन्त्रात्मक राज्य बनाउने घोषणा गरेको छ । नेकपा माओवादीले भने सामन्तवादसहित राजतन्त्रको समूल अन्त्य गर्ने घोषणा गरेको छ । राष्ट्रिय जनशक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले देशको सबै समस्या सामाधानका लागि आफ्नो पार्टीले मध्यमार्गी नीति अघि सारेको उल्लेख गरेका छन् । सबै राजनैतिक दलको अर्को महत्त्वपूर्ण घोषणा हो- जनतालाई सर्वोपरि र सार्वभौमसत्ता सम्पन्न घोषणा गर्नु र राष्ट्रिय स्वाधीनता एवं भौगोलिक अखण्डताको रक्षाको घोषणा गर्नु ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) पनि कार्यकारी राष्ट्रपतिको पक्षमा उभिएको छ । संविधानसभा निर्वाचनका लागि सार्वजनिक घोषणापत्रमा नेमकिपाले प्रत्यक्ष निर्वाचनबाट ५१ प्रतिशत मत ल्याउनेलाई राष्ट्रपति बनाइनुपर्ने प्रस्ताव गरेको छ । प्रधानमन्त्रीका सम्बन्धमा केही उल्लेख नगरिएको उक्त घोषणापत्रमा पाँचवर्षे कार्यकाल हुने गरी राष्ट्रपतीय प्रणाली लागू गर्ने प्रस्ताव गरिएको छ । राष्ट्रपतिले मन्त्रिपरिषद् गठन गर्न सक्ने तर प्रतिनिधिसभा वा राष्ट्रियसभाका सांसद भने मन्त्रिपरिषद्मा रहन नपाउने प्रस्ताव नेमकिपाको छ ।

राष्ट्रपतिले राष्ट्रप्रमुख, सरकार र सेना प्रमुखको भूमिका निर्वाह गर्न पाउने उल्लेख गर्दै राष्ट्रिय अखण्डतामा आँच आउने कार्य भए प्रान्तीय सरकार वा विधानसभा भंग गरी राष्ट्रपतीय शासन लागू गर्न सक्ने कुरा घोषणापत्रमा उल्लेख छ । समाजवादी गणतन्त्रको पक्षमा उभिएको नेमकिपाले विद्यमान १४ अञ्चललाई नै प्रान्तको रूप दिँदा व्यावहारिक हुने सुझाव दिएको छ । उसले संविधानसभामा राज्य विभाजनको विषयमा छलफल हुन सक्ने विकल्पलाई पनि खुलै राखेको छ ।

उता मधेसी जनअधिकार फोरमले कार्यकारी अधिकार राष्ट्रपतिमा हुनुपर्ने प्रस्तावसहितको घोषणापत्र सार्वजनिक गरेको छ । फोरमले प्रधानमन्त्री आवश्यक नभएको उल्लेख गर्दै यससम्बन्धी व्यवस्था गरेको छैन ।

फोरमले बालिग मताधिकारका आधारमा, बहुदलीय प्रतिस्पर्धासहित प्रत्यक्ष मतदानबाट राष्ट्रपति निर्वाचित हुने प्रस्ताव गरेको छ । राष्ट्रपतिको कार्यकाल पाँच वर्ष राखिएको छ भने एउटै व्यक्ति दुई पटकसम्म राष्ट्रपति हुन सक्ने व्यवस्था गरिएको छ । उपराष्ट्रपतिको चयन संसद् र प्रादेशिक विधायिकाका सदस्यको बहुमतबाट हुने फोरमको प्रस्ताव छ । यसअघि कार्यकारी अधिकार राष्ट्रपतिमा रहने घोषणापत्र माओवादी, जनमोर्चा तथा नेमकिपाले सार्वजनिक गरिसकेका छन् । कांग्रेस, एमाले र तराई-मधेस लोकतान्त्रिक पार्टी कार्यकारी प्रधानमन्त्री र संसदीय पद्धतिको पक्षमा छन् ।

प्रधानमन्त्रीय पद्धति 'विश्वका धेरै मुलुकमा असफल देखिएका' ले राष्ट्रपतीय शासन प्रस्ताव गरेको फोरमको तर्क छ । केन्द्रीय संसद्मा जनप्रतिनिधिसभा र राष्ट्रिय अथवा जातीय सभा गरी दुई सदनात्मक व्यवस्था हुने फोरमले उल्लेख गरेको छ । जनप्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधि रहने र जातीय सभामा तोकिएको संख्यामा प्रत्येक प्रदेशका विधायिकाद्वारा निर्वाचित सदस्य रहनेछन् । उक्त सभा राष्ट्रपतिद्वारा राष्ट्रिय क्षेत्रमा उल्लेखनीय ख्याति कमाएका विशिष्ट व्यक्तिहरूलाई पनि मनोनयन गर्न सकिने प्रस्ताव गरिएको छ ।

नेपाल स्वायत्त एवं अधिकार सम्पन्न प्रदेशसहितको 'संघीय लोकतान्त्रिक गणतन्त्र' हुनुपर्ने कुरा घोषणापत्रमा छ । मुलुकमा स्वायत्त प्रदेश र प्रादेशिक सरकार रहने व्यवस्था गरिएको छ । प्रदेशका निर्वाचित विधायकको स्पष्ट कार्यक्षेत्र तथा अधिकारसहितको विधानसभा रहने उल्लेख छ । प्रादेशिक सरकारको कार्यकारिणी प्रमुखको निर्वाचन प्रत्यक्ष मतदानद्वारा हुने तथा सरकार विधानसभाप्रति उत्तरदायी रहने फोरमले जनाएको छ ।

**–भोला महतो**

# चितवनमा वामएकता नभए कांग्रेसको बहुमत

**प्रवीण दत्त**

चितवन– जनआन्दोलनताका राजधानी बाहिर अग्रस्थानमा रहेको चितवनको राजनैतिक वातावरण यतिबेला संविधानसभामय भएको छ। धेरै वाम उम्मेदवार रहेको चितवनमा अन्तिम अवस्थासम्म वाम तालमेल हुन नसके नेपाली कांग्रेसको वर्चश्व रहने राजनैतिक विश्लेषकहरूको दावी छ। मतदाताहरूमाझ नगई आफ्नो मात्र वर्चश्व दावी गर्ने वामपन्थी दलहरूको रोग नै वाम तालमेलको प्रमुख बाधक देखिएको छ। एउटा वाम दलले अर्को वामदलकै अस्तित्व नस्वीकारेको वर्तमान अवस्थामा वामहरू पछाडि पर्ने हुन् कि भन्ने धेरैको अनुमान छ।

सात दलका शीर्ष नेतामध्येका अमिक शेरचनले चितवनको क्षेत्र नम्बर ५ बाट उम्मेदवारी दिएका छन्। उता माओवादीभित्र अनुदारवादी भनेर चिनिने प्रभावशाली नेता रामबहादुर थापा 'बादल' ले क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिएका छन्। क्षेत्र नम्बर २ मा कडा प्रतिस्पर्धा हुने अनुमान राजनैतिक विश्लेषकहरूको छ। उम्मेदवार तथा कार्यकर्ताहरूले निर्वाचन प्रचार अभियानलाई तीव्र बनाउँदै लगेका छन्। 'जनताले हाम्रो विचार आत्मसात् गर्छन्, त्यसैले म निर्वाचन जित्ने कुरामा विश्वस्त छु'– २०४८ को निर्वाचनमा चितवनबाटै सांसद भैसकेका जनमोर्चाका केन्द्रीय अध्यक्ष अमिक शेरचनले बताए।

अहिले विद्यार्थी, स्थानीय युवा, पेसाकर्मीलगायत सबै वर्ग निर्वाचन प्रचारमा होमिएका छन्। चितवनका दुर्गम वस्तीमा निर्वाचनका बारेमा जानकारी दिन उम्मेदवार तथा गैरसरकारी संघ-संस्थाले आफ्ना कार्यक्रम थालेका छन्। ग्रामीण भेकमा समेत निर्वाचनको वातावरणले स्थानीयवासीलाई मत दिन जागरुक बनाएको छ। गाउँ, टोल, वडामा समेत स्थानीय कलाकार जुटाएर निर्वाचनका विषयमा गीतको माध्यमबाट संविधानसभा निर्वाचनको प्रक्रिया एवं यसले गर्ने कार्य सबैमाझ छलङ्ग पार्दै लगिएको छ।



चितवनमा २०५४ सालको निर्वाचनसम्म ४ वटा क्षेत्र थिए। यसपटक १ क्षेत्र थप गरी ५ क्षेत्र बनाइएको छ। कांग्रेस जिल्ला पार्टी सभापतिबाट राजीनामा दिएर निर्वाचनमा उठेका टेकप्रसाद गुरुङ अहिले प्रचार कार्यक्रम लिएर पश्चिम चितवनका गाउँमा व्यस्त छन्। गुरुङका अनुसार दलका १ हजार १ जनाको निर्वाचन परिचालन कमिटी बनाई हरेक क्षेत्रमा खटाइएको छ। निर्वाचनक्षेत्रमा विभिन्न उपसमिति बनाएर प्रचारका काम गरिनेछ भने प्रत्येक बुथमा ५० जना युवा परिचालन गरिने उनले बताए।

त्यस्तै एमालेले पाँचै क्षेत्रमा निर्वाचन परिचालन कमिटी गठन गरिसकेको छ। संविधानसभा निर्वाचनका लागि जनअभियान नामाकरण गरेर एमालेले गाउँमा प्रचारका कार्यक्रम सुरु गरेको छ। एमालेका जिल्ला सचिव विजय सुवेदीका अनुसार एमालेले अहिले विभिन्न तहका गाउँदेखि जिल्लातहसम्म बैठक-भेलाहरू गरिरहेको छ। एमाले निर्वाचन परिचालन कमिटीहरू बनाएर घरदैलोमा पुग्ने क्रममा छ। दलका जिल्ला नेतादेखि कार्यकर्तासम्म घरदैलो कार्यक्रमका साथै निर्वाचन सभा गर्न व्यस्त छन्।

जनमोर्चा, राप्रपा, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृतले यहाँका दुर्गम गाविसहरूमा आफ्नो प्रचार अभियान सुरु गरिसकेका छन्। जनमोर्चाले पश्चिम चितवनका डेढ दर्जन गाविसमा सम्पर्क कार्यालय खोलिसकेको छ। यहाँको माडी क्षेत्र सदरमुकामबाट ३६ किलोमिटर टाढा छ भने सडक असुविधाका कारण स्थानीय कार्यकर्ता नै त्यहाँ प्रचारमा जुटेका छन्। माओवादीले प्रचारका कार्यक्रम लिएर तीन महिनादेखि पूर्वी र पश्चिम चितवनका गाउँमा घरदैलो अभियान सञ्चालन गर्दै आएको छ। पार्टीका विभिन्न भ्रातृसंगठनले प्रचार कार्यक्रममा सहयोग पुर्‍याएको माओवादी जिल्ला इन्चार्ज सूर्यप्रसाद सुवेदीले बताए।

**प्रचार गर्न समिति गठन**

संविधानसभा निर्वाचनका लागि दलहरूले धमाधम समिति गठन गरेका छन्। नेपाली कांग्रेसका भ्रातृसंगठनले प्रचार प्रसार समिति गठन गरेका छन्। क्षेत्र नम्बर ३ मा महिला उम्मेदवार मैयादेवी श्रेष्ठलाई जिताउन श्याम रानाको संयोजकत्वमा १ सय १ जनाको प्रचार समिति गठन गरिएको छ। त्यस्तै, एमालेले पाँचवटै क्षेत्रमा विभिन्न समिति र उपसमिति गठन गरेको छ। जनमोर्चा नेपालले ठाकुर ढकालको संयोजकत्वमा ५ सय १ सदस्यीय मूल परिचालन समिति बनाएको छ। रणेन्द्र बराइलीको संयोजकत्वमा १ हजार १ जनाको प्रचार प्रसार समिति गठन गरिएको जनमोर्चाले जनाएको छ। माओवादीले पूर्वी चितवनका हरेक गाविसका टोलटोलमा निर्वाचन समिति बनाएको छ। नेकपा एकीकृत, राप्रपा, माले आदि दलले पनि आ-आफ्ना निर्वाचन कार्यक्रम सार्वजनिक गरिसकेका छन्।

**सबै तयारी पूरा**

निर्वाचन कार्यालयले कडाइका साथ आचारसंहिता पालन गराउन अनुगमन पनि प्रारम्भ गरेको छ। दलहरूलाई १ हप्ताभित्र भित्तेलेखन, तुल, ब्यानर सबै हटाउनुपर्ने नभए आचारसंहिता अनुसार कारबाही गर्ने पनि निर्वाचन कार्यालयका प्रमुख भीमकान्त शर्माले दलहरूलाई जानकारी गराएका छन्। शर्माका अनुसार एक सर्वपक्षीय भेलाका क्रममा दलका प्रतिनिधिहरूले आचारसंहिता पूर्णरूपमा पालना गर्ने प्रतिबद्धता जनाएका छन्।

मतदाता शिक्षाका लागि निर्वाचन आयोगले के कस्ता कार्यक्रम सञ्चालन गरेको छ भन्ने प्रश्नमा शर्मा भन्छन्– '१ सय १ जनाको मतदाता शिक्षा स्वयंसेवक टोली गठन गरी प्रत्येक टोल, वडा, घरदैलोमा पठाई मत हाल्नका लागि निमन्त्रणा कार्ड वितरण गरिएको छ।' पिछडिएका वर्ग, सीमान्तकृत, आदिवासीहरूलाई पनि चुनावमा सहभागी गराउन एक चार्ट बनाई ल्याप्चे लगाउने तरिका, मतदान शिक्षा गाउँमै गएर दिइरहेको पनि निर्वाचन कार्यालयले जनायो।

सुरक्षाको दृष्टिकोणले मतदान क्षेत्र हेरेर दुई किसिमले संयन्त्र बनाएर खटाइने भएको छ। म्यादी र प्रहरीको संयुक्त टोली एक क्षेत्रमा ३ देखि ११ र अर्को ६ देखि २१ प्रहरी खटाउने भएको छ। चितवनमा ८ सय ६४ म्यादी प्रहरी खटिने भएका छन्।

**१६ दलसहित ६३ उम्मेदवारीबीच भिडन्त**

५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिनेहरूमा कांग्रेस, एमाले, राप्रपा, नेकपा एकीकृत, जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा, माओवादी तथा राष्ट्रिय जनशक्ति पार्टी छन्।

नेपाली कांग्रेसबाट क्षेत्र नम्बर १ मा वर्तमान सांसद सावित्री बोगटी पाठक, २ मा एकनाथ रानाभाट, ३ मा मैयादेवी श्रेष्ठ, ४ मा टेकप्रसाद गुरुङ र ५ मा नारायण शर्मा पौडेल उम्मेदवार बनेका छन्। कांग्रेसका जिल्ला सभापति टेकप्रसाद गुरुङले टिकट पाएपछि सभापतिको पदबाट राजीनामा दिएका हुन्।

नेकपा (एमाले) क्रमशः लालमणि चौधरी, काशीनाथ अधिकारी, देवीप्रसाद ज्ञवाली, दिलकुमारी रावल (थापा) र विजय सुवेदी छन्। माओवादीले १ नम्बरमा शोभा कट्टेल, २ मा केन्द्रीय नेता रामबहादुर थापा (बादल), ३ मा नारायणप्रसाद दाहाल, ४ मा चित्रबहादुर श्रेष्ठ तथा ५ मा अम्बिका मुडवरीलाई उठाएको छ।

जनमोर्चा नेपालले १ देखि ५ नम्बर क्षेत्रमा क्रमशः गोविन्दबहादुर विक, साध्यबहादुर भण्डारी, विद्या श्रेष्ठ, रामलाल महतो तथा केन्द्रीय अध्यक्ष अमिक शेरचनको उम्मेदवारी दिएको छ। राप्रपाले क्रमशः सन्तकुमार चौधरी, दुर्गाकुमारी घिमिरे, शिवकुमारी सुवेदी, तोयानाथ अधिकारी र विक्रम पाण्डेलाई उठाएको छ। राष्ट्रिय जनमोर्चाबाट विमला शर्मा, डम्बर पुरी, मोहनमणि ढकाल, श्रीराम घिमिरे, कुलप्रसाद पाण्डे तथा दुर्गाबहादुर प्रजा उठेका छन्।

प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिएकामध्ये ६ जनाले उम्मेदवारी फिर्ता लिएपछि ६३ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

**समावेसीका लागि महिला उम्मेदवार**

चितवनमा १६ राजनैतिक दलले १५ महिलालाई प्रत्यक्ष चुनावमा उठाएका छन्। कांग्रेसले चितवनमा दुई महिलालाई उम्मेदवार बनाएको छ। जातीय मतको बाहुल्यता रहेको भरतपुर नगरपालिकामा कांग्रेसले समाजसेवी मैयाँदेवी श्रेष्ठलाई उठाएको छ भने क्षेत्र नम्बर १ मा सावित्री बोगटी पाठकलाई उम्मेदवार बनाएको छ।

त्यसैगरी एमालेले ४ नम्बर क्षेत्रबाट पार्वती रावल, राष्ट्रिय जनमोर्चाले क्षेत्र नम्बर १ बाट विमला शर्मा, माओवादीबाट क्षेत्र नम्बर १ मा शोभा कट्टेल, ५ बाट अम्बिका मुडवरी, राप्रपाले क्षेत्र नम्बर २ बाट दुर्गाकुमारी घिमिरे, जनमोर्चाले ३ बाट विद्यादेवी श्रेष्ठ, नेकपा एकीकृतले क्षेत्र नम्बर १ बाट कल्पना लामा मोक्तान, मालेले क्षेत्र नम्बर २ बाट भगवती घिमिरे तथा समाजवादी प्रजातान्त्रिक जनता पार्टीले ३ नम्बर क्षेत्रबाट मीना केसी, राष्ट्रिय जनशक्ति पार्टीले २ नम्बर क्षेत्रबाट जंगी चौधरी तथा नेमकिपाले ५ नम्बर क्षेत्रबाट कृष्णलक्ष्मीलाई उम्मेदवार बनाएका छन्। करुणाकुमारी दुलालले स्वतन्त्ररूपमा ३ नम्बर क्षेत्रबाट उम्मेदवारी दिएकी छिन्।

# सुनसरीमा एमाले र कांग्रेसकै प्रतिस्पर्धा

**राजु घिसिङ**

धरान– संविधानसभा निर्वाचनमा सुनसरीमा नेकपा एमाले र नेपाली कांग्रेसबीच नै कडा प्रतिस्पर्धा हुने भएको छ, तथापि दुवै दलको मत नेकपा माओवादी तथा मधेसी जनअधिकार फोरमले काट्ने निश्चित छ। एमालेमा अवसर नपाई रुष्ट भएकाहरू जनआन्दोलन-२ देखि माओवादीमा प्रवेश गरे भने कांग्रेसमा अवसर नपाएका नेता-कार्यकर्ताहरू मधेस आन्दोलन समाप्तिसँगै जनअधिकार फोरममा छिरेका छन्।

पहिलो संसदीय निर्वाचनमा ५ वटा क्षेत्र रहेको सुनसरीमा एमालेका उम्मेदवारले क्षेत्र नम्बर १ र २ मा जितेका थिए भने बाँकी ३ क्षेत्रमा कांग्रेस उम्मेदवार विजयी भएका थिए। निर्वाचनक्षेत्र वृद्धि गरी ६ वटा बनाइएको सुनसरीमा यसपालि मुख्य प्रतिस्पर्धा कांग्रेस-एमालेबीच नै हुने नेता-कार्यकर्ता, समाजसेवी एवं बुद्धिजीवीहरू बताउँछन्। कांग्रेस नेतृ सुजाता कोइराला, कांग्रेसको टिकट त्यागी फोरममा प्रवेश गरेका विजयकुमार गच्छदार तथा एमाले कोसी अञ्चल इन्चार्ज भीम आचार्य तथा फोरम अध्यक्षले उम्मेदवारी दिएकाले पनि सुनसरीको निर्वाचन वातावरण तातिएको छ।

एमालेका उम्मेदवार धरानका पूर्वनगरप्रमुख मनोजकुमार मेयाङ्बो क्षेत्र नम्बर १ मा बलियो मानिएका छन्। कांग्रेस उम्मेदवार उमा बाँस्तोलाले मेयाङ्बोलाई कडा टक्कर दिन सक्छिन्। समाजमा भिजेका स्थानीय नेताहरूलाई टिकट नदिएकाले कांग्रेस कार्यकर्ताहरू रुष्ट भए पनि ८४ हजार २ सय ३ मतदाताहरू भएको धरान नगरपालिका तथा पाँचकन्या गाविसमा कांग्रेसी मत 'ब्रान्डेड' भएकाले उमाको सम्भावना प्रबल भएको बताइन्छ। माओवादीका युवा उम्मेदवार किरण राईले एमालेका धेरै मत काट्न सक्छन्। यद्यपि ०५६ सालको आमनिर्वाचनमा तत्कालीन मालेका उम्मद्वारले काटे जति मत माओवादीकाले खोस्न नसक्ने एमाले नेता दावी गर्छन्। यो पहिलेदेखि नै एमालेले जित्दै आएको क्षेत्र हो।

एमालेका जिल्लासचिव धर्मराज निरौला तथा कांग्रेसका अम्बर बहादुर गौलीबीच जिल्लाकै सर्वाधिक ९१ हजार ५६ मतदाता भएको इटहरी नगरपालिका र ५ गाविस रहेको क्षेत्र नम्बर २ मा टक्कर हुने देखिन्छ। कांग्रेसको गढ मानिएका १४ गाविसका ७२ हजार ५ सय ८५ मतदाता भएको क्षेत्र नम्बर ३ मा अगमलाल चौधरीलाई एमालेकी श्रीकुमारी चौधरीले चुनौती दिनेछिन्। कांग्रेस छाडी फोरममा प्रवेश गरेका प्रभावशाली नेता तथा पूर्वमन्त्री विजय गच्छदार पनि यही क्षेत्रबाट चुनाव लड्दै छन्। पहिले गच्छदारको बलियो पकड क्षेत्र मानिएको क्षेत्र नम्बर ३ मा यहाँ यी तीनमध्ये कसले जित्छ ? अनुमान गर्न कठिन छ।

कांग्रेसका सीताराम मेहता तथा एमालेका पर्शुराम यादवबीच सुनसरीको दक्षिणी भाग क्षेत्र नम्बर ४ मा टक्कर हुने देखिन्छ। तराई आन्दोलनको उपलब्धिले फोरमका उम्मेदवार मुगालाल मेहतालाई पनि बलियो मानिएको छ। इनरुवा नगरपालिका तथा ११ गाविस रहेको यो क्षेत्रमा ७४ हजार ९ सय ७८ मतदाता छन्। कांग्रेस नेतृ सुजाताविरुद्ध फोरम संयोजक उपेन्द्र यादवको उम्मेदवारीले क्षेत्र नम्बर ५ को निर्वाचन वातावरण रोमाञ्चक बनेको छ। विगतको कांग्रेस किल्लामा फोरम संयोजकको उम्मेदवारीले एमालेका महफुज अन्सारीको भाग्य चम्कन सक्छ। दश गाविसका ७१ हजार १ सय ६७ मतदाता भएको यो क्षेत्रमा चिकित्सक डा. खालिद हुसेन हकले राप्रपाबाट उम्मेदवारी दिएका छन्।

पछिल्लो आमनिर्वाचनमा विजयी एमालेका भीम आचार्यलाई क्षेत्र नम्बर ६ मा कांग्रेसका जिल्ला अध्यक्ष राम बहादुर बस्नेतले चुनौती दिनेछन्। आठवटा गाविसका ८३ हजार ९ सय ८४ मतदाता भएको यस क्षेत्रमा फोरम उम्मेदवार कासीलाल चौधरीका समर्थकको संख्या पनि कम छैन। एमाले क्षेत्र नम्बर १, २ र ६ मा चुनाव जित्ने दाबी गरेको छ भने माओवादीले खम्बुवान राष्ट्रिय मोर्चासँग तालमेल गरेको छ।

क्षेत्र नम्बर ५ मा सर्वाधिक २८ जना उम्मेदवार छन्। यहाँ १३ जना स्वतन्त्र उम्मेदवार छन्। जिल्लामा स्वतन्त्रबाट चुनाव लड्नेहरूको संख्या ३७ छ। आधा आकाश ढाक्ने महिलाको उम्मेदवारी यहाँ नाराभै सीमित भयो। क्षेत्र नम्बर ४ मा महिला उम्मेदवार नै छैनन्। जिल्लामा स्वतन्त्र र दलबाट गरी कुल उम्मेदवारको ९ दशमलव ६ प्रतिशत अर्थात् १३ जना महिला चुनाव लड्दैछन्। सुनसरीका अधिकांश उम्मेदवार तराईवासी तथा इस्लाम समुदायका छन्।

१३ जनाले उम्मेदवारी फिर्ता लिएको सुनसरीमा स्वतन्त्र र दलका गरी कुल १ सय ३६ जना प्रत्यक्ष निर्वाचनमा भिड्दैछन्।

# म्याग्दीमा त्रिपक्षीय प्रतिस्पर्धा

**घनश्याम खड्का**

म्याग्दी– एउटा मात्र निर्वाचन क्षेत्र भएको म्याग्दीमा एमाले, कांग्रेस र माओवादीबीच कडा प्रतिस्पर्धा देखिएको छ। कुल ८८ हजार १ सय ४७ मतदाता रहेको यो जिल्लाका करिब ३० हजार मतदाता वैदेशिक रोजगारीमा रहेको अनुमान गरिन्छ।

एमालेको मतलाई माओवादीले तान्ने र अघिल्ला संसदीय निर्वाचनमा तेस्रो शक्तिको रूपमा देखिएको राप्रपाको एउटा भरपर्दो समूहले आफूलाई समर्थन गरेकाले यसपटकको निर्वाचन आफ्नो पक्षमा पल्टने विश्वास कांग्रेसका रेशमबहादुर बानियाँको छ। कांग्रेसका युवा नेता बानियाँ तरुण-युवाहरूबीच लोकप्रिय छन्।

अधिकांश युवा विदेश रहेका कारण महिला मतदाता तथा मगर जातिको बाहुल्य रहेको यो जिल्लामा प्रतिस्पर्धी उम्मेदवारहरू जातीय रूपमा क्षेत्री/बाहुनबाट रहेकाले एमालेकी नरदेवी पुनले जातीय तथा महिलाहरूको मत पाउने देखिन्छ तर यो अनुमानलाई उल्टाउने दाउमा माओवादीका गोविन्द पौडेल लागिपरेका छन्। संविधानसभा निर्वाचनमा अल्पमतमा परे फेरि लडाइँ हुने र अशान्ति मच्चिने धम्कीसहित प्रचारमा ओर्लिएका माओवादी उम्मेदवार पौडेल युद्धबाट प्रशिक्षित कार्यकर्ताको जमात र संगठन बलियो भएकाले यस पटकको निर्वाचनमा जनताले नयाँ दलको मीठो फल चाख्ने कुरामा ढुक्क छन्। माओवादी सदरमुकाम बेनीमा आयोजित आफ्ना पहिलो सभामा अन्य पार्टीले अनुमान गरेभन्दा बढी जन उपस्थिति देखिएपछि दंग परेको छ।

पार्टीहरूले आ-आफ्ना तर्क प्रस्तुत गरेका भए पनि एमाले, कांग्रेस र माओवादीबीच कडा प्रतिस्पर्धा हुने निश्चित छ। प्रचार-प्रसार तथा घरदैलो अभियानमा हिंडेकी एमाले उम्मेदवार नरदेवी पुन र कांग्रेसका रेशमबहादुरले निर्वाचनमा मुख्य रूपमा एमाले-कांग्रेसबीच दुई पक्षीय प्रतिस्पर्धा हुने दावी गर्दै आएका छन्। उता माओवादीले भने एमालेसँग कडा प्रतिस्पर्धा हुने अनुमान गरेको छ। 'राजनैतिक रूपमा कांग्रेससँग प्रतिस्पर्धा भए पनि निर्वाचनमा मुख्य रूपमा एमाले र माओवादीबीचमै प्रतिस्पर्धा हुन्छ' माओवादीका उम्मेदवार गोविन्द पौडेल (प्रवीण) ले जिल्लाको निर्वाचन स्थिति मूल्यांकन गर्दै दावी गरे।

२०४८ र ०५१ को संसदीय निर्वाचन तथा ०५४ सालको स्थानीय निर्वाचनमा वर्चस्व कायम गरेको एमालेकी अहिलेकै उम्मेदवारलाई ०५६ सालमा कांग्रेसका नारायणसिंह पुनले ७ सय मतको झिनो अन्तरले पराजित गरेका थिए। एमालेबाट फुटेको मालेले ३ हजार मत पाएको थियो भने नारायणसिंहले पाँचवटा बुथ क्याप्चर गरेको आरोप लागेको थियो। तीनवटै संसदीय निर्वाचनमा राप्रपाले १० हजारभन्दा बढी मत पाएर तेस्रो स्थान सुरक्षित गर्दै आएको थियो।

# लाग्यो निर्वाचनको रन्को

पृष्ठ १ बाट जारी

तयारी गरिएको संविधानसभा निर्धारित मितिमा नहुनुले यो शंकालाई थप बल प्रदान गरेको हो। त्यस्तै निर्वाचनका उम्मेदवारदेखि दलका कार्यकर्ताहरूको हत्याको श्रृङ्खला बढ्दै जाँदा निर्वाचन बिथोलिने पो हो कि ? भन्ने सन्त्रास बढेको हो। संविधानलेखनको यो निर्वाचनलाई संसदिय निर्वाचनकै रूपमा हेर्नेहरू पनि प्रशस्तै छन्। अझ निर्वाचनमा सहभागी दलहरूले निर्वाचन जितेपछि यस्तो गर्छौं, उस्तो गर्छौं भनेर मीठा सपना बाँडिरहेको दृश्य देखिनु, संविधानसभा निर्वाचनका बारेमा जनतालाई सचेत गराउनुको सट्टा निर्वाचन चिन्हका बारेमा प्रस्ट्याउँदै हिँड्नुले जनतामा यो निर्वाचन पनि पुरानै संसदीय निर्वाचन हो कि भन्ने भ्रम बढेको हुनसक्छ। स्थायी शान्तिको कामना गरेका नेपाली जनताले भने निर्वाचन भएपछि देशमा अमनचयन कायम हुने विश्वासमा निर्वाचनको औचित्य के भनेर बुझ्न आवश्यक पनि मानेका छैनन्।

तराई आन्दोलन चलिरहँदा समेत संविधानसभाको निर्वाचन शंकाको घेरामा थियो, तर जब तराई-मधेस जनअधिकार फोरम, नेपाल सद्भावना पार्टीलगायतका तराईका दलहरूसँग सरकारी वार्ता सफल भयो, त्यसपछि भने निर्वाचनको वातावरण एकाएक बढेको छ। केही दिनअघि मात्र ताम्सालिङ, लिम्बुवान र खम्बुवानको साझा मोर्चा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग पनि वार्ता सफल भएपछि निर्वाचन अब सबैको एक मात्र एजेन्डा बनेको देखिएको छ, तर पनि तराईमा सशस्त्र आन्दोलन गरिरहेका जनतान्त्रिक तराई मोर्चा गोइत र ज्वाला समूहलगायत तराई कोब्रा, मधेसी टाइगर, डिफेन्स आर्मी आदिले निर्वाचनको सशक्त वहिष्कार गर्ने बताएकाले हिंसात्मक वातावरणको भय यथावत् छ। बाँके क्षेत्र नम्बर ४ मा राष्ट्रिय जनमोर्चाका तर्फबाट उम्मेदवार बनेका कमलप्रसाद अधिकारीको हत्या तथा अन्य स्थान विभिन्न दलका कार्यकर्ताको हत्या बढ्दै गएकाले निर्वाचन बिथोल्न गिरोहहरूको सक्रियता बढेकोतर्फ पनि संकेत मिलेको छ।

संविधानसभाको निर्वाचन २ सय ४० वर्ष लामो शाही शासनलाई औपचारिक रूपमा अन्त्य भएको घोषणा गर्ने भएकाले पनि यो चर्चाको विषय बनेको हो। निर्वाचनअघि नै जारी भएको संविधानमा संविधानसभाको पहिलो बैठकबाट राजतन्त्र अन्त्य भएको घोषणा गर्ने सहमति उल्लेख भएकाले राजतन्त्रको अन्त्य लगभग निश्चित छ। यस्तो अवस्थामा निर्वाचनका विरुद्ध राजावादी समूह पनि सक्रिय छ तर निर्वाचनमा केही राजावादी दलले सहभागिता जनाउँदै संवैधानिक राजतन्त्र यथावत् कायम हुनुपर्ने विषयलाई चुनावी एजेन्डा बनाएका छन्।

प्रत्यक्ष निर्वाचनमा ५७ दलका ३ हजार ९ जना उम्मेदवार निर्वाचन मैदानमा छन्। त्यसैगरी समानुपातिक निर्वाचनमा ५४ दलले ६ हजार उम्मेदवारको बन्दसूची निर्वाचन आयोगमा पेस गरेका छन्। निर्वाचन आयोगका अनुसार निर्वाचनको सबै तयारी पूरा भैसकेको छ। प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलका अनुसार निर्धारित कार्यक्रमअनुसार अब निर्वाचन सफल रूपमा सम्पन्न हुनेछ। पोखरेल भन्छन्- 'आयोगले निर्वाचन टोलीदेखि उम्मेदवार र बुथ सुरक्षासम्म सबै क्षेत्रमा कडा व्यवस्था मिलाएकाले अब कसैले निर्वाचन बिथोल्न सक्ने अवस्था छैन।' यसपटकको निर्वाचनमा ४८ संस्थाका करिब १ लाख पर्यवेक्षकले निर्वाचन गतिविधिलाई पर्यवेक्षण गर्ने भएकाले निर्वाचन धाँधलीरहित हुने पोखरेलले जिकिर गरे। पर्यवेक्षणमा विदेशी संस्थासमेत सामेल छन्।

### तालमेलको सम्भावना न्यून

एमाले माओवादीलगायत वामपन्थी दलहरूबीच निर्वाचन कार्यगत एकता हुन नसक्ने लगभग पक्का भैसकेको छ। एमालेका एक केन्द्रीय नेताका अनुसार स्थान हेरेर स्थानीय तहमा एकता भए पनि पार्टीगत रूपमा अब एकताको सम्भावना छैन। ती नेताका अनुसार माओवादीलगायतका अन्य दलले हैसियतभन्दा ठूलो भाग खोजेकाले वामपन्थी एकता हुन नसकेको हो। यता मधेसवादी दलहरूको एकताले नेपाली कांग्रेसलाई तराईमा घाटा पर्ने भनिए पनि ती दलहरूबीच पनि एकता हुने छाँट छैन। सद्भावना राजेन्द्र महतो तथा तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) बीच केही स्थानमा कार्यगत एकता हुनेबाहेक अन्य दलबीच सहमतिको वातावरण बन्न सकेन्। विशेष गरी मधेसी जनअधिकार फोरम र तमलोपाबीच कार्यगत एकता भएको अवस्थामा नेपाली कांग्रेसलाई गाह्रो हुने अवस्था थियो। अन्य दलहरूबीच आपसी तालमेल नभएको अवस्थामा कांग्रेसलाई फाइदा पुग्न सक्ने देखिएको छ।

त्यस्तै निर्वाचनमा उम्मेदवार बनेका मुख्य दलका प्रभावशाली र लोकप्रिय उम्मेदवारलाई जिताउने वातावरणसमेत बन्न सकेन। दलहरूले आफ्नो प्रभाव बलियो भएको उल्लेख गर्दै तालमेलमा नजाने निर्णय गरेका थिए। अझ कतिपय स्थानमा संविधान निर्माण प्रक्रियाका लागि आउनै पर्ने उम्मेदवारहरू एकै स्थानमा भिडिरहेका हुनाले योग्य उम्मेदवार पनि निर्वाचनमा पछारिने निश्चित छ।

### प्रवेश र वहिर्गमन

निर्वाचन नजिकिँदै जाँदा दल प्रवेश र वहिर्गमनको लहर नै चलेको छ। ठूला तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादीमा बढी मात्रामा यसको प्रभाव देख्न सकिन्छ। एमालेबाट बाहिरिएर प्रजापरिषद्मा गएका काठमाडौंका पूर्व मेयर केशव स्थापित र माओवादीका पूर्व पोलिटब्युरो सदस्य रवीन्द्र श्रेष्ठ एमालेमा प्रवेश गरेका छन्। यसबाहेक निर्वाचन समीकरणसँगै जिल्लास्तरीय कार्यकर्ताहरू आफ्नो दल छोडेर अर्को दलमा जाने लहर नै सिर्जना भएको छ।

### हल्लाको सहारा

निर्वाचन भएको देख्न नचाहनेहरू यतिखेर संविधानसभाको निर्वाचन नहुने भयो भनेर बजारी गफ पिट्दै हिँडेका छन्। उनीहरूले निर्वाचनको मुखमा ठूलो रक्तपात मच्चिने र निर्वाचन स्थगित हुने हल्ला फिजाउँदै हिँडेको एमालेका उम्मेदवार योगेश भट्टराई बताउँछन्। युवा नेता भट्टराईका अनुसार तर गणतन्त्रवादी युवाहरूको ठूलो जमात निर्वाचनमा होमिएकाले यस्ता हल्लाहरू हल्लामै सीमित हुनेछन्।

### निर्वाचन आरोप-प्रत्यारोप

दलका नेताहरूबीच आरोप-प्रत्यारोप चल्नुले पनि निर्वाचन सरगर्मी बढेको संकेत पाइन्छ। यस पटकको निर्वाचनमा कसैलाई गालीगलौज नगरी आफ्नो कार्यक्रमलाई बढी प्राथमिकता दिने बताए पनि दलका नेताहरू एक-अर्कालाई कटाक्ष गर्न थालिसकेका छन्। आरोपको यो राजनीतिमा नेपाली कांग्रेस अन्य दलको तुलनामा पछाडि देखिन्छ। विशेष गरी नेकपा माओवादी र नेकपा एमालेबीच गालीगलौजको श्रृङ्खला निम्न स्तरसम्म पुगिसकेको छ। निर्वाचनको विषयलाई लिएर दुई दलबीच कार्यगत एकता हुन नसकेपछि दुवै दल एक-अर्कामा खनिएका हुन्। माओवादी अध्यक्ष प्रचण्डले नै यसको सुरुवात गरेका हुन्। यतिखेर एमाले महासचिव माधवकुमार नेपाल पनि प्रचण्डलाई जवाफ फर्काउँदै निर्वाचन भाषण गरिरहेका छन्। एमालेका अर्का प्रभावशाली नेता केपी ओली आफ्नै शैलीमा विभिन्न उखान-टुक्का प्रयोग गर्दै माओवादीलाई गाली गरिरहेका भेटिन्छन् भने माओवादीका अर्का ठूला नेता डा. बाबुराम भट्टराई पनि गाली गर्ने मामलामा अगाडि देखिएका छन्। वामपन्थी विश्लेषकहरूका अनुसार आफू ठूलो भन्ने घमन्डमा दुई दलबीच गाँड कोराकोरको खेल चलिरहेको हो। विशेष गरी अन्तरिम संसद्मा एमाले बराबरको सिट खोजेर भनेबमोजिम नै सिट पाएको माओवादीको हैसियत प्रस्ट पार्न एमालेले कार्यगत एकता नगरेको विश्लेषकहरू बताउँछन्। उनीहरूका अनुसार माओवादीले पनि अन्तरिम संसद्को हैसियत कायमै राख्न एमालेसँग एकता गरेर निर्वाचनमा जाने रणनीति बनाए पनि त्यो सफल हुन सकेन। यसकारण पनि अहिले यी दुई दलबीच भालेयुद्ध चलिरहेको छ। यसबाहेक राजावादी दलका नेताहरू पनि प्रजातान्त्रिक शक्तिका विरुद्ध खनिन थालेका छन्। यसको नेतृत्व कमल थापाले गरेका छन्।

### कुटाकुटको राजनीति

निर्वाचन नजिकिँदै गएपछि अहिले हिंसाको राजनीतिले प्रश्रय पाउन थालेको छ। एकातर्फ निर्वाचन बहिष्कार गर्नेहरूले उम्मेदवारको हत्या गरिरहेका छन् भने अर्कातर्फ उम्मेदवारी दिएका दलहरूबीच भिडन्तको राजनीतिको श्रृङ्खला बढेको छ। विशेष गरेर हिंसाको राजनीति छोडेको भनेको माओवादीले अहिले पनि कतिपय स्थानमा दलहरूलाई निर्वाचन सभा गर्न दिएको छैन। निर्वाचन प्रचारको अभियानमा गाउँ पुगेका एमाले र कांग्रेस कार्यकर्ताहरू माओवादी आक्रमणको सिकार भएका छन्। उता अज्ञात समूहबाट माओवादी कार्यकर्ताको हत्या हुनुले निर्वाचन बिथोलिने सम्भावना पनि देखिएको छ। त्यस्तै सरकार-माओवादी सम्झौतापछि घर फर्किएका द्वन्द्व विस्थापितहरू निर्वाचनको सम्मुखमा फेरि गाउँबाट लखेटिनुले हिंसाको वातावरण कायमै रहेको प्रस्ट हुन्छ।

## जनमत कता छ ?

निर्वाचनमा कसको पल्ला भारी छ ? अहिले कसैले पनि स्पष्ट रूपमा यसको उत्तर दिन सक्ने अवस्था छैन, तर लामो समयपछि हुन गैरहेको यो निर्वाचनमा कमसेकम पुराना ठूला दलको अस्तित्व कायमै रहन सक्ने अनुमानसम्म गर्न सकिन्छ। नयाँ राजनैतिक परिवर्तनपछि सशस्त्र आन्दोलन गरिरहेका समूहहरू पनि निर्वाचनमा भएकाले उनीहरूप्रति जनधारणा कस्तो छ भन्ने निर्वाचनले नै स्पष्ट पार्ने निश्चित छ। विशेष गरी १४ वर्ष ससस्त्र आन्दोलन गरेको नेकपा माओवादीले बहुमत ल्याउने भने पनि उसको पक्षमा जनमत कत्ति छ भन्ने कुरालाई पनि निर्वाचनपछि आउने विवरणले मात्रै प्रस्ट पार्नेछ। निर्वाचन आफ्नो पक्षमा आएन भने फेरि पनि हतियार उठाउने कुरा गर्नुले माओवादीहरूले अहिले घुर्कीको राजनीति प्रारम्भ गरिसकेको संकेत दिन्छ।

## युवा मतदाता धेरै तर उम्मेदवार कम

आन्दोलनको समयमा दलहरूले अस्त्रका रूपमा युवा शक्तिलाई प्रयोग गर्छन्। हरेक राजनैतिक आन्दोलनमा युवाहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले आन्दोलन सफल पार्न उनीहरूको प्रयोग अनिवार्य सर्त हो। यसपटकको निर्वाचनमा कुल मतदाता १ करोड ७६ लाख ९ हजार ८ सय ९५ मध्ये ३५ वर्ष मुनिका युवा मतदाताको संख्या ८९ लाख ४१ हजार ७ सय ९४ छ। ५० प्रतिशतभन्दा बढी युवा मतदाता रहे पनि नेपाली कांग्रेस र नेकपा एमालेले ३५ वर्षभन्दा कमका अत्यन्तै कम व्यक्तिलाई उम्मेदवार बनाएका छन्। प्रत्यक्ष निर्वाचनमा नेकपा एमालेले ३५ वर्षभन्दा कम उमेरका ९ जनालाई उम्मेदवार बनाएको छ भने नेपाली कांग्रेसले २ जना र माओवादीले ८४ जनालाई उम्मेदवार बनाएको छ। माओवादीका नेता वर्षमान पुन: माओवादीले मात्र युवा पुस्तालाई अगाडि बढाएको तर्क गर्छन्। भविष्य हाँक्ने जिम्मेवारी युवा पुस्ताको भएकाले माओवादीले युवा पुस्तालाई उम्मेदवारी दिएको पुनले बताए। त्यसैगरी संविधान निर्माण गर्न विशेषज्ञहरूलाई समानुपातिक विधिबाट लानुपर्नेमा समानुपातिक सूचीमा पनि राष्ट्रियसभाजस्तै काम नलाग्नेहरूलाई थन्क्याउने शैली अपनाइएको छ।

## परिवारवाद निर्वाचनमा पनि

आसन्न निर्वाचनमा एउटै परिवारका सदस्यहरू विभिन्न स्थानमा निर्वाचन लडिरहेका छन्। ठूला दलहरूमध्ये कांग्रेस, एमाले र माओवादीमा गरेर दुई दर्जनभन्दा बढी परिवारका सदस्य उम्मेदवार बनेका छन्। नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला समानुपातिक निर्वाचनका उम्मेदवार बनेका छन् भने उनकी पुत्री सुजाता कोइराला सुनसरी क्षेत्र नम्बर ५ बाट प्रत्यक्ष निर्वाचनमा भिड्दै छिन्। काठमाडौं १० र रोल्पा २ गरी दुई स्थानमा निर्वाचनमा उठेका पुष्पकमल दाहालकी छोरी रेणु दाहाल समानुपातिककी उम्मेदवार हुन्। त्यसैगरी श्रीमान्-श्रीमतीतर्फ नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा डँडेलधुरा र कञ्चनपुर ४ बाट उम्मेदवार बनेका छन् भने उनकी श्रीमती आरजु राणा देउवा समानुपातिककी उम्मेदवार हुन्। एमालेका भरतमोहन अधिकारी मोरङ २ र उनकी श्रीमती सविता अधिकारी समानुपातिकका उम्मेदवार बनेका छन्। त्यस्तै अमृतकुमार बोहोरा समानुपातिक तथा उनकी श्रीमती अष्टलक्ष्मी शाक्य काठमाडौं ८ बाट उठेकी छिन्। एमालेका अर्का ठूला नेता वामदेव गौतम बर्दिया १ बाट निर्वाचन मैदानमा छन् भने उनकी श्रीमती तुलसा थापा समानुपातिक सूचीमा छिन्। एमालेकै गोविन्द कोइराला बाँके ४ तथा उनकी श्रीमती गौरा प्रसाई कोइराला समानुपातिकमा उम्मेदवार छिन्। माओवादीका डा. बाबुराम भट्टराई गोर्खा २ बाट उठेका छन्। त्यसैगरी उनकी श्रीमती हिसिला यमी काठमाडौं ७ की उम्मेदवार हुन्। ललितपुर १ बाट उठेका माओवादी नेता वर्षमान पुन अनन्तकी श्रीमती ओनसरी घर्ती समानुपातिककी उम्मेदवार हुन्। माओवादीका देव गुरुङ कास्की १ बाट उठेका छन् भने उनकी श्रीमती यशोदा सुवेदी समानुपातिककी उम्मेदवार हुन्। माओवादीका श्रीमान्-श्रीमती उम्मेदवारहरूमा हितमान शाक्य-अमृता थापा, गणेशमान पुन-कमला रोक्का, कुलप्रसाद केसी सोनाम-तारा घर्ती आदि छन्।

एकै परिवारका सहोदर दाजुभाइहरू पनि निर्वाचन मैदानमा भिड्दैछन्। अझ एमालेबाट ३ जना सहोदर दाजुभाइ प्रत्यक्ष निर्वाचनका उम्मेदवार बनेका छन्। एमाले स्थायी समिति सदस्य युवराज ज्ञवाली दाङ ३ बाट उठेका छन् भने उनका भाइहरू रामकुमार ज्ञवाली र लक्ष्मण ज्ञवाली क्रमशः कञ्चनपुर १, बर्दिया ३ का उम्मेदवार हुन्। त्यसैगरी एमालेकै मुकुन्द न्यौपाने र केदार न्यौपाने दुवै समानुपातिक सूचीमा आवद्ध उम्मेदवार हुन्। कांग्रेसमा नुवाकोट क्षेत्र नम्बर १ मा उठेका अर्जुननरसिंह केसीका भाइ जगदीशनरसिंह केसी समानुपातिक सूचीमा छन्। त्यसैगरी नुवाकोट क्षेत्र नम्बर २ मा उम्मेदवार बनेका डाक्टर रामशरण महतका भाइ डाक्टर प्रकाशशरण महत समानुपातिकमा समाविष्ट छन्।

संविधानसभा निर्वाचनलाई निर्धारित समयमै सम्पन्न गराउन यतिखेर विभिन्न दलसम्बद्ध युवाहरू प्रचार अभियानमा सक्रिय छन्। जनआन्दोलन भाग–२ लाई सफल बनाउन महत्त्वपूर्ण योगदान दिएका युवाहरूका निम्ति यो निर्वाचन अहिले उत्सवका रूपमा आएको छ। आन्दोलनलाई सफल बनाउन आफ्नो ज्यान बाजी थापेर अघि सर्ने युवाहरूका प्रतिनिधि नेताहरूले संविधानसभा निर्वाचनसँग युवा सरोकारका विषयलाई कुन रूपले हेरेका छन् भनेर साप्ताहिकले कुराकानी गरेको थियो।

संविधानसभा निर्वाचनमा प्रत्यक्ष तथा समानुपातिक तर्फबाट उम्मेदवारमा उठेका विभिन्न दलसम्बद्ध यी उम्मेदवारलाई हामीले साझा पाँच प्रश्न राखेका थियौं। नेकपा एमालेका युवा नेता तथा काठमाडौं क्षेत्र नम्बर ६ बाट निर्वाचनमा उठेका योगेश भट्टराई, नेपाली कांग्रेसका युवा नेता तथा समानुपातिक सूचीमा समावेश गगन थापा, नेकपा माओवादी जनसेनाका डेपुटी कमान्डर तथा ललितपुर क्षेत्र नम्बर १ का उम्मेदवार वर्षमान पुन 'अनन्त', तराई मधेस लोकतान्त्रिक पार्टीअन्तर्गतको तराई–मधेस युवा मोर्चाका उपत्यका अध्यक्ष तथा समानुपातिक सूचीमा रहेका ज्ञानेन्द्र झा एवं विद्यार्थी राजनीति, विशेष गरी जनआन्दोलन भाग २ बाट चर्चामा आएकी नेतृ कैलाली क्षेत्र नम्बर २ की उम्मेदवार टीका चौधरीले हाम्रा प्रश्नको उत्तर दिनुभएको थियो।



योगश भट्टराई



# के भन्छ युवा नेतृत्व





**संविधानसभामा निर्वाचनमा युवाहरूको भूमिका के हुनुपर्छ ?**

**योगेश :** पहिलो कुरा, जनआन्दोलनका भावनालाई पूर्ण रूपमा कार्यान्वयन गराउन पहल गर्ने, दोस्रो संविधानसभाको निर्वाचनले नयाँ संविधान निर्माण गर्ने भएकाले त्यसबारेमा आफ्नो दललाई संवैधानिक बाटोमा ल्याएर पार्टीलाई जनउत्तरदायी बनाउने, तेस्रो पार्टीभित्र आन्तरिक लोकतान्त्रीकरण गर्ने, चौथो अहिले निर्वाचन प्रचार अभियानमा देखिएको अस्वस्थ वातावरणको अन्त्य गर्दै सबै दलका युवाहरूले मित्रवत भूमिका खेल्नुपर्छ।

**गगन :** संविधानसभा निर्वाचनको सन्दर्भमा युवाहरूले मुख्य रूपमा दुई प्रकारले भूमिका खेल्न सक्छन्। पहिलो आममतदातामध्ये ३५ वर्षमुनिका मतदाताको संख्या आधाभन्दा धेरै छ। त्यसैले निर्वाचनलाई सफल बनाउन युवा सहभागिता जतिसक्दो धेरै हुनु आवश्यक छ। अहिलेको अवस्थामा मुलुकलाई नयाँ ढङ्गले अघि बढाउन पनि युवाहरू निर्वाचनमा जुट्नु आवश्यक छ। दोस्रो निर्वाचनमा प्रतिस्पर्धा गर्ने दलहरूबीचको सम्बन्ध जति हार्दिक र सुमधुर हुनसक्छ, निर्वाचन पनि त्यतिकै सहज रूपमा सम्पन्न हुन्छ। त्यसकारण निर्वाचनलाई स्वस्थ बनाउन युवाहरूले भूमिका खेल्न सक्नुपर्छ।

**अनन्त :** अहिले हामी इतिहासकै निर्णायक मोडमा छौं, हरेक परिवर्तनमा युवाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यसमा पनि नयाँ नेपालका संविधान निर्माण-प्रक्रियामा युवाहरूको भूमिका अग्रणी हुने भएकाले निर्वाचनमा हाम्रो पार्टीले धेरै युवालाई धेरै टिकट दिएको छ। किनभने आगामी भविष्य युवाहरूकै हो, त्यसैले आफ्नो भविष्य निर्माण गर्ने अवसर युवालाई नै दिनुपर्छ भन्ने हाम्रो मान्यता हो। हाम्रो पार्टीले युवाको निर्णायक, प्रौढको सन्तुलित र वृद्धहरूको अभिभावकत्वको भूमिका हुनुपर्छ भनेको छ। यदि युवापुस्ताको भूमिका निर्णायक नहुने हो भने नयाँ नेपाल सम्भव छैन्। अहिलेको निर्वाचनमा नीतिगत आधार र सही विचारमा युवाहरूले विवेकको प्रयोग गर्नुपर्छ। आमनेपाली जनतालाई शिक्षित बनाउने, स्वंयसेवकका रूपमा निर्वाचनलाई सही ढङ्गले सम्पन्न गराउने र खबरदारी गर्ने काम युवाहरूको हो।

**ज्ञानेन्द्र :** आगामी नेपाल निर्माणका लागि अहिले युवापुस्ताको सक्रियता अत्यन्तै आवश्यक छ। शान्तिपुर्ण वातावरणमा निर्वाचन सफल गराउन युवाहरूले अहं भूमिका खेल्न सक्छन्। निर्वाचनमा जतिसक्दो धेरै युवाको सहभागिता आवश्यक छ।

**टीका :** देश विकासका निम्ति युवा सक्रियता अनिवार्य सर्त हो। अहिले त झन् मुलुकको भविष्य कोर्ने संविधान निर्माण गर्ने समय भएकाले युवापुस्ताको भूमिका महत्त्वपूर्ण छ। नयाँ नेपाल निर्माण गर्ने यो अभियानअन्तर्गत मुलुक र युवाहरूको भविष्य रूपरेखालाई संविधानसभाले मात्र सुनिश्चित गर्न सक्छ। मुख्य कुरा, युवा पुस्ता परिवर्तन, चेतना र विकासका वाहक भएकाले मुलुकलाई अग्रगतिमा डोऱ्याउन युवाहरूको भूमिका महत्त्वपूर्ण हुने निश्चित छ।

**युवा पुस्तालाई संविधानसभाले के दिनुपर्छ ?**

**योगेश :** हामी यतिखेर नयाँ नेपाल बनाउने अभियानमा जुटेका छौं। लोकतान्त्रिक गणतन्त्रसहितको सबल एवं समृद्ध नेपालको परिकल्पनामा अहिलेको युवा पुस्ता छ। अब बोल्ने, लेख्ने मात्र होइन, प्रत्येक नागरिकको जीवनस्तर सुदृढ गर्ने प्रजातन्त्र चाहिएको छ, अहिलेका युवा समानताको जगमा खडा भएको नेपाल हेर्न चाहन्छन्। जहाँ आत्मस्वाभिमान हुन्छ। शिक्षाको अधिकार, रोजगारीको अधिकारलगायत सबै क्षेत्र त्यहाँभित्र समेटिएको होस्। सबै क्षेत्रमा पूर्ण प्रजातान्त्रिक वातावरण कायम भएको नेपाल अबको संविधानसभाले दिनुपर्छ।

**गगन :** नयाँ संविधान दिने हो, त्यसपछि हाम्रो नयाँ यात्रा प्रारम्भ हुन्छ। जहाँ समावेशी लोकतन्त्र, संघात्मक राज्यव्यवस्था र गणतन्त्र संस्थागत हुनेछन्। निर्वाचनको सफलतासँगै युवा आकांक्षाहरू पूरा हुने सुनिश्चित छ। अहिले मुलुकले दिगो शान्ति र राजनैतिक स्थिरता खोजिरहेको छ। त्यो प्राप्तिसँगै युवाले शिक्षा, स्वास्थ्य, रोजगारजस्ता सबै अवसर सहजै पाउनेछन्।

**अनन्त :** नयाँ नेपाल दिनुपर्छ। स्वाधीन, जनमुखी, संघीय लोकतान्त्रिक गणतन्त्र युवाले खोजेका छन्। संविधानसभाको निर्वाचनपछि नेपाली जनताले आफैं मालिक हुने व्यवस्थाको परिकल्पना गरेका छन्। शिक्षा, स्वास्थ्य र रोजगारजस्ता आधारभूत पक्ष समेटिएको समृद्ध नेपाल अहिलेका युवालाई चाहिएको छ, त्यसका लागि निर्माणको खाका र योजना दिनुपर्छ। नेपाली जनताले यो निर्वाचनपछि शासन व्यवस्थामा आफ्नो प्रतिनिधित्व खोजेका छन्।

**ज्ञानेन्द्र :** हामीकहाँ बेरोजगार युवाको संख्या धेरै छ। त्यसैले यो निर्वाचनबाट युवाहरूले धेरै आशा राखेका छन्। युवाहरूले शिक्षा, स्वास्थ्य, रोजगार आदि आधारभूत आवश्यकताबाहेक आफू बस्ने स्थानमा 'लोकल-इन्फ्रास्ट्रक्चर डेभलप' भएको हेर्न चाहेका छन्। जहाँ उनीहरूले आफ्नो योग्यता र क्षमताले भ्याएसम्मको रोजगारी पाउन सक्ने अवस्था रहन्छ। संविधानसभाको निर्वाचनपछि मुलुक नयाँ बाटोमा प्रवेश गर्ने भएकाले त्यसपछि आम युवाचाहनालाई पूरा गर्ने लक्ष्य लिएर मुलुक अघि बढ्नेछ।

**टीका :** नयाँ नेपाल निर्माणको यो निर्वाचनले अवश्य पनि युवा आकांक्षालाई पूरा गर्नेछ। लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नेदेखि आफ्नो उज्ज्वल भविष्यको यात्राको कल्पना युवाले गरेका छन्। जसलाई संविधानसभा निर्वाचनको सफलताले पूरा गर्न सक्छ। नयाँ योजना, नयाँ दृष्टिकोण, नयाँ सोचले अवश्य पनि युवाहरूका साझा समस्याको निराकरण गर्नेछ। संविधानसभाको निर्वाचन पछिको मुख्य फाइदा नै अहिलेको युवा पुस्ताले लिनेछ, देशविकासको अभियानसँगै युवा पुस्ताका निम्ति पनि नयाँ कार्यक्रम आउनेछन्।

**संविधानसभाको निर्वाचनमा सही उम्मेदवारको छनौट गर्ने कि सही पार्टी ?**

**योगेश :** पहिलो छनौट पार्टी नै हो। हामीले चाहेको बहुदलीय संसदीय व्यवस्था हो, जहाँ पार्टीको भूमिका मुख्य हुन्छ। पार्टीको घोषणापत्रलाई उम्मेदवारले अघि सार्ने हो, तर पार्टीको घोषणापत्र बोकेर हिंड्न सक्ने सक्षम उम्मेदवारलाई जनताले निर्वाचित गराउनुपर्छ। यसकारण पार्टी पहिलो छनौट भए पनि सक्षम उम्मेदवार पनि अहिलेको अवस्थामा त्यत्तिकै आवश्यक हुन्छ।

**गगन :** मूलतः सही पार्टीको छनौट आवश्यक छ। बहुदलीय व्यवस्थामा धेरै हदसम्म पार्टीको भूमिका प्रभावकारी हुन्छ। पार्टीको भूमिका र कार्यक्रमअनुसार मतदाताले कुन पार्टी सही छ छनौट गर्नुपर्छ। त्यस्तै पार्टीको भूमिकालाई प्रभावकारी बनाउन सही उम्मेदवारको छनौट पनि त्यत्तिकै अनिवार्य हुन्छ। कतिपय अवस्थामा सही उम्मेदवारलाई विजयी बनाएमा उसले उसको पार्टीलाई सही बाटोमा डोऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

**अनन्त :** सही पार्टी र सही उम्मेदवार दुवै छनौट गर्नु आवश्यक छ। पहिलो कुरा पार्टी निर्णायक हो, तर व्यक्ति पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। कतिपय पार्टीमा देशभक्त गणतन्त्रवादी छन् भने पार्टीको दायराभन्दा बाहिर गएर पनि सोच्नुपर्छ। यद्यपि पार्टीको कार्यक्रम र योजना हेरेर पनि कसलाई छनौट गर्ने निर्णय लिन सकिन्छ।

**ज्ञानेन्द्र :** सही उम्मेदवारको छनौट आवश्यक छ। लोकतान्त्रिक व्यवस्थामा पार्टीहरू धेरै हुन्छन्। त्यस्तो अवस्थामा मतदाताले आफ्नो भविष्य हेरेर सही उम्मेदवार छनौट गर्नुपर्छ। पार्टीका कार्यक्रम हेरेर पनि कुन पार्टी सही छ, मूल्यांकन गर्न सकिन्छ। यद्यपि हामी सबै पार्टीभित्रका सक्षम व्यक्तिहरू निर्वाचित हुनुपर्छ भन्ने मान्यता राख्छौं।

**टीका :** पहिलो कुरा सही नेतृत्व दिन सक्ने पार्टी छनौट गर्नुपर्छ। यसअघिको अनुभवमा सही नेतृत्व दिएको पार्टीलाई मतदाताले मूल्यांकन गरेर मत दिनुपर्छ। त्यसपछि दोस्रोमा असल, कुशल तथा क्षमतावान् उम्मेदवारलाई छनौट गर्ने हो। यो निर्वाचनमा सही पार्टीका सही उम्मेदवारलाई जनताले छनौट गर्नेछन्। जनताका समस्यालाई उजागर गर्ने नैतिकवान उम्मेदवारको खाँचोको जनताले महसुस गरेका छन्, वास्तवमा सही पार्टीभित्र मात्र असल उम्मेदवार हुन्छन्। नेपालको हकमा प्रजातान्त्रिक आन्दोलनमा लामो समय सक्रिय नेपाली कांग्रेसले मात्र लोकतन्त्रलाई सस्थागत गर्न सक्छ। लोकतन्त्र सस्थागत भए मुलुकमा स्थायी शान्ति हुनेछ, त्यसपछि मुलुकका विकासलगायत अन्य सबै काम गर्न सकिन्छ।

**तपाईंको दृष्टिकोणमा युवा पुस्ताको प्रतिनिधिमूलक माग के–के हुन सक्छन् ?**

**योगेश :** लोकतान्त्रिक गणतन्त्र, संघीय शासन, दलभित्र आन्तरिक लोकतन्त्रको प्रत्याभूति हुनुपर्नेलगायतका साझा माग अहिलेको युवापुस्ताका छन्। वर्तमान परम्परावादी राजनैतिक नेतृत्वका कारण अहिलेको युवा पुस्तामा राजनीतिप्रति नै वितृष्णा छ, त्यसकारण उनीहरू युवा नेतृत्वको माग गरिरहेका छन्। उनीहरू समाज, पार्टी र राज्यका हरेक क्षेत्रमा युवा नेतृत्वको माग गरिरहेका छन्। अहिलेको अवस्थामा हरेक क्षेत्रमा नेतृत्व गर्नेहरू पारदर्शी बन्नुपर्छ भन्ने उनीहरूको बुझाइ छ।

**गगन :** अहिलेका युवा गुणस्तरीय जीवनयापनको आकांक्षा राख्छन्। जसभित्र सबै किसिमका अवसरको व्यवस्था गरिएको हुन्छ। जहाँसम्म निर्वाचनको सन्दर्भ छ, गणतन्त्रलाई संस्थागत गर्ने, लोकतान्त्रिक चेतनासहित राज्यको पुनर्संरचना गर्ने, लोकतन्त्रलाई समावेशी बनाउने र यसको आधारमा समृद्ध नेपालका निम्ति सबै सम्भावनालाई उजागर गर्ने अवस्था आउनुपर्नेमा उनीहरूको जोड छ।

**अनन्त :** आर्थिक रूपमा भन्न खोज्नुभएको हो भने देशभित्रै रोजगारीको व्यवस्था हुनुपर्ने उनीहरूको माग हो, त्यसबाहेक वैज्ञानिक शिक्षा, सामाजिक रूपमा सभ्य र स्वच्छ समाज, साहित्य, खेलकुद र मनोरञ्जनका क्षेत्रमा पनि युवाहरूका लागि राज्यबाट उचित व्यवस्था गरिनुपर्छ। स्वच्छ किसिमको प्रतिस्पर्धात्मक समाज अहिलेको अवश्यकता हो। संविधानसभाको निर्वाचनको हकमा भने स्वाधिन जनमुखी गणतन्त्र युवाहरूको पहिलो साझा माग हो।

**ज्ञानेन्द्र :** युवाहरूले आफ्नो भविष्य सुनिश्चित भएको हेर्न चाहेका छन्। जो जहाँ छन्, त्यही अवसर पनि सिर्जना गरिनुपर्ने उनीहरूको प्रमुख माग हो। नेपाली युवा बौद्धिक स्तरमा कम छैनन्, तर पर्याप्त अवसरको कमीमा बेरोजगार छन्। अहिले त संविधान बनाउनु पहिलो दायित्व भए पनि त्यसपछि उनीहरूका समस्यालाई निराकरण गर्ने कार्यक्रम आउनुपर्छ।

**टीका :** देशमा विद्यमान सबै समस्या समाधान गर्दै नयाँ नेपाल निर्माण गर्न पहिलोपल्ट हुन लागेको यो संविधानसभा निर्वाचनबाट युवा पुस्ताले देश र समाजको समृद्धिसँगै शिक्षा, स्वास्थ्य, रोजगारजस्ता आधारभूत कुरा स्वदेशमै सृजना हुनुपर्ने माग राखेका छन्। दक्ष जनशक्तिलाई मुलुक विकासका निम्ति पर्याप्त अवसर सृजना गरिनुपर्छ, ताकि उनीहरू विदेशिने अवस्था नआओस्। युवा पुस्ताका आवश्यकताहरू धेरै छन्, तिनलाई पहिचान गरेर अघि बढ्नुपर्छ।

**तपाईंको पार्टीले युवा पुस्ताको प्रतिनिधित्व कत्ति गरेको छ जस्तो लाग्छ ?**

**योगेश :** एमालेमा अधिकांश क्षेत्रमा युवापंक्ति सक्रिय छ। पार्टीका विभिन्न निकायमा युवा पुस्तालाई जिम्मेवारी दिइएको छ। वर्गीय संगठनबाहेक पार्टीका जिल्लास्तरीय नेतृत्वमा पनि युवाहरूकै बाहुल्यता छ। नेपाली कांग्रेसको तुलनामा हेर्ने हो भने हाम्रो पार्टीमा युवा पुस्ताको भूमिकालाई धेरै महत्त्व दिइएको छ। अहिलेको निर्वाचनमा पनि युवाहरूलाई पार्टीले टिकट दिएको छ, तर अझै पनि पार्टीमा युवाहरूको भावनाको प्रतिनिधित्व सन्तोषजनक छैन्।

**गगन :** हाम्रो पार्टीलगायत अन्य पार्टी पनि यो पटकको निर्वाचनमा उदार देखिन सकेनन्। युवा दबाबकै भरमा केही नयाँ साथीले निर्वाचनको टिकट पाउनुभयो, जुन खुसीको कुरा हो, यसलाई प्रारम्भको रूपमा पनि लिन सकिन्छ। पार्टीभित्र युवापंक्तिको उपस्थिति उल्लेख्य भए पनि युवाहरूलाई विश्वास गर्ने सन्दर्भमा पार्टीहरू चुकेका छन्। मुख्य कुरा, अहिले युवाहरूले उठाएका एजेन्डामा पार्टीहरू सामेल हुन आइपुगेका छन्। जसमा हामी गर्व गर्न सक्छौं।

**अनन्त :** आसन्न निर्वाचनको हकमा हेर्ने हो, निर्वाचनमा सहभागी भएका ५५ दलमध्ये सबैभन्दा धेरै युवा उम्मेदवार हाम्रो पार्टीबाट उठेका छन्। अन्य दलको तुलनामा सामान्यभन्दा धेरै युवालाई पार्टीले चुनावी मैदानमा उतारेको छ। हाम्रो पार्टीमा पनि युवा पुस्ताको नै बाहुल्यता छ। स्थानीय स्तरदेखि केन्द्रीय कमिटीसम्म पनि युवाहरूको अत्यधिक उपस्थिति हुनुले यसलाई पुष्टि गर्छ।

**ज्ञानेन्द्र :** उम्मेदवारीको आधारमा भन्ने हो भने वास्तविक तथ्याङ्क त मलाई पनि थाहा छैन, तर युवा पुस्ताको उल्लेखनीय सहभागिता छ। हाम्रो पार्टी गठन भएको भर्खरै तीन महिना मात्र भएको छ, यद्यपि यसको जग पनि युवापुस्तामै निर्भर छ। तराईका शिक्षित सबै युवालाई हामीले समेटिसकेका छौं।

**टीका :** नेपाली कांग्रेसले यो पटकको निर्वाचनमा उल्लेख्य संख्यामा युवाहरूको प्रतिनिधित्व गराएको छ। मलाई पनि पार्टीले युवाहरूको कोटाबाटै टिकट दिएको हो। त्यसैले मेरो उम्मेदवारी युवाहरूको मागलाई सम्बोधन गर्न भएको भन्दै चुनाव प्रचार अभियानमा सक्रिय छु।



## ठट्यौली प्रकाशसँग

एक व्यक्ति एउटा पान पसलमा गयो र भन्यो-

साथी मलाई दुई सय रुपैयाँ सापटी देऊ न।' हुन त तँ मेरो साथी होस् तर पनि म तँलाई पैसा सापटी दिन सक्दिनँ- पानवालाले भन्यो।

किन यार ? अगाडि बैंक देख्दैछस् नि..., हो त्यो बैंक र मेरो पान दोकान एकै दिन उद्घाटन भएको हो र त्यसै दिन हामी दुईबीच एउटा सम्झौता भएको छ। कस्तो सम्झौता ?- व्यक्तिले सोध्यो। बैंकले पान बेच्न पाउनेछैन अनि मैले लोन दिन पाउनेछैन- पानवालाले उत्तर दियो।

०००

'हजुरआमा ठूलो बुबा यो संसारमा कसरी आउनुभो ?' राजुले सोध्यो।

'ठूलो बुबालाई यो संसारमा भगवान्ले ल्याउनुभा'को।'

'बुबा कसरी आउनुभयो ?'

'बुबालाई पनि भगवान्ले ल्याउनुभको।'

'काका नि काका ?'

'काकालाई पनि भगवान्ले...।'

'अनि हजुरआमा तपाईंचाहिँ कसरी आउनुभयो ?'

'मलाई पनि भगवान्ले यो संसारमा ल्याउनुभयो।'

'ए..., अनि तपाईंहरूको पालामा बिहेचाहिँ हुँदैनथ्यो ?'

०००

राती एउटा व्यक्ति रक्सी खाएर धुत भएर लर्खराउँदै हिँडिरहेको थियो। बाटोमा एउटा हवल्दार भेटिए।

'हजुर' रक्सीको नशामा बोल्यो, 'टाइम कति भो ?'

हवल्दारले एक डण्डा टाउकोमा हान्यो र भन्यो 'एक बज्यो जँड्याहा।'

'ए, एक बजेछ' टाउको सुमसुम्याउँदै जँड्याहाले भन्यो, 'एउटा कुरो भनौँ हजुर ?'

'भन गधा।'

'धन्न मैले एक घन्टाअघि तपाईंसँग टाइम सोधिनछु। १२ डण्डा त म थाम्न सक्दिनँ नि हजुर।'

०००

गाउँबाट सहर आएको रामप्रसादलाई अंग्रेजीमा दुई शब्द मात्र बोल्न आउँथ्यो तर पनि उसले सहर आएको एक वर्षमै लाखौं रुपैयाँ कमायो। ती दुई अंग्रेजी शब्द थिए- 'हेन्ड्स अप।'

०००

एउटा सुट-बुटधारी व्यक्ति काठमाडौंको व्यस्त बजारमा सडक किनार छेउ सुतिरहेको थियो। एउटा सिपाहीले त्यो हालतमा देखेपछि गएर सोध्यो, 'मिर्गी लाग्यो ? हर्ट एटेक, के भयो ?'

होइन, व्यक्ति कोल्टे फेर्दै बोल्यो, 'मेरी श्रीमती कार लिएर यतै आउँदैछे, त्यसैले पार्किङका लागि ठाउँ रोकेको।'

०००

**मेरो कुरो**


भलाद्मी केटी : जो जति लिपिस्टिक लगाएर हिंड्छे अनि त्यति नै लिपिस्टिक लिएर घर फर्कन्छे।

खराब केटी : जो जति लिपिस्टिक लगाएर घरबाट निस्कन्छे अनि अझै धेरै लिपिस्टिक लगाएर घर फर्कन्छे।

०००

## कविता

### के गर्नु



अकबरी सुनलाई कसी लाएर पो के गर्नु
मृत्युपश्चात् स्वर्गकै बास पाएर पो के गर्नु
कर्म अनुसारको फल त सबैले भोग्नैपर्छ
धर्मका निम्ति भनी मन्दिर धाएर पो के गर्नु
आफ्नै मनमा शान्ति नभएसम्म के सुख मिल्ला र
दुईका साटो चार छाक नै खाएर पो के गर्नु
समानुपातिक विकास भए पो सप्रन्छ राष्ट्र हाम्रो
व्यर्थैमा एउटाको गुणगान गाएर पो के गर्नु
मरेपछि सबैलाई एउटा टुक्रो कात्रो मिल्ने न हो
हीरा र मोती शरीरैभरि लाएर पो के गर्नु।

–आकाशचन्द्र न्यौपाने

### जा 'गिर'

गाउँ छोडी भाग्य खोज्न सहरतिर आइयो
विभाग र मन्त्रालयमा धेरै पटक धाइयो
धाउँदा-धाउँदा जुत्ता चप्पल कोयौं जोर फाटिसके
आश्वासनको भर गर्दा, धेरै दुःख पाइयो
सहरका देवताहरू, साह्रै कठोर हुँदा रै'छन्
तिनका अघि राग-अलाप, सबै भाका गाइयो
सेवक हुँ पाउको धूलो, मुठीभित्रको लाचार माखो
यो माखोलाई बाँची खान जागिर चाहियो।

–पूजा बराल

### चढाएर हुन्न फूलपाती

दुःखमा रुनै पर्छ भन्ने छैन यहाँ साथी
दुःख दुःख नै हो देउरालीमा चढाएर हुन्न फूलपाती
चिच्याएर हुन्न, आत्तिएर हुन्न, समस्याको हल
गर्नैपर्छ श्रम मेहनत प्रत्येक पल
व्यर्थ आफूलाई चर्काएर नभत्काऊ छाती
दुःख दुःख नै हो देउरालीमा चढाएर हुन्न फूलपाती
ढुङ्गा मुढा त के भो र भोक भोकै बाँच्नुपर्छ
अब सबैजना पीडा लुकाई हाँस्नुपर्छ
जिन्दगीमा दुःख कष्ट हाम्रा लागि जाति
दुःख दुःख नै हो देउरालीमा चढाएर हुन्न फूलपाती।

–उदासी पान्थरे कान्छा

### रुन्छिन् आमा सम्झेर धरर

गाउँ घरमा बज्न छोड्यो सारङ्गीको धुन
सुनाउँदै छु मनको कथा कान खोलेर सुन
गैरीखेत नि बाझै बस्यो छैन गाउँमा बास
फर्किनन् कि लाहुरे दाइ मरिसक्यो आस
बूढी आमा सम्झी-सम्झी रुन्छिन् धरधरी
कसले सुन्ने उनको कथा बुझ्ने कठै बरी
कलेजीको एक छेउमा बस्यो घाउको पाटो
बाध्यताले पसे मुग्लान पारी मुटु गाँठो
सम्झिँदै छु गाउँघर वरपर साथी
दिनरात काम गर्दा पनि पुगिएन माथि
छोरा पसे मुग्लानतिर खाली भयो काख
एक्लै छु म लेक बेसीमा कोही छैन साथ
उमेरैले असी काट्यो सुन्दिनँ म कान
दाँत सबै झरिसक्यो पाउँदिन नि खान
मन थियो मेरो पनि तिम्रो मुहार हेर्ने
सधैँभरि पिछडीय कहिले जुनी फेर्ने
गाउँमा बसे उही हो पारा ऋणमाथि ऋण
सपना थ्यो कस्तो मेरो बुझ्दिनँ खै किन
बगाउँदै छु परदेशमा पसिनाको खोला
धन कमाई आउँछु आमा बाँचे भेट होला।

–नवराज श्रेष्ठ

### नयाँ जात्रा

अन्यौलमा छ जनता नेता भन्नै अन्यौल
एउटा जीवन जिन्दगीको कति पर्छ मोल
सधैं बस्ने बैठकको निष्कर्ष नै छैन
ढाँट्या कुरा फाट्या लुगा टाल्दा मिल्ने होइन
नयाँ नेपाल देख्यौं हामीले कस्तो गजब आहा
सिराहा र कपिलवस्तु पारिहाल्यो स्वाहा
जता जाऊँ भेटिन्छ नि बेरोजगारको ताँती
सधैँभरि बन्दी तोडफोड कहिले पुग्ने माथि ?
दुई-चारवटा कुर्सीमा नै गर्छन् तानातानी
कहिले सुँघ्न पाउने कुनी मेलम्चीको पानी
जे गरे पनि स्वतन्त्र छ कुनै कानुन छैन
राम्रो गर्नेको मोल छैन नठगी त भएन।
नयाँ नेपालको नयाँ जात्रा सबै नयाँ काम
देशको विकास गर्ने भए गरौं चक्काजाम
जनतालाई सुकुटी बनाई खाऊ चिची-माम
बस्तीहरूमा आगो लगाई राख देशको नाम।

–नवराज श्रेष्ठ

## लघुकथा

### स्वीकृतिको प्रश्न



साँझको समयमा अफिसको थकानले म घर आएको हुन्छु। घरमा बिजुली गएको हुन्छ, म ओछ्यानमा बसेको थिएँ। मेरी छोरी बैठककोठाबाट बेडरुमतिर आउँछिन्। जम्मा चार वर्षकी स्वीकृति कक्षा १ मा पढ्छिन् तर पनि उनी तेज छिन्। उनी पनि मसँगै ओछ्यानमा पल्टन्छिन्।

मलाई थकाइले निद्रा लागिसकेको हुन्छ। स्वीकृतिको कानेखुसीले मेरो निद्रा बिथोलिन्छ। किन-किन मलाई मेरी छोरीसँग एक-दुई कुरा गरेपछि मन हल्का हुन्छ। प्रायःजसो छोरी प्रश्नकर्ता हुन्छिन्, म उत्तरदाता। आज पनि छोरीले समसामयिक प्रश्न गर्छिन्- 'बाबा आजकाल किन बत्ती जान्छ ?' म उत्तरमा भन्छु- छोरी, बिजुली कम भएर। उसले फेरि प्रश्न गर्छे- बिजुली किन कम हुन्छ बुबा ? उसको बालप्रश्नमा म उत्तर दिन्छु- पानी कम भएर। मैले उत्तर दिई नसक्दै उसले फेरि भन्छे– बाबा, आज स्कुलमा मिसले त पानीमा हाम्रो देश विश्वमा दुई नम्बरमा आउँछ भन्नुभएको, तर तपाईंले के भन्नुभएको ? छोरीको कुराले मलाई पनि झस्क्यायो। हुन त हो हाम्रो देश जलस्रोतमा धनी छ तर... । छोरीलाई प्रतिउत्तरमा के भन्ने म सोच्दै थिएँ, तर उता स्वीकृतिकी आमा खाना खान बोलाउँदै थिइन्। आमाको बोली सुन्नासाथ छोरी दौडँदै किचनतर्फ पसी तर म छोरीको चित्तबुझ्दो प्रश्नको उत्तर खोज्दै...।

–जगदीश सापकोटा

## चुनावी गणित प्रारम्भ

**पृष्ठ १ बाट जारी**

नेतृत्व पनि कांग्रेसले नै गर्ने युवा नेता थापा बताउँछन्। यसपटकको निर्वाचनमा कुनै पनि दलको स्पष्ट बहुमत नआउने सम्भावना पनि त्यत्तिकै छ। वामपन्थी दलबीच एकता नहुनु, सबै पार्टीभित्र असन्तुष्टि रहनु, निर्वाचनमा चर्चामा रहेका धेरैवटा दलले सहभागिता जनाउनु, पार्टी छोड्ने र प्रवेश गर्ने क्रम बढ्नुले प्रत्यक्ष निर्वाचन पद्धतिमा कुनै दलको स्पष्ट बहुमत नआउने देखिन्छ। त्यसैगरी समानुपातिक निर्वाचन प्रणालीका कारण पनि स्पष्ट बहुमत हासिल गर्न दलहरूलाई गाह्रो देखिन्छ।

प्रत्यक्ष निर्वाचनमा बहुमत ल्याए पनि समानुपातिकका कारण दलको बहुमत आउन सक्ने देखिँदैन, किनकि समानुपातिक निर्वाचनमा सबै दललाई भोट बाँडिएर जाने र कुल मतबाट प्रतिशतका आधारमा साना राजनैतिक दलको पनि प्रतिनिधित्व हुने भएकाले यसमा सिट संख्या बाँडिएर जानेछ। सबैभन्दा मुख्य कुरा ठूला दलहरूले संघीय गणतन्त्रमा जाने बताइसकेकाले संविधानसभापछि नयाँ संरचनाको नेपाल बन्ने लगभग निश्चित छ। कुनै पनि दलको स्पष्ट बहुमत नआएको खण्डमा अब बन्ने संविधान सबै दलको सहमतिमा निर्माण गर्नुपर्ने हुन्छ, जसमा साना दलहरूको भूमिका पनि प्रभावकारी हुनसक्छ।

## के छ निर्वाचन आचारसंहितामा ?

संविधानसभा निर्वाचनलाई जसरी पनि आफ्नो पक्षमा पार्ने अभिव्यक्ति दिइरहेका दलहरूलाई निर्वाचन आचारसंहिताले ठूलो तगारो लगाएको छ। निर्वाचन आचारसंहितालाई अक्षरशः पालन गर्ने हो भने प्रचार-प्रसारमै प्रभाव पर्ने दलका कार्यकर्ताहरूको चिन्ता रहँदै आएको छ। यद्यपि प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले स्पष्ट शब्दमा आचारसंहिता पालन नगर्ने दललाई कारबाही गर्ने तथा यसरी कारबाही गर्दा अमुक दलको पक्ष लिएको आरोप लगाउन नपाइने चेतावनी दिएका छन्।

**अनियन्त्रित खर्चमा रोक**

निर्वाचन आयोगले संसदीय निर्वाचनमा दल तथा उम्मेदवारहरूले गर्दै आएको ठूलो खर्च रोक्ने प्रतिबद्धता जाहेर गरेको छ। यस पटकको निर्वाचनमा एक जना उम्मेदवारले बढीमा ५ लाख मात्र खर्च गर्न पाउनेछन्। उक्त रकम सवारी साधन, माइक, कार्यकर्ता परिचालन, छपाई, कार्यालय सञ्चालन तथा बुथ खर्चजस्ता अत्यावश्यक काममा मात्र खर्च गर्न पाइनेछ। यदि कसैले योभन्दा बढी खर्च गरेको पाइए जो-कसैले पनि जिल्ला निर्वाचन आयोगलाई जानकारी दिन सक्नेछन्। त्यति मात्र होइन, आफूले गरेको खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको ३५ दिनभित्र निर्वाचन आयोगलाई बुझाउनुपर्नेछ। यसरी खर्च गरिएको रकम कहाँबाट प्राप्त भयो त्यसको विवरण पनि निर्वाचन आयोगलाई बुझाउनुपर्ने आयोगले जनाएको छ।

**प्रचार-प्रसारको नियम**

निर्वाचनमा निश्चित नियमभित्र बसेर प्रचार-प्रसार गर्नुपर्ने आयोगले जनाएको छ। त्यसका लागि कुनै धर्म, सम्प्रदाय, जात, जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताका आधारमा घृणा उत्पन्न हुने गरी प्रचार-प्रसार गर्न पाइनेछैन। आयोगले प्रचार-प्रसारको भाषा शिष्ट एवं मर्यादित हुनुपर्नेमा जोड दिएको छ। प्रचारका लागि प्रयोग गरिने पोस्टरहरू जथाभावी टाँस्न नपाइने, पोस्टर टाँस्दा घरधनीको अनुमति लिनुपर्ने व्यवस्था मिलाइएको छ। यस्तो पोस्टर धार्मिक, पुरातात्त्विक वा ऐतिहासिक भवन, स्मारकस्थल तथा सरकारी कार्यालयहरूमा टाँस्न पाइँदैन। प्रचार-प्रसारका क्रममा एउटा दलका कार्यकर्ताले अर्को दलको पोस्टर, पम्पलेट उप्काउने तथा केरमेट गर्न पाइनेछैन। आयोगले भित्तेलेखनमा पूर्ण रूपमा बन्देज लगाएको छ। निर्वाचनको प्रचार-प्रसार गर्दा सरकारी गाडी वा सामग्रीको प्रयोगमा निषेध गरिएको छ।

**जुलुस तथा आमसभा**

आयोगले सार्वजनिक आवागमनमा अवरोध पर्ने गरी जुलुस तथा आमसभा गर्न रोक लगाएको छ। अर्को दलको जुलुस तथा आमसभालाई उत्तेजित बनाउने वा अवरोध पुऱ्याउनेलाई कारबाहीको व्यवस्था गरिएको छ। जुलुसमा हिँड्नेले सानो खालको मात्र झन्डा बोक्न पाउने व्यवस्था आचारसंहितामा छ। यस्तो प्रचार-प्रसार बिहान ७ बजेदेखि राति ७ बजेसम्म मात्र गर्न पाइनेछ। राति नारा-जुलुस, प्रचार-प्रसार गर्ने दल तथा उम्मेदवारले आचारसंहिता उल्लंघनको आरोपमा कारबाही भोग्नुपर्ने हुन्छ। जुलुस गर्दा २४ घण्टाअघि नै स्थानीय प्रशासनलाई जानकारी गराउन पनि आयोगले दलहरूलाई आग्रह गरेको छ। यसबाट शान्ति-सुरक्षाको स्थिति सुदृढ हुने विश्वास आयोगको छ। निर्वाचनको ४८ घण्टाअघिदेखि निर्वाचनको घोषणा नआउन्जेलसम्म प्रचार-प्रसारको काम पूर्ण रूपमा बन्द हुनुपर्नेछ।

**सवारी साधनको प्रयोग**

निर्वाचनमा गलत कार्य हुन नदिन आयोगले सवारी साधनको प्रयोगसम्बन्धी नियम पनि बनाएको छ। यसका लागि निर्वाचनको प्रचार गर्ने काममा हवाईजहाज तथा हेलिकप्टरजस्ता महँगा सवारी साधनको प्रयोग गर्न निषेध गरिएको छ। उम्मेदवारले आफ्नो क्षेत्रमा निर्वाचनको प्रचार गर्दा एउटा मात्र हलुका सवारी साधन प्रयोग गर्न पाउने व्यवस्था छ। सडक नभएको जिल्लामा गाडीको सट्टा दुईवटा घोडा प्रयोग गर्न पाइनेछ। निर्वाचनमा प्रयोग हुने सवारी साधनको नम्बर जिल्ला निर्वाचन कार्यालयलाई जानकारी गराउनु पर्ने नियम छ।

**कर्मचारीलाई पनि नियम**

निर्वाचन आयोगले दल तथा उम्मेदवारलाई मात्र होइन, सरकारी कर्मचारी तथा गैरसरकारी संस्थाका कर्मचारीहरूले पनि विभिन्न नियम पालना गर्नुपर्ने जनाएको छ, जसअनुसार चैत १२ गतेपछि सरकारी स्वामित्वमा रहेका कार्यालयबाट कुनै पनि नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न वा स्वीकृत गर्न नपाइने व्यवस्था गरिएको छ। त्यस्ता कार्यालयले नयाँ योजना कार्यान्वयन गर्न, सञ्चालन गर्न तथा ती योजनासँग सम्बन्धित जनशक्ति, स्रोत तथा साधन परिचालन गर्न पनि पाइनेछैन।

आयोगले सरकारी स्वामित्वमा रहेका योजनाको शिलान्यास तथा अनुदान दिने काम पनि निर्वाचनपछि मात्र गर्न पाउनेछन्। सरकारी कर्मचारी वा अख्तियार प्राप्त व्यक्तिहरूले गोप्य मतदान गर्नबाहेक कुनै दल तथा उम्मेदवारको पक्षमा कार्य गर्न नपाइने व्यवस्था गरिएको छ। दल तथा उम्मेदवारको पक्षमा सरकारको स्वामित्वमा रहेका कुनै पनि निकायको सवारी साधन तथा सम्पत्ति प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ। आयोगले स्थानीय प्रशासनलाई मतदानको तीन दिनअघि तथा तीन दिनपछिसम्म मादक पदार्थको बिक्री-वितरणमा रोक लगाउने पत्राचार गरेको छ। यसको कार्यान्वयन नभए त्यसको विवरण आयोगले सार्वजनिक गर्ने बताएको छ।

**पत्रकारलाई पनि आचारसंहिता**

निर्वाचन आयोगले आमसञ्चार-माध्यम तथा पत्रकारहरूका लागि पनि आचारसंहिता जारी गरेको छ। पत्रकारहरूले निर्वाचन अवधिभर संविधानसभाको पक्षमा लेख-रचना प्रकाशित गर्न पाउनेछन्। यद्यपि त्यस्ता लेख-रचना कुनै व्यक्ति तथा पार्टीलाई फाइदा पुऱ्याउने खालको समाचार तथा विचारलाई प्राथमिकता दिन नमिल्ने आयोगको ठहर छ। कुनै दलको समाचार सम्प्रेषणबाट रोक्न, दबाउन तथा लुकाउन पाइनेछैन। निर्वाचनसम्बन्धी समाचार प्रकाशित गर्दा पूर्वाग्रह नराखी कुनै दल विशेषलाई महत्त्व नदिई समाचार प्रकाशित गर्नुपर्नेछ। यदि त्यस प्रकारको समाचार प्रकाशित भए तुरुन्तै सच्याउने व्यवस्था गर्नुपर्नेछ। संविधानसभासम्बन्धी प्रकाशन तथा प्रसारण भएको समाचारलाई निर्वाचन आयोगको अनुगमनमा रहेका सजिलो तुल्याउन ३५ दिनसम्म नष्ट गर्न पाइनेछैन।

निर्वाचनका कारण वातावरणमा प्रतिकूल असर पर्न नदिन प्रचार-प्रसारका लागि प्लास्टिकका सामग्री प्रयोग नगर्न दल, उम्मेदवार तथा दलका कार्यकर्ताहरूलाई निर्वाचन आयोगले स्पष्ट निर्देशन जारी गरेको छ।

## सन्देश

निशा, फोन गर्छु भन्छ्यौ तर गर्दिनौ। तिमीलाई त फुर्सद निकाल्न पनि गाह्रो भयो होइन ? मलाई थाहा छ तिमीले नभ्याएकी होइनौ, इच्छा नभएको हो। तैपनि म तिम्रो फोनको प्रतीक्षामा छु। कुनै दिन त तिम्रो फोन आउला।

**एम.सी.**

शिवरात्रिका दिन पानी पिउने ठाउँमा भेट भएकी काली, तिमीले मेरो चैन चोर्‍यौ। म तिमीसँग सम्बन्ध गाँस्न आतुर छु। शनिबार पशुपतिनाथ मन्दिरको मूल गेटमा भेट्न चाहन्छु।

**शुक्र**

चारआँखे, तिमीले मेरो मर्म बुझ्दैनौ। म तिम्रा लागि बनेको होइन। मेरो बाटो अर्कै छ, मेरो गन्तव्य अर्कै छ। म खुद आफ्ना लागि जिउन चाहन्छु। लफडामा फस्ने कुनै रहर छैन ममा।

**सुनयना**

लक्ष्मी, फोन गर्छु भनेर पनि फोन गरिनौ। म तिम्रो फोनको प्रतीक्षामा थिएँ। तिम्रो फोन पनि अफ थियो। म तिमीसँग कुरा गर्न चाहन्थेँ, दिल खोलेर बात मार्न चाहन्थेँ।

**शान्तनु**

सब्बु, तिमी मेरो प्राण हौ, म सदा तिम्रै छु, तिम्रै रहनेछु। हाम्रो प्रेम युगौँयुग चल्नेछ।

**कविर**

शैलेश, हरि, पार्वती, मदन, दिल,



नितु, जितु, भुन्टे, फन्टुस, स्वीकृत, समिर, पवन, विनोद सबैलाई एसएलसीमा सफलताको हार्दिक शुभकामना। पहिलो श्रेणीमा पास हुनु र जीवनको लक्ष्य प्राप्तिमा सफलतापूर्वक अघि बढ्नु।

**प्रकाश**

यसपटक एसएलसी दिएका देशभरका तमाम साथीभाइलाई सफलताका लागि अग्रिम शुभकामना।

**प्रवेशमान**

एसएलसी दिएका तमाम जुम्लावासी विद्यार्थी भाइबहिनीलाई सफलताको शुभकामना।

**शिक्षक वर्ग**

नीलो आँखा, मेरो पछि नलाग। तिमी व्यर्थमा समय खेर फालिरहेकी छौ। तिम्रो र मेरो संसार अलग-अलग छ। म तिम्रो हुन सक्दिनँ। म तिमी लायक पनि छैन। म धरतीमा बसेर तारा झार्ने कल्पना गर्न सक्दिनँ।

**कुमार**

निर्वाचनमा उम्मेदवार भएका तमाम नेतागण, चुनावमा जनतासँग गरेको वाचा पछि पनि नबिर्सनु है।

**विष्णु**

**सूचना**

विक्रम संवत्‌को नववर्ष २०६५ प्रवेशको अवसरमा आफ्ना प्रियजनहरुलाई शुभकामना पठाउन चाहने पाठकहरुले आफ्नो सन्देश चैत २० गतेभित्र साप्ताहिकको ठेगानामा उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध छ।

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव : .............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : .............................. वर्ण : ..............................

इमेल : ..............................................

ठेगाना : ..............................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................

..............................................

**नोट :** तस्बिर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटोमा

### तिमी कहाँ छौ ?

कति रमाइला थिए ती हाम्रा दिनहरू, अनि कति रहरलाग्दा थिए ती पलहरू...? मेरी 'पियारी' हुन त उनको नाम अर्कै थियो तर यो 'पियारी' नाम मैले नै दिएको थिएँ। केवल म मात्र उनलाई यो नामले बोलाउँथेँ। उनी मलाई 'काले' भनेर बोलाउँथिन्। हुन त म त्यति कालो त छैन तर मेरी पियारीसँग बस्दा तुलनात्मक रूपमा कालै देखिन्थेँ। हाम्रो नाता सोल्टि-सोल्टिनीको थियो। हाम्रो प्रेम पनि छरछिमेक र आफन्तले पचाउनै नसक्ने अचम्मको थियो। कारण हामी दुवैजना विवाहित थियौं। त्यसमाथि पनि म त बच्चाको बाउ पनि भैसकेको थिएँ। उनको भने विवाह भएर पनि बच्चा थिएन। उनका श्रीमान् वैदेशिक रोजगारमा थिए।

हाम्रो प्रेम मोबाइलको एसएमएसबाट ख्याल-ख्यालमै भएको थियो। हामी दिनमा सयौं एसएमएस आदान-प्रदान गर्थ्यौं। उनी अर्थात् मेरी 'पियारी' सुन्दर सहर धरानमा बस्थिन् भने म त्यहाँबाट २०-२५ मिनेट परको गाउँमा बस्थेँ तर म कामविशेषले दिनभरि नै सहरभित्रै हुन्थेँ। एक दिन जिस्कँदै मैले उनलाई घुम्न जाऊँ भनेँ– पियारीले तुरुन्त ल भनिन्। हामीले त्यो दिन दिनभर हाँस्दै जिस्कँदै-घुम्दै बितायौं।

त्यसपछि हाम्रो भेट्ने क्रम पनि एसएमएस जस्तै बढ्न थाल्यो। आफ्ना भावना अनि घरायसी सुख-दुःखका कुराहरू पनि साटासाट हुन्थ्ये। कुनै दिन उनी मलाई घरमै बोलाउँथिन्, कुनै दिन कतै टाढा घुम्न जान्थ्यौं, यति मात्र नभएर कयौं रात हामीले होटल र गेष्टहाउसमा समेत बितायौं।

लगभग एक वर्ष यसरी नै खुसीसाथ माया-प्रेममा हराउँदै बित्यो। समय एकनासको कहाँ हुँदोरहेछ र ? एक दिनको भेटमा उनी 'मलाई मेरा श्रीमान्‌ले विदेश बोलाउँदै छन्, सायद एक महिनाभित्र सारा डकुमेन्ट मिलाएर जानुपर्छ, प्लिज मलाई भगाऊ' भन्दै रुन थालिन्। म त्यतिबेला मात्र मज्जाले फस्किएँ, म यो कदम कदापी उठाउन सक्दिनथें भने मेरी पियारीलाई अर्काको अँगालोमा जाऊ पनि भन्न सक्दिनथें। उनी फेरि रुँदै भन्दैथिन्– प्लिज हामी भागेर जाऊँ, कसैले नदेख्ने ठाउँमा गएर अर्कै संसार बसाऊँ, म मेरा श्रीमान्‌सँग बस्न सक्दिनँ।' मैले त्यत्तिकैमा सोधें किन र ? सुँक्क-सुँक्क गर्दै उनले भनिन्- 'जहिले पनि मैले कल गर्दा केटीले नै उसको मोबाइल उठाउँछे, मलाई विदेशमा बिजोग बनाउँछ, त्यसैले म जान्न।' त्यस दिन मेरी पियारी मलाई अँगालो हालेर दिनभरि नै रोइन् र उनी जाने कुराले मलाई पनि रुवायो। अन्तमा मैले सान्त्वना दिँदै नरोऊ, अब म केही उपाय निकाल्छु भनेर उनलाई घरसम्म पुर्‍याएर म फर्किएँ।

त्यो रात म सुत्नै सकिन, म दोधारमा परें, म धर्मसंकटमा थिएँ। पियारीले मिसकल र एसएमएस गरिरहेकी थिइन्। एसएमएसमा त्यही प्रश्न तेर्स्याइरहेकी थिइन्, के उपाय निकाल्नुभयो ? अन्तमा मैले निर्णय गरें– म मेरी पियारीलाई घरमै ल्याउँछु र सारा समाजका अघि अपनाउँछु। यही सोचेर मैले पछिल्लो भेटमा उनलाई यो कुरा भनें। मलाई भरोसा थियो यो कुराले पियारी खुसी हुनेछिन् तर मेरो सोंच विपरीत भयो उनले मेरो घर आउन मानिनन्। फेरि भागेर जाऊँ भन्ने कुरामै जोड गर्न थालिन्। मैले धेरै सम्झाएँ, आखिर भागेर गए पनि एक दिन यहीं फर्कनुपर्छ भन्दा पनि मानिनन्। बरु कहिल्यै नफर्कने गरी जाऊँ भन्न थालिन्। यसरी मेरो उपाय सफल हुन सकेन। त्यस दिनदेखि मसँग फोन एवं भेट पनि कम गर्न थालिन्। पहिले-पहिले दिनको सयौं पटक फोन तथा एसएमएस गर्ने मेरी पियारी चार-पाँच दिनसम्म चुपचाप बसिन्, मैले फोन गर्दा पनि उठाइनन्। धेरै समयपछि एक दिन एउटा एसएमएस आयो जसमा तपाईंले मलाई भगाउन सक्नुभएन र म श्रीमान्‌सँग पनि बस्न सक्दिनँ, मैले कुनै गलत कदम उठाए प्लिज माफ गर्नुहोला लेखिएको थियो। मैले त्यो एसएमएसको अर्थ बुझ्न सकिनँ र कल गरें। उनी बोल्न चाहिनन्, मैले भोलि भेट्ने प्रस्ताव राखें मानिनन्, कैयौं बिन्तीपछि बल्ल उनले भनिन्– 'ठीक छ, पर्सि ११ बजे म कल गर्छु अनि भेटौं भन्दै कुरा नसकी फोन बन्द गरिन्।

तर पर्सिको दिन बल्ल एक बजेतिर एउटा एसएमएस आयो जसमा 'मलाई माफ गर्नु, म कहिल्यै नफर्कने गरी सबै छाडेर जाँदैछु' लेखिएको थियो। धैर्य गरेर उनको नम्बर दबाउन थालें तर उनले फोन उठाइनन्, म पागल जस्तै बजारभरि भौंतारिएर हिडें। बरु साँझ उनले आफै कल गरिन् र त्यही कुरा दोहोर्‍याउन थालिन्। मलाई त्यत्तिकै रुनमन लाग्यो, पियारीको बोलीले होला, बीच बजारमै पागलझैं रुँदै केवल यति भनें प्लिज पियारी फर्क तर उनले यत्तिकैमा फोन काटिदिइन्। फेरि कल गर्दा मोबाइल अफ थियो। त्यस दिनदेखि मोबाइल अन गर्छिन् कि भनेर दिनमा सयौं पटक उनको नम्बर दबाउँछु तर मोबाइल सधैं अफ छ। उनको इमेल आइडीमा कयौं मेल पठाइसकें तर कुनै जवाफ आएको छैन। आज दुई महिनाभन्दा बढी बितिसक्यो, पियारी प्लिज आफ्नो मोबाइल अन गर। मलाई अवाज देऊ ? ताकि जीवनलाई अघि बढाउने सहारा मिलोस् ? मलाई आसुँको तलाउमा डुबाएर तिमी कहाँ हराएकी ? के तिमीलाई यो 'काले' को सम्झना आउँदैन ???

**काले**

## साप्ताहिक साथी



कक्षा ११ मा अध्ययनरत वासुदेव बास्कोटा २० वर्षका छन्। ५ फिट ५ इन्चका वासुदेव कम्प्युटरका क्रेजी हुन्। अविवाहित वासुदेव गोरो वर्णका छन्। उनी धूम्रपान नगर्ने तथा अरूको भावना बुझ्ने साथीको खोजीमा छन्। उनलाई भीमढुङ्गा-३ पाखुरे, काठमाडौंमा पत्राचार गर्न सकिन्छ।



खेललाई आफ्नो पेसा बनाएका किरण लामिछाने ५ फिट ६ इन्च अग्ला छन्। मिलनसार स्वभावका किरण पत्रमित्रतामा रुचि राख्छन्। गहुँगोरो वर्णका किरण २० वर्षका भए। उनी मिलनसार, सहयोगी तथा मन मिल्ने साथीको खोजीमा छन्। उनलाई विराटनगर-२०, मिल्स एरिया रानी, भन्सार चौक, मोरङमा पत्राचार गर्न सकिन्छ।

# परिवर्तनको प्रतीक्षामा छिन्ताङ

धनकुटा जिल्लाको छिन्ताङ जालपादेवीको मन्दिर रहेको पवित्र तीर्थस्थल मात्र होइन, नेपाली प्रजातान्त्रिक आन्दोलनका निम्ति बिर्सनै नसकिने कारुणिक घटना आत्मसात् गरेको गाउँ पनि हो। लोकतान्त्रिक नेपालको निर्माणको सन्दर्भमा विकासमा निकै पछाडि परेको यो गाउँ अहिले परिवर्तनको सँघारमा उभिएको छ।

वि.सं. २०३६ सालयता छिन्ताङवासीहरू कात्तिक महिनाको अन्तिम सातालाई सधैंका निम्ति बिर्सन चाहन्छन्। वि.सं. २०३६ कात्तिक २५ देखि २८ गतेसम्म कृषक आन्दोलन चर्कंदा धेरै छिन्ताङवासी टुहुरा बने। धेरै महिलाको सिन्दूर पुछियो। आमाहरूका कोख रित्तियो। त्यस बेला पूरै गाउँ शोकमा डुबेको थियो। चार दिनको अवधिमा सुरक्षाकर्मीले १२ निर्दोषसहित १५ जना छिन्ताङवासीको हत्या गरेका थिए। गोली ठोकेर मारेको स्थानबाट लाससमेत उठाउन दिएनन् भन्दै आँखैअगाडि आफ्ना पितालाई ढलेको देखेका सोमबहादुर नेपाली भन्छन्- 'त्यो घटना चाहेर पनि बिर्सन सकिँदो रहेनछ।'

छिन्ताङकाण्डको पहिलो सहिदका रूपमा पति गुमाएकी खाममाया राई गहभरि आँसु पार्दै भन्छिन्- 'जुनै जोगी आए पनि काने चिरेको बराबर हाम्रा नेताहरू भगबण्डामै किचलो गरिरहन्छन्।' अहिले छिन्ताङमा सहिदहरूको सम्झनामा अर्धकदको सालिकसहित



सहिद पार्क निर्माण गरिएको छ।

छिन्ताङ धार्मिक स्थलका रूपमा पनि प्रख्यात छ। स्थानीय जालपादेवी मन्दिरमा दैनिक सयौं भक्तजनको घुइँचो लाग्छ। आइतबार बन्द रहने उक्त मन्दिरमा पूजा गर्न नेपाल, भारत र भुटानका तीर्थालुहरूको भीड लाग्नेगरेको पुजारी डगेन्द्र राई बताउँछन्। यहाँ साताभा ६ दिन साँझपख मात्र पूजा-अर्चना गरिन्छ। पुजारी राई भन्छन्- 'होमबाङमा रहेकी दिदीको बिहान ८ देखि १२ बजेसम्म पूजा गरिन्छ। त्यसपछि मात्रै जालपादेवीको।' सामान्यतया अपराह्न ५ बजे पूजा सुरु हुन्छ। होमबाङकी कान्छी बहिनी जालपादेवीलाई कुलुङ राईहरू 'ठिगुमहाइमा' अर्थात् हजुरआमाका रूप मान्छन्। पूजा सुरु गर्नुअघि पुजारीले २ किलोमिटर टाढा घरबाट तरबार बोकेर आएको दृष्य जो-कोहीलाई पनि आकर्षक लाग्छ। अन्डा, कुखुरा, परेवा, बोका, राँगाको बलि दिइने जालपादेवीको मन्दिरमा भदौ तथा वैशाख पूर्णिमामा मेला लाग्छ।

हिलेबजारबाट पाँच घण्टाको पैदलयात्रापछि छिन्ताङ पुग्न सकिन्छ। चार वर्षअघि निर्मित हिले-छिन्ताङ सडक पनि छिन्ताङ पुगीसकेको छ, तर उक्त सडकमा हिउँदमा मात्रै यातायातका साधन चल्छन्। कालोपत्रे नभएकाले वर्षायाममा हिलाम्मे सडकमा पैदलयात्री मात्र भेटिन्छन्। हिलेबाट उत्तरपानी-थलथले हुँदै छिन्ताङ पुगेर ज्यामिरे-पाङनाम-साम्मुगाउँबाट त्रिवेणीको पैदल यात्रा गर्न सकिन्छ। छिन्ताङबाट देखिने तराईका फाँटदेखि सप्तकोसीमा मिलेका दूधकोसी, सुनकोसी र तमोर नदीको संगमको दृश्य हेरिरहूँजस्तो लाग्छ,'- पैदलयात्रामा भेटिएका धराने युवक विमल मगरले बताए।

नदीहरूको सुसाइसँगै आकर्षक पहाडी हरियाली दृश्य र तराईका फाँट हेर्दै डाँडैडाँडाको यात्रा गर्दा रमेश खनालले आफूलाई निकै रोमाञ्चित अनुभव गरे। दिनभरिको हिडाइँपछि केही थकान महसुस गरे पनि कुमार राई भन्छन्- 'स्वच्छ वातावरण, हरियाली अनि गाउँ ढाक्ने कुहिरोको दृश्य हतपत हेर्न पाइँदैन।' पैदलयात्रामा निस्किएका धरानका छ जना तन्नेरी त्रिवेणीबाट सप्तकोसीको किनारैकिनार हुँदै बराहक्षेत्रको दर्शन गरी चतराबाट धरान फर्किएका थिए। राम्रा होटल तथा पर्यटकीय खान्की र स्वागतका बारेमा छिन्ताङवासीलाई तालिम दिए त्यहाँ आन्तरिक पर्यटकको ओइरो लाग्नसक्ने देवेन लिम्बु बताउँछन्।

कात्तिकदेखि फागुन महिनासम्म छिन्ताङ सुन्तलाले पहेँलपुर हुन्छ। सहिद, जालपादेवी, सुन्तला, अकबरे खोर्सानी, अदुवा र सुर्ती यहाँको परिचय नै भैसकेका छन्। अब स्थानीय बासिन्दाहरू छिन्ताङलाई पर्यटकीय नमुना गाउँमा रूपान्तरण गर्न चाहन्छन्। त्यसका निम्ति सबै शुभचिन्तक र सरकारको सहयोग अपरिहार्य भएको प्रजातन्त्र सेनानी गडुल बहादुर बताउँछन्।

**राजु घिसिङ**

# अहिलेकी सेक्सी नायिका को हुन् ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
२. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
३. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
४. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
५. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
६. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
७. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
८. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
९. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
१०. यो संसार कस्तो छ ?



खै कसरी भनौं ? आफै अञ्जान छु, पछि भनौंला ।

**विराज प्रकाश, संखुवासभा**

खै अरूले कुन नायिका चुज गर्नुहुन्छ, म त रेखा थापा नै चुज गर्छु। उनले ग्ल्यामर क्षेत्रमा अब पश्चिमी मुलुकलाई पनि माथ गर्दैछिन्।

**प्रवीण** (२०)

रेखा थापा, किनभने उनले कपडा लगाउँदा पनि उनका ९० प्रतिशत अङ्ग देखिन्छन् ।

**रञ्जित झा, सर्लाही**

त्यस्ती सेक्सी अहिलेसम्म फेला परेकी छैनन् ।

**युवराज घिमिरे** (२८), **संखुवासभा**

खासै कोही छैन तर लेख्नैपर्ने भए रेखा थापा, ऋचा घिमिरे आदि होलान्, सबैले त्यसै भन्छन् ।

**निर्मल विष्ट, काठमाडौं**

नेपालमा यतिका हिरोइन सेक्सी छन्, तैपनि तीमध्ये सबैभन्दा बढी सेक्सी रेखा थापा नै हुन् जस्तो लाग्छ ।

**अजयकुमार चौधरी, कदमाहा सप्तरी**

पुजना, अझै लुगा घटाए विदेशी साइट त कसैले हेर्दैनथे ।

**टंक तथा प्रकाश** (२३/२६) **झापा**

यसो गरौं न सम्पादकज्यू, म तपाईंसितै भेटेर कुरा गरौंला हुन्न ?

**sapna_lovelly@yahoo.com**

सबै सेक्सी नै छन् नि, के गर्नु आफू डाइरेक्टर बन्ने चान्स नै भएन त।

**विष्णु काफ्ले** (२९), **सुनसरी**

अहिलेकी सेक्सी नायिका निरुता सिंह हुन्, उनको ओठ र आँखाबाट नलोभिने मान्छे सायद छैनन् ।

**हर्षल कुशल** (१७) **काठमाडौं**

टीकापुरमा नायिकाहरू आउँदैनन् भन्ने कुरा त थाहा होला नि । भेटै नभएकाले कसरी भन्नु ? तर उषा पौडेलका ओठ र आँखा साँच्चिकै सेक्सी देखिन्छन् ।

**के.आर. निर्दोष** (१८) **टिकापुर**

सेक्सी हिरोइनको खोजी किन हँ ?

**देवेन्द्र राई** (१८)

सेक्सी नायिका रेजिना उप्रेती हुन् किनकि उनको मुस्कानले नै मेरो मुटुमा झट्का लाग्छ ।

**नवीन कार्की, दोलखा**

रेखा थापा हुनुपर्छ तर सबै नायिका सेक्सी भएकाले नै नायिका बनेका हुनुपर्छ नत्र...।

**त्रिताल नोदनाथ** (२६), **धनकुटा**

म हुँ, मिनिस्कर्ट र ओपन टप लगाए म पनि सेक्सी देखिन्छु ।

**जयराम चौधरी**

रेखा थापा, किनकि उनले तिघ्रा देखाउँदा मैले धेरै पल्ट जिब्रो टोकेको छु।

**प्रकाश थुलुङ, इलाम**

के हो सम्पादकज्यू, तपाईं अन्धो हुनुहुन्छ कि क्या हो ? अब सेक्सी नायिका पनि हामीले चिनाइदिनुपर्ने भो ?

**नवीन ढकाल** (१४), **दोलखा**

के हो सम्पादकज्यू, कुन चाहिँ प्रश्न सोध्न बाँकी छ पाठकवृन्दसँग ?

**Chy_ajay16@yahoo.com**

रेखा भाउजू, किनकि जीउमा लुगा छ कि छैन भनेर हेर्न पनि पावरवाला चश्मा नै चाहिने भो भन्या ।

**हरिन्द्र कार्की, धनकुटा**

सबै सेक्सी नै छन्, नभए त हिरोइन नै हुँदैथे नि ।

**मंगलराम थारू** (२७), **बर्दिया**

सबैले पुजना र रेखा भन्छन् तर म रञ्जना शर्मालाई सेक्सी नायिका मान्छु । उनलाई पहिरन तथा हाउभाउले नै सेक्सी देखाउँछ ।

**टीका अर्याल, स्याङ्जा**

सुटुक्क भन्छु है सम्पादकज्यू, छविजीलाई नभन्नुहोला । 'लवगुरु' क्या, उही गुरुआमा, होइन होइन गुरु नायिका । कारण सोध्नुहुन्छ भने म उहाँको ग्रेट फ्यान हुँ ।

**रोहितेश, झापा**

पहिले त रेखा थापा थिइन् तर आजकाल त उनलाई पनि माथ ख्वाउँदै ८० प्रतिशत निर्वस्त्र हुन थालेका छन् सबै नायिकाहरू ।

**शान्ता गौतम** (२५), **हल्दिबारी, झापा**

सम्पादकज्यू, हामीले चिनाइदियौं भने उम्काउने विचार छ कि क्या हो ?

**रुद्रप्रसाद दाहाल, मैनापोखरी, दोलखा**

सम्पादकज्यू, तपाईंलाई त्यति पनि थाहा छैन ? त्यही के त नाइटो देखाएर स्कर्ट लगाउने ।

**दुर्गाबहादुर माझी, रामेछाप**

को भन्नु, को नभन्नु ? अहिलेका सबै नेपाली नायिकासेक्सी छन् ।

**रक्षा पौडेल** (१६), **भीमान**

रेखा थापा हुन् । बबाल पहिरन, आकर्षक बोली र उत्तेजित अभिनय ।

**सरस्वती दनुवार**

ठ्याक्कै भन्नुपर्दा रेखा नै हुन् । किन भन्नु अब ? उनलाई र मलाई मन पर्ने पहिरन नै छोटो स्कर्ट हो ।

**रमेश रानामगर, पाल्पा**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २२ वर्षीय अविवाहित युवक हुँ । मैले विगत छ-सात वर्षयतादेखि नियमित रूपमा हस्तमैथुन गर्दै आएको छु । पहिले दिनको दुई-तीनपल्ट हस्तमैथुन गर्दै आएकोमा आजभोलि दिनको एकपटक मात्र गर्दै आएको छु । म यसलाई पूर्ण रूपमा रोक्न चाहन्छु, तर ममा अत्यधिक यौनचाहना भएकाले अश्लील चलचित्र तथा कुनै यौनजन्य चलचित्र हेर्दा त्यो चाहना अझ बढ्छ । मैले यस्तो कार्य रोक्न खोज्दा एक सातासम्म मात्र रोक्न सकेको छु । अर्को दिन त्यत्तिकै हस्तमैथुन गर्न मन लागिहाल्छ । नियमित रूपमा हस्तमैथुन गर्दा मेरो वीर्य पानीजस्तो तरल हुन्छ भने केही दिन रोकी गर्दा भने केही मात्रामा बाक्लो हुन्छ । भावी दाम्पत्य जीवनमा श्रीमतीलाई सन्तुष्टि दिन सकिँदैन कि भनेर म चिन्तित छु । सन्तान उत्पादनमा वीर्य कत्तिको बाक्लो हुनु जरुरी छ ? मेरा साथीहरू भन्छन्– बढी हस्तमैथुनले छोराको सम्भावना हुँदैन । यो कत्तिका सत्य हो ? कसरी वीर्यलाई बाक्लो बनाउन सकिएला ? वीर्यको जाँच गराउनुपर्छ कि ? हस्तमैथुनको इच्छामा कमी ल्याउने कुनै साधन वा औषधी छ कि ?**

**– आर.**

**उत्तर : किन रोक्न नसकेको होला ?**

तपाईंले भन्नुभएजस्तै किशोरावस्था तथा युवाअवस्था जुन बेलामा यौनइच्छा वा चाहना सबैभन्दा तीव्र र बढी हुन्छ । पहिले हुँदो हो त तपाईं कतिवटा सन्तानको पिता भैसक्नुभएको हुन्थ्यो । समाजमा आएका परिवर्तनहरूले हाम्रा युवाहरूको विवाह हुने उमेरलाई पछिल्तिर धकेलिदिएको छ र स्वाभाविक रूपमा यौनआनन्द पाउने (सम्भोग गर्न) बाटो नभएपछि मानिसले वैकल्पिक बाटो त रोज्ने नै भयो । हस्तमैथुन एक विकल्पका रूपमा आएको हो । यौनआनन्द पाउने उपायहरूमध्ये सबैजसोका लागि यौनअंगको घर्षण नै प्रमुख हो । यौनसम्पर्क गर्दा यौन अंगहरू एक-आपसमा घर्षण गराइन्छ । मानिसले आफ्नो यौन अंगको घर्षण अरू कसैको यौन अंगमा गराए मात्र यौन आनन्द पाउँछ भन्ने होइन । हस्तमैथुन एउटा यस्तो उपाय हो जसबाट मानिसले अन्य तरिकाबाट नै आफ्नो यौनअंगको घर्षण गराएर यौन आनन्द तथा यौन चरमसुख पनि प्राप्त गर्छ । सिद्धान्ततः सम्भोग गर्दा वा हस्तमैथुन गर्दा यौन अंगको घर्षणबाट यौन आनन्द पाउने प्रक्रिया उस्तै हो । त्यसैले यौनसम्पर्क गर्दा हानि नहुने र हस्तमैथुन गर्दा हानी हुने भन्न मिल्दैन । हस्तमैथुनकै कारणले श्रीमतीलाई सन्तुष्टि दिन नसकिने कुनै कारण छैन । हस्तमैथुन एक स्वाभाविक कुरा हो, त्यसैले यसलाई अति नै प्रयास गरेर रोक्नुपर्ने आवश्यकता देखिदैनँ ।

**वीर्य किन कहिले बाक्लो त कहिले पातलो भएको होला ?**

पुरुषको यौन उत्तेजनालई निरन्तरता दिन सकिए यौन प्रतिक्रिया चक्रको तेस्रो चरणमा चरमसुख पाउने हाराहारीमा लिङ्गबाट एक प्रकारका सेतो तरल पदार्थ निस्कन्छ जसलाई हामी वीर्य भन्छौं । एकपल्ट वीर्यस्खलन हुँदा यस्तै ३ देखि ५ मिलिलिटर (५ मिलिलिटर भन्नाले १ चियाचम्चाजति) वीर्य निस्कन्छ । यही वीर्यमा नै शुक्रकीटहरू हुन्छन् । मूत्रथैलीको मुनितिर दुईतिर वीर्य थैलीको रस नै वीर्यको मुख्य अंश (४६ देखि ८० प्रतिशत) हो भने पौरुषग्रन्थिको रस पनि पर्याप्त मात्रामा (१३ देखि ३३ प्रतिशत) हुन्छ । अण्डकोष तथा इपिडिडाइमिस (अण्डकोषसँगै जोडिएको एक भाग) बाट आउने रसको मात्रा यस्तै ५ प्रतिशत हुन्छ भने मूत्रनलीका अन्य ग्रन्थिबाट आउने रसको मात्रा त्योभन्दा पनि कम । वीर्यको रंग सामान्यतया सेतो हुने भए पनि हल्का पहेँलो वा खरानी रंगको पनि हुनसक्छ । यो क्रिम जस्तै र केही च्यापच्यापे प्रकृतिको हुन्छ । रासायनिक दृष्टिले हेर्ने हो भने यसमा पानी, श्लेष्म तथा शुक्रकीटको पोषण एवं वातावरण सुव्यस्थित गर्न आवश्यक थुप्रै रसायन हुन्छन् ।

सामान्यतया वीर्य स्खलन हुनासाथ यो केही बाक्लो हुन्छ र केही बेरपछि नै पातलिने क्रम सुरु हुन्छ । व्यक्ति-व्यक्तिअनुसार फरक-फरक हुने मात्र होइन, एउटै व्यक्तिको वीर्य पनि एकैनासको निस्कँदैन । वीर्यको बाक्लोपनमा विविधता आउने अनेक कारण हुन्छन् । भोजनमा भएको परिवर्तन, व्यायाम, कसरत वा शारीरिक श्रम वा अण्डकोष वा यौनाङ्गमा पर्ने पहिरन लगाइँदा हुने कसिलोपनमा परिवर्तन । भर्खरै वीर्यस्खलन भएको छ भने पनि त्यसपछिको वीर्यको बाक्लोपन फरक हुनसक्छ । यसरी हल्का रूपमा वीर्यको बाक्लोपनमा हुने परिवर्तनहरू खासै गम्भीर प्रकृतिका हुँदैनन् । कुनै किसिमका संक्रमण वा मूत्रनलीका अन्य श्रावले पनि वीर्यको बाक्लोपनलाई परिवर्तन गरिदिन सक्छ । पिसाब पोल्ने वा दुख्ने अनि मूत्रनलीबाट श्राव आउनु अन्य रोगका लक्षण हुनसक्छन् ।

**के हस्तमैथुन गरे छोरा हुँदैन ?**

यी क्रोमोजोममध्ये सन्तानको लिङ्ग निर्धारण गर्ने क्रोमोजोमलाई सेक्स क्रोमोजोम भनिन्छ र यो ह र थ गरेर दुई थरीका हुन्छन् । पुरुषको शुक्रकीटमध्ये कुनै ह क्रोमोजोम भएका हुन्छन् भने कुनै थ क्रोमोजोम भएका, तर महिलाको डिम्बमा जहिले पनि ह क्रोमोजोम मात्र हुन्छन् । यस्तो स्थितिमा ह क्रोमोजोम भएका शुक्रकीटको ह क्रोमोजोम भएको डिम्बसँग मिलन हुँदा छोरी जन्मन्छ भने थ क्रोमोजोम भएका शुक्रकीटको ह क्रोमोजोम भएको डिम्बसँग मिलन हुँदा छोरा जन्मन्छ । कुनै यौनसम्पर्कपछि गर्भ रहने क्रममा, डिम्ब ह वा थ मध्ये कुनै पनि शुक्रकीटले निषेचित गर्न सक्ने भएकाले कुनै जोडीबाट गर्भधारण गर्दा छोरा वा छोरी दुवै पाउन सक्ने सम्भावना हुन्छ । हस्तमैथुनका कारण छोरा नहुने भन्ने कुरामा सत्यता छैन ।

**कसरी कम गर्ने ?**

शारीरिक रूपमा धेरै परिश्रम पर्ने किसिमको काम वा खेलकुदहरू, यौन उत्तेजना नहुने प्रकारका साहित्य पढ्ने वा आफ्नो सौखको अन्य विषयमा प्रशस्त समय दिनेजस्ता क्रियाकलाप गरेर पनि हस्तमैथुनलाई कम गर्न सकिन्छ । एकान्त वा हस्तमैथुन गर्न पायक पर्ने ठाउँमा सकभर नबस्ने प्रयास गर्नुपर्छ । बरु सक्दो अन्य व्यक्तिहरूको माझमा समय बिताउने बानी बसाउन सके हस्तमैथुन गर्न पायक पर्दैन । यस्ता उपायले हस्तमैथुन गर्ने बानीमा कमी ल्याउन सकिन्छ । विवाहपछि नियमित यौनसम्पर्क गर्ने अवसर पाइने भएकाले यो क्रियाकलापमा स्वाभाविक रूपमा कमी आउँछ ।

# कास्कीमा महिलाहरूबीच कडा प्रतिस्पर्धा

**शिव शर्मा**

पोखरा- कास्की जिल्लामा पनि संविधानसभा निर्वाचनको तामझाम सुरु भैसकेको छ। निर्वाचनको प्रचार-प्रसारमा नेतादेखि कार्यकर्तासम्म सबै जुटिसकेका छन्। सहरमा केन्द्रित नेताहरू यतिबेला आफ्नो पक्षमा मत बटुल्न गाउँ-गाउँ चहारिरहेका छन्। यद्यपि गाउँघरमा विगतमा जस्तो निर्वाचनप्रति चासो र सरोकार राख्नेहरूको संख्या उति देखिँदैन। चुनाव आयो नेता गाउँ पस्दै छन् भन्ने छाप गाउँवासीमा परेको छ। नेताहरू यतिखेर विभिन्न नयाँ नारा लिएर घरदैलो कार्यक्रममा व्यस्त देखिन्छन्। तीन निर्वाचनक्षेत्र रहेको कास्की जिल्लामा यसपटक निर्वाचनक्षेत्र संख्या चार पुगेको छ। अघिल्लो संसदीय निर्वाचनमा नेपाली कांग्रेसले तीनवटै निर्वाचनक्षेत्रमा कब्जा जमाएको थियो, तर यस पटक भने निर्वाचनको परिणाम कसको पोल्टामा पर्ने हो यकिन भन्न सकिने अवस्था छैन।

माओवादीसहित अन्य नयाँ दलहरू पनि चुनावी मैदानमा खडा भएकाले बलियो दलका रूपमा चिनिएका एमाले र कांग्रेसको मत पनि बाँडिने सम्भावना बढेर गएको छ। त्यसैले पनि कांग्रेस र एमाले चुनावी मैदानमा विजय हासिल गर्न धेरै कसरत गर्नुपर्ने देखिन्छ। कास्कीमा १५ दलका कुल ५७ जनाले उम्मेदवारी दर्ता गराएका छन्। दलित जनजाति, स्वतन्त्र आदि विभिन्न तह र तप्काका व्यक्तिहरू निर्वाचनमा भिड्दै छन्। समग्र रूपमा कास्कीको चुनावी अवस्था हेर्दा कांग्रेस, एमाले र माओवादीबीच नै प्रतिस्पर्धा हुने देखिएको छ। कास्कीको क्षेत्र नम्बर ३ बाट एमालेका युवानेता रवीन्द्र अधिकारी बलियो उम्मेदवार मानिएका छन्। यस क्षेत्रमा ६८ हजार ८ सय ५२ मतदाता छन्।

लोकप्रियता र सांगठनिक स्थिति हेर्ने हो भने अधिकारीको पकड यो क्षेत्रमा बलियो देखिन्छ। उता कांग्रेसले यो क्षेत्रमा महिला उम्मेदवारका रूपमा वृन्दा रानालाई उठाएको छ। लोकप्रियताका हिसाबले महिला उम्मेदवार वृन्दा रानाको क्षमतालाई पनि कमजोर मान्न सकिँदैन। उनी जनजाति महिलासँगै सामाजिक कार्यकर्ताका रूपमा पनि परिचित छिन्। माओवादीले भने झलकपाणि तिवारीलाई मैदानमा उतारेको छ। त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले हरि बराललाई तथा जनमोर्चा नेपालले महिला उम्मेदवार निर्मला सुवेदीलाई उठाएको छ।

एचआईभीको क्षेत्रमा काम गर्ने मनोज गुरुङले यो क्षेत्रमा स्वतन्त्र उम्मेदवारी दिएका छन्। यद्यपि यो क्षेत्रमा कांग्रेस र एमालेकै बीचमै मुख्य प्रतिस्पर्धा हुने अनुमान छ। अघिल्लो निर्वाचनमा कांग्रेसका प्रकाशबहादुर गुरुङ यही क्षेत्रबाट विजयी भएका थिए। अहिले कांग्रेसकै पक्षमा परिणाम आउन मुस्किल छ भन्नेहरूको पनि कुनै कमी छैन।

अघिल्लो निर्वाचनमा समेत विजय हासिल गरेका नेपाली कांग्रेसका प्रकाशबहादुर गुरुङको उम्मेदवारी यसपटक कास्कीको क्षेत्र नम्बर ४ बाट परेको छ। जनजातिमाझ लोकप्रिय गुरुङको यो गृहक्षेत्र पनि हो। यस क्षेत्रमा उनको पक्षमा जनमत सिर्जना गर्नेहरूको कमी देखिँदैन। धेरैजसो गाउँमा कांग्रेसका मतदाताहरूको बाहुल्यता रहेकाले एमालेका तर्फबाट उम्मेदवार बनेकी सीता गिरीले आफ्नो पक्षमा जनमत सिर्जना गर्न ठूलै कसरत गर्नुपर्ने देखिन्छ। यद्यपि महिलाका रूपमा गिरीको शक्ति पनि मजबुत देखिन्छ। महिला राजनीतिमा उनको स्थान कास्कीमै उच्च छ। पोखरा उप-नगरपालिका पनि यस क्षेत्रअन्तर्गत परेको र कांग्रेसकै बाहुल्यता भएकाले पनि कांग्रेस यस क्षेत्रमा बलियो देखिएको हो। यो क्षेत्रमा मतदाताको संख्या ८६ हजार २ सय ३३ छ।

कास्कीको क्षेत्र नम्बर १ मा भने त्रिपक्षीय भिडन्त हुने सम्भावना छ। यो सबैभन्दा बढी ८९ हजार ४ सय ८३ मतदाता संख्या रहेको निर्वाचनक्षेत्र हो। १४ गाविससहित एक नगरपालिका रहेको यस क्षेत्रमा कुन पक्ष विजय हुने हो, सजिलै भन्न सकिने अवस्था छैन। ०५१ को निर्वाचनमा यो क्षेत्रबाट एमालेका खगराज अधिकारीले कांग्रेसका तारानाथ रानाभाटलाई पराजित गरेका थिए। दोस्रो पटक अर्थात् ०५६ को निर्वाचनमा एमाले विभाजनका कारण कांग्रेसका तारानाथ रानाभाट विजयी भएका थिए। यस पटक पनि एमालेले उही पुरानो अनुहारलाई उठाएका कारण एमालेको शक्ति यस क्षेत्रमा कमजोर देखिएको बताउन थालिएको छ। यस क्षेत्रमा कांग्रेसले यज्ञबहादुर थापालाई नयाँ उम्मेदवारका रूपमा उभ्याएको छ। यो क्षेत्रमा परिणाम कसको पक्षमा जाने हो अहिले नै केही भन्न सक्ने अवस्था देखिँदैन।

थापाको शक्ति भने यस क्षेत्रमा केही बलियो देखिन्छ। माओवादीले यो क्षेत्रमा पार्टीका केन्द्रीय सदस्य तथा स्थानीय विकास मन्त्री देव गुरुङलाई उम्मेदवार बनाएको छ। गुरुङ समुदायको बाहुल्य रहेको क्षेत्रमा जातीय आधारमा पनि उनको पक्षमा धेरै मत जाने सम्भावना छ। यसरी जाने मतले एमालेलाई ठूलो धक्का दिने चर्चा गरिन्छ। यद्यपि गुरुङ स्थानीय बासिन्दा नभएकाले स्थानीय उम्मेदवारलाई नै विजयी बनाउनुपर्छ भन्ने पक्षको पनि कमी छैन। गुरुङले मनाङबाट पनि उम्मेदवारी दिएका छन्। देव गुरुङको शक्तिलाई कमजोर मान्ने अवस्था बिल्कुलै देखिँदैन। यही निर्वाचनक्षेत्रबाट उम्मेदवारी दिएका जनमोर्चाका राजेन्द्र सापकोटा तथा राष्ट्रिय प्रजातान्त्र पार्टीका नन्दबहादुर गुरुङको प्रभाव भने केही कम छ।



कास्कीको क्षेत्र नम्बर २ को चुनावी वातावरण भने अलि बेग्लै छ। पाँच गाविस र नगरपालिकाको १० वटा वडा रहेको यो निर्वाचनक्षेत्रमा ७२ हजार ६७ मतदाता छन्। कांग्रेस, एमाले, माओवादी, राप्रपा र जनमोर्चाले यस क्षेत्रमा बलिया उम्मेदवारलाई अघि सारेका छन्। कांग्रेसकी शारदा पौडेल, एमालेकी गजकुमारी गुरुङ दुवैले राम्रै छाप छाडेका छन्। पूर्व जिविस सभापति समेत भैसकेका कमलमान गुरुङ पनि परिचत अनुहार हुन्। जनमोर्चाका सन्तबहादुरको प्रभाव भने सामान्य छ। गुरुङ समुदायबाट तीन जनाको उम्मेदवारी परेकाले मत बाँडिएर कांग्रेसलाई फाइदा पुग्ने स्थानीय मतदाता तथा कांग्रेस कार्यकर्ता विश्व घिमिरे बताउँछन्। माओवादी नयाँ दलका रूपमा स्थापित भएर चुनावी मैदानमा उत्रिएपछि कास्कीमा निर्वाचनको परिणाम एउटै दलको पक्षमा आउने संकेत देखिँदैन।

**महिला उम्मेदवारको उत्साह बेग्लै**

कास्कीको निर्वाचन प्रचार-प्रसारमा महिलाहरू बढी उत्साही ढंगले जुटेका छन्। कास्कीका चार निर्वाचनक्षेत्रमध्ये कांग्रेस र एमालेले दुई र माओवादीले एउटा क्षेत्रमा महिलालाई उम्मेदवार बनाएका छन्। 'देशभरि निराशाजनक स्थिति भए पनि कास्कीमा महिलाहरूलाई प्राथमिकता दिएकोमा खुसी छौं,' निर्वाचनक्षेत्र नम्बर २ बाट कांग्रेसकी उम्मेदवार शारदा पौडेलले भनिन्- 'यो आममहिलाका लागि हर्षको कुरा हो।' कांग्रेसले पौडेलका अतिरिक्त क्षेत्र नम्बर ३ बाट वृन्दा राना, एमालेले क्षेत्र नम्बर २ बाट गजकुमारी गुरुङ र क्षेत्र नम्बर ४ बाट सीता गिरीलाई उम्मेदवार बनाएको छ। त्यस्तै माओवादीले क्षेत्र नम्बर ४ बाट दुर्गा विकलाई उम्मेदवार बनाएको छ।

सबैभन्दा बढी महिला उम्मेदवार क्षेत्र नम्बर २ बाट पाँच जना छन् जहाँ कांग्रेस र एमालेका महिला उम्मेदवारले एक-अर्काका मुख्य प्रतिस्पर्धी हुन्। नेकपा एकीकृतकी सीतादेवी अधिकारी, स्वतन्त्र माया कुँवर तथा राष्ट्रिय जनमोर्चाकी थममाया क्षेत्री पनि यही क्षेत्रबाट उम्मेदवार भएका छन्।


क्षेत्र नम्बर ३ मा कांग्रेसकी वृन्दाले एमालेका युवा नेता रवीन्द्र अधिकारी तथा माओवादीको झलकपाणि तिवारीसँग प्रतिस्पर्धा गर्नुपर्ने भएको छ। यही क्षेत्रमा जनमोर्चा नेपालबाट निर्मला सुवेदी पनि प्रतिस्पर्धामा उत्रिएकी छिन्। पूर्व सहायक मन्त्री कांग्रेसका प्रकाशबहादुर गुरुङको प्रतिस्पर्धामा पनि महिलाहरू नै छन्। एमालेबाट सीता र माओवादीबाट दुर्गाले गुरुङसँग प्रतिस्पर्धा गर्दैछन्। कास्कीका चार निर्वाचनक्षेत्रका ३८ उम्मेदवारमध्ये ९ जना महिला छन्।

'यो हाम्रो लागि उत्साहको कुरा हो,' एमालेकी उम्मेदवार सीता गिरी भन्दै थिइन्- 'यो समानताको पहिलो यात्रा हो।' कांग्रेसका शुक्रराज शर्मा र एमालेका तुलबहादुर गुरुङले टिकट नपाउँदा असन्तुष्टि बढेको कास्कीमा महिला उम्मेदवारका कारण उत्साह बढेको छ। दलहरूले सुरु गरेको आन्तरिक रणनीतिसँगै जनताको घरदैलो कार्यक्रमबाट यहाँ निर्वाचनको वातावरण तात्न थालेको छ।

# बारामा निर्वाचन प्रचार तीव्र

**उपेन्द्र लामिछाने**

संविधानसभाको निर्वाचन नजिकिँदै जाँदा दलहरूले बारा जिल्लामा निर्वाचन प्रचार-प्रसारमा तीव्रता ल्याएका छन्। सात राजनैतिक दलका कार्यकर्ताहरू निर्वाचन प्रचारमा पहिल्यैदेखि होमिए पनि तराईका दलहरू भने फागुन २३ गतेको उम्मेदवारी मनोनयनसँगै निर्वाचन प्रचारमा जोडतोडका साथ भिडेका छन्। आफ्नो पक्षका उम्मेदवारका लागि भोट माग्न नेता-कार्यकर्ता जनताको घरदैलोमा धाउन थालेका छन्। महिलाहरू नानी च्यापेर समेत संविधानसभाको निर्वाचन प्रचारमा जुटेका छन्।



मधेस आन्दोलनपछि बारा जिल्लाको राजनैतिक समीकरण पनि प्रभावित भएको छ। कुन दलले कहाँ जित्छ भन्ने अनुमान गर्न सबैलाई गाह्रो भैरहेको छ। ६ वटा निर्वाचन क्षेत्र रहेको यो जिल्लामा विभिन्न दल र स्वतन्त्र गरी १ सय ३३ जना उम्मेदवार चुनावी मैदानमा छन्।

निर्वाचन प्रतिस्पर्धामा माओवादीले बारा क्षेत्र नम्बर १ मा शम्भु मण्डल, २ मा शिवचन्द्र कुशवाह, ३ मा शिला यादव, ४ मा सोनालाल साह, ५ मा तपेश्वर चौधरी तथा ६ मा जयराम दाहाललाई उम्मेदवार बनाएको छ। सबै समुदायलाई समेट्ने हिसाबले उम्मेदवारी दिएका कारण आफ्नो दलप्रति सबैको आकर्षण बढेको माओवादीले जनाएको छ।

त्यसैगरी नेकपा एमालेले पनि पूर्णरूपमा निर्वाचन अभियानमा होमिएको बताएको छ। गाउँ-गाउँमा गएर स्थानीय जनतामाझ अन्तर्क्रिया थालेको एमालेले जनाएको छ। एमालेले पनि संविधानसभाको निर्वाचनका लागि सबै जात-जातिलाई समेटेर लगेको छ। एमालेले क्षेत्र नम्बर १ मा छटुप्रसाद यादव, २ मा राजेन्द्रप्रसाद कलवार, ३ मा श्रीप्रसाद पासवान, ४ मा महमुद आलम, ५ मा बलवीरप्रसाद चौधरी तथा ६ मा पुरुषोतम पौडेललाई उम्मेदवार बनाएको छ।

त्यस्तै नेपाली कांग्रेसले दलका कार्यकर्ताहरूलाई संविधानसभाका बारेमा जानकारी दिलाउनुका साथै निर्वाचन अभियान अघि बढाएको बताएको छ। कांग्रेसले क्षेत्र नम्बर १ मा रामअयोध्या यादव, २ मा राधेचन्द्र यादव, ३ मा ऋषिकेश गौतम, ४ मा फरमुल्ला मन्सुर, ५ मा उमाकान्त चौधरी तथा ६ मा मधु साहीलाई उम्मेदवार बनाएको छ।



सरकारसँगको सहमतिपछि तराईका आन्दोलनरत दलहरूलाई पनि चुनाव लागेको छ। मधेसका दलहरूबीच केन्द्रीय रूपमा चुनावी तालमेल नमिलेका कारण स्थानीय तहमा केही समस्यासमेत आइपरेको छ।


जिल्लामा मधेसी जनअधिकार फोरमले क्षेत्र नम्बर १ मा रामबाबु यादव, २ मा बच्चाप्रसाद यादव, ३ मा प्रमोदप्रसाद गुप्ता, ४ मा सानीमैया ठकुराई, ५ मा रामेश्वर जैसवाल, ६ मा दिनेश पटेललाई उम्मेदवार बनाएको छ। सरकारसँगको ८ बुँदे सम्झौतालाई आफ्नो ऐतिहासिक जित भएको बताउने फोरमले त्यसलाई संस्थागत गर्न संविधानसभाको निर्वाचनमा भाग लिन जनतासमक्ष आग्रह गरेको छ। 'संविधानसभाको निर्वाचनबाट मधेसका हक-अधिकार सुनिश्चित हुन्छ', बुद्धिजीवी फोरमका केन्द्रीय अध्यक्ष उमेशलाल दासले भने- 'त्यसैले सबै मधेसी जनता चुनावी अभियानमा होमिएका छन्।'

महन्थ ठाकुर अध्यक्ष रहेको तराई-मधेस लोकतान्त्रिक पार्टीले पनि जिल्लाका ६ मध्ये ४ क्षेत्रमा उम्मेदवारी दिएको छ। तमलोपाले क्षेत्र नम्बर १ मा जितेन्द्रसिंह, २ मा प्रयाग यादव, ३ मा कृतराम कुम्हाल तथा ४ मा जितेन्द्र सोनललाई आफ्नो उम्मेदवार बनाएको छ। त्यसैगरी नेपाल सद्भावना पार्टी (महतो) समूहले पनि जिल्लाका विभिन्न क्षेत्रमा आफ्ना उम्मेदवार उठाएको क्षेत्र नम्बर ४ का उम्मेदवार गणेशप्रसाद साहले बताए।

बारा जिल्लामा अन्य साना दलहरू पनि अभियानमा जुटेका छन्। उनीहरूले सबै क्षेत्रमा आफ्ना उम्मेदवार नउठाए पनि जित-हारमा आफ्नो दलको भूमिका निर्णायक हुने बताएका छन्। जिल्लामा नेमकिपाका तर्फबाट क्षेत्र नम्बर ३ र ५ मा क्रमशः रेन्जु साह र राजेशप्रसाद यादवले उम्मेदवारी दिएका छन्। त्यसैगरी राष्ट्रिय जनमोर्चाका तर्फबाट क्षेत्र नम्बर ३ मा प्रमोदकुमार मण्डल, ४ मा नन्दराम तथा क्षेत्र नम्बर ६ बाट कर्ण थापाले उम्मेदवारी दिएका छन्। वाममोर्चाका तर्फबाट क्षेत्र नम्बर ३ बाट महमदअलि मंसुरले उम्मेदवारी दिएका छन्।


## जन्मदिनको शुभकामना



ओजस्वीसिंह विष्ट
२०६० चैत १८



लिजः सिखाकार
२०५९ चैत १९


निल्मा राई
२०५५ चैत २०


अञ्जन पौडेल
२०६३ चैत २१


निदेश पाण्डे
२०५५ चैत १७


सन्दीप निरौला
२०६० चैत १९


प्रजुशा बस्नेत
२०६३ चैत १९


स्वप्निल आरडी
२०५९ चैत २०


रिजन पुरी
२०६० चैत १९


आश्मा गुरुङ
२०६३ चैत १५



## जन्मदिनको शुभकामना

नाम :.........................................................

जन्म मिति :.........................................................

स्कुल :.........................................................

ठेगाना : .........................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।